CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

१३३ पूर्णाङ्क

विशालता कि संकीर्णता १-१७

ङतपिथ्या १८-२६

नेवारराज्यमा ब्राह्मण - नरदेवीका भट्टसम्बन्धी २ वटा लिखत २७-५७

नेवारराज्यमा ब्राह्मण - नरदेवीका भट्टहरूको विषयमा ५८-६९

काशिकराजकीयसंस्कृतपाठशालाको पुरानो खालको प्रमाणपत्रको विषयमा ७०-७९

२६ वर्षको उमेरमा नयराज पन्तले लेखेका २ कविता ८०-८१

श्री ३ जुद्धको खड्गनिशाना पर्सिभ्ल ल्यान्डनको गल्ती सच्याउन ८२-८६

संशोधन-मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का.मे.अ.द.नं १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

– बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ भूट्ये गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

३४ वर्ष

१ अङ्क

सम्पादक –
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक –
दिनेशराज पन्त
(संशोधन-मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. २००।-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बिक्रीमा भएका हाम्रा कृति

१.	अभिलेख-संग्रह	२००।-
२.	आदर्श, अ सप्लिमन्ट्टु पूर्णिमा, द जर्नल् अफ् द संशोधन-मण्डल (१-२ सङ्ख्या)	५५०।-
३.	इतिहास-संशोधन	४००।-
४.	इतिहास-संशोधनहरूको अभिनन्दन-ग्रन्थ	५।-
५.	इनेप्ट् स्पेसइमिन् ?	२०।-
६.	कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्या (१-२ सङ्ख्या)*	५०।-
७.	गोरखाको इतिहास (१-४ भाग)	५००।-
८.	त्रिकोणमिति	२५।४०
९.	दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेको धूपघडी	१००।-
१०.	धादिङ्मा फेला परेका नेपाली कविता	७५।-
११.	नयराज पन्तलाई चिनाउनको लागि	२५।-
१२.	नेपालको संक्षिप्त इतिहास	१२५।-
१३.	नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्य	५।-
१४.	पञ्चाङ्ग-संशोधन	१००।-
१५.	पं. गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति	१६।४०
१६.	पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा	८०।-
१७.	पूर्णिमा (१-१०, ३३ पूर्णाङ्क) फोटोकपीमा	१०००।-
१८.	पूर्णिमा (११-३२, ३४-१३३ पूर्णाङ्क)	५१३८।-
१९.	प्राचीन र नवीन गणितको तुलना	१५।-
२०.	बुद्धिविनोद-प्रश्नावली र त्यसको उत्तर	५०।-
२१.	रत्नदीप	२।५०
२२.	रत्नदीप १ भाग	१०५।-
२३.	रत्नदीप २ भाग	९२।-
२४.	राजीवलोचन जोशीका बराज्यू दामोदर जोशी	७५।-
२५.	लिच्छवि-संवत्को निर्णय	१००।-
२६.	विद्या-रक्षा	१००।-
२७.	विश्रान्ति	८२।-
२८.	वृत्तशतक	३।-
२९.	व्याकरण-संशोधन	४५।-
३०.	श्री ३ महाराज पद्मशमशेरका कुरा	१२।-
३१.	सावधान-पत्र	१२५।-
३२.	हाम्रो उद्देश्य र कार्यप्रणाली	१००।-
३३.	हिन्दू सिद्धान्तज्यौतिष र ग्रीक सिद्धान्तज्यौतिषको तुलना	२९।-
३४.	ह्वट् डिड् अंशुवर्मन् राइट् ?	४०।-

* यसको पहिलो सङ्ख्या फोटोकपीमा छ।

हाम्रा कृति पाइने ठेगाना

संशोधन-मण्डल
२७ डल्लुआवासमार्ग, काठमाडौँ, नेपाल
फोन नं. ४६७०३८०, ४३०१०२५

११६ पावनगल्ली, धुम्बाराही, काठमाडौँ, नेपाल
फोन नं. ४४३५७४९, ९८४९२२१६४२
ई-मेल – samshodhanamandala@yahoo.com
पो.ब.नं. ४१६६, काठमाडौँ, नेपाल

साझा प्रकाशनका सबै पसलमा

हिमालयन बुक सेन्टर
रेडक्रस बिल्डिङ, बागबजार
पो.ब.नं. १३३९, काठमाडौँ, नेपाल
फोन नं. ४२४२०८५

वज्र बुक शप
ज्याठाटेल
पो.ब.नं. २१७७९, काठमाडौँ, नेपाल
फोन नं. ४२२०५६२

रत्न बुक डिष्ट्रिब्यूटर्स
७१ क ब्याङ्कमार्ग, बागबजार
पो.ब.नं. ९८, काठमाडौँ, नेपाल
फोन नं. ४२४२०७७, फ्याक्स नं. ४२४८४२१

रत्नपुस्तकभण्डार
ग्रीन हाउस २७१, माइतीघर, काठमाडौँ, नेपाल
फोन नं. ४२४०८५०

पाटन बुक शप
पाटन ढोका, ललितपुर, नेपाल
फोन नं. ५५५५२५६

बुक प्यारडाइस
जमल, काठमाडौँ, नेपाल
फोन नं. ४२३३४५६, ४३३१०६३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विशालता कि संकीर्णता

– नयराज पन्त

[

उपन्यास

१. संस्कृतमा महीनामहीनामा निकालिने *संस्कृत-सन्देश*बाट ईप्सित लाभ नभएर होला, त्यसलाई वि.सं. २०११ को उत्तरार्धमा अकाण्डमै तुहाएर नरहरिनाथ (वि.सं. १९७१-२०५९)*इतिहासप्रकाश* भन्ने नाउँले वि.सं. २०१२ देखि नेपालीमा पत्रिका निकाल्न कस्सिए । त्यसको लागि उनले बाबुराम आचार्य (वि.सं. १९४४-२०२९)लाई अध्यक्ष, नरप्रतापसंसेर थापालाई मन्त्री, मैत्रदेव पाठकलाई कोषाध्यक्ष, केसरबहादुर के.सी. र भरतबम मल्ललाई संरक्षक र अरू १३ जनालाई सदस्य बनाई इतिहास-प्रकाश-मण्डल भन्ने नाउँले संस्था पनि खडा गरे । उनी आफूचाहिँ *इतिहास-प्रकाश*को सम्पादक भए ।

*संस्कृत-सन्देश*का पछिपछिका अङ्क त नयराज पन्त (वि.सं. १९७०-२०५९) र उनका शिष्यप्रशिष्यहरूका लेखले भरिएको मात्र नभई त्यस पत्रिकाको दोस्रो वा अन्तिम वर्षमा त उनका, त्यसै वेला नामुद भइसकेका, २ जना चेला —धनवज्र वज्राचार्य (वि.सं. १९८८-२०५१) र ज्ञानमणि नेपाल (वि.सं. १९८९)— पनि त्यस पत्रिकाको सम्पादकमण्डलमा भए जस्तो *इतिहास-प्रकाश*मा भने प्रत्यक्ष वा परोक्ष रूपले उनी लागेका थिएनन् । तैपनि पूर्वसम्बन्धले गर्दा उनले हार्न सकेनन् र उनको यही लेख त्यस पत्रिकाको पहिलो अङ्क (७५-७७ पृष्ठ)मा छापियो । त्यसै गरी मानदेवको चाँगुको स्तम्भलेखमा कुँदिएको लिपिमा *इतिहास-प्रकाश*को मुखपृष्ठमा छापिएको, **श्रीः इतिहास प्रकाश** लेख्ने काम उनका चेला शङ्करमान राजवंशी (वि.सं. १९८१-२०५६)ले गर्नुपर्‍यो ।[१]

२. नरहरिनाथ राम्रो सम्पादन गर्ने वा प्रूफ हेर्ने खालका मान्छे नभएकाले नयराज पन्तको यस लेखमा पनि प्रूफका अशुद्धि बग्रेल्ती छन् ।[२] पदयोग र पदवियोगको पनि खयाल त्यति राखिएको छैन, थुप्रै ठाउँमा त शब्दपछि लगत्तै आएको धातुसुद्धा पनि जोडिएर छापिन पुगेको छ । कहीँ कहीँ त कण्डिकासुद्धा पनि छुट्टिएको छैन । हुँदा हुँदा कुन मूल लेख हो र कुन टिप्पणी हो भन्ने कुरा पनि यस लेखमा छुट्टिँदैन । केही त नरहरिनाथको लेखनशैलीबाट पनि भेद हुन गएको छ । त्यसका उदाहरणको रूपमा पायेको र साह देखाउन सकिन्छ । यसैले पनि यस लेखको जति चर्चा हुनुपर्थ्यो, त्यति चर्चा नभएको हो कि जस्तो मलाई लागेकोले यो फेरि छपाइएको छ ।

---

१. शङ्करमान राजवंशीले गरेको यस कामको श्रेय उनलाई दिन पनि नरहरिनाथले निकै गाह्रो मानेको मैले बिर्सेको छैन । नयराज पन्तले वारंवार आग्रह गरेकाले मात्र वि.सं. २०१२ वैशाख १ गतेको मितिमा छापिएको *इतिहासप्रकाश* १ अङ्कमा पछाडिको गाताको बाहिरपट्टि यस्तो

(मुखपत्रको 'श्रीः इतिहास प्रकाश' दोलाशिखरस्वामी = गरुडनारायण = चाँगुनारायणका गरुडध्वजको मानदेवका लिपिको प्रतिलिपिकलाकार शङ्करमान राजवंशी)

छपाउन उनी विवश भए ।

२. नरहरिनाथको सम्पादनको तहबारे दिनेशराज पन्त (२०५४:१३८)ले र मैले (महेशराज पन्त २०५८:६२-६३) अलिकति लेखेका छौँ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३. ५५ वर्षभन्दा अगाडि छापिएको यस लेखमा सुधार गर्नुपर्ने कुरा केही नभएका होइनन् । उदाहरणको लागि द्वितीय जयदेवको पशुपतिको शिलापत्रकै मितिको कुरा गरौँ । त्यसको मिति यस लेखमा **वि.सं. ७९२** लेखिए पनि त्यो **वि.सं. ७९०** को हो भन्ने ठहर भइसकेको छ ।[३] त्यसै गरी मानदेवको चाँगुको स्तम्भलेख **वि.सं. ५२१** को, उनकै वामनमूर्तिको अभिलेख **वि.सं. ५२४** को र अंशुवर्माको एउटा शिलापत्र **वि.सं. ६६५** को भनी यस लेखमा लेखिएकोमा ती ती अभिलेखका संवत् कार्तिकादि भन्ने निर्णय भइसकेकोले[४] तिनलाई वि.सं. मा परिवर्तन गर्दा तिनका संवत् क्रमशः **वि.सं. ५२२, ५२५ र ६६६** हुन जान्छन् । त्यसो भए पनि यस लेखले जुन सन्देश दिएको छ, त्यो अहिलेको नेपालको सन्दर्भमा पनि त्यत्तिकै मननीय छ ।

४. यस लेखमा प्रतिपादन गरिएको विषयवस्तुमा पनि थप प्रमाण जुटाउन नसकिने होइन । उदाहरणको लागि **बौद्ध** भनी कहलिएको पालवंशकै कुरा गरौँ । पाल राजाहरूले आफ्ना अभिलेखमा मङ्गलाचरण नै बौद्ध देवताको स्तुतिद्वारा गर्ने हुनाले[५] उनीहरू **बौद्ध** होइनन् भनी भन्न सकिँदैन । तर आफ्नी पटरानीले ब्राह्मण पण्डितको मुखबाट *महाभारत* सुन्दा भगवान् बुद्ध भट्टारकलाई लख गरी राजा मदन पालले ती पण्डितलाई गाउँ दान गरेर दिएको पढ्दा[६] पालहरूलाई **बौद्ध** मात्र भन्दा अव्याप्तिदोष लाग्न सक्छ कि जस्तो मलाई लाग्छ ।

---

३. महेशराज पन्त २०१९:२३-२६ ।

४. नयराज पन्त २०४३:९, ९५-९६ ।

५. उदाहरणको लागि धनवज्र वज्राचार्य २०१९ मूलभाग:७६, ७७-७८ हेर्नू ।

६. **[...] श्रीरामावतीनगरपरिसरसमावासितश्रीमज्जयस्कन्धावारात् । परमसौगतो महाराजाधिराजः श्रीरामपालदेवपादानुध्यातः परमेश्वरः परमभट्टारको महाराजाधिराजः श्रीमन्मदनपालदेवः कुशली ।। पौण्ड्रवर्द्धनभुक्तौ कोटीवर्षविषये हलावर्त्तमण्डले कोष्ठगिरि [सं विंशत्या दधिकोपेत सकैवद्युर्ध्व सारद्धारज्वाके (?)] विंशतिकायां भूमौ । समुपगताशेषराजपुरुषान् [...] अन्यांश्चाकीर्त्तितान् राजपादोपजीविन(:) प्रतिवासिनो ब्राह्मणोत्तरान् महत्तमोत्तमकुटुम्बीपुरोगमचण्डालपर्य्यन्तान् यथार्हं मानयति बोधयति समादिशति च विदितमस्तु भवतां ।। यथोपरिलिखितोयं ग्रामः ।। [...] भूमिच्छिद्रन्यायेन आचन्द्रार्कं क्षितिसमकालं मातापित्रोरात्मनश्च पुण्ययशोभिवृद्धये कौत्ससगोत्राय शाण्डिल्यासितदेवलप्रवराय पण्डितश्रीभूषणसब्रह्मचारिणे सामवेदान्तर्गतकौथुमशाखाध्यायिने चम्पाहिट्टीयाय चम्पाहिट्टीवास्तव्याय वत्सस्वामिप्रपौत्राय प्रजापतिस्वामिपौत्राय शौनकस्वामिपुत्राय पण्डितभट्टपुत्रश्रीवटेश्वर-स्वामिशर्म्मणे पट्टमहादेवीचित्रमतिकया वेदव्यासप्रोक्तप्रपाठितमहाभारतसमुत्सर्गितदक्षिणात्वेन भगवन्तं बुद्धभट्टारकमुद्दिश्य शासनीकृत्य प्रदत्तोऽस्माभिः । [...] सम्वत् ८ चन्द्रगत्या चैत्रकर्म्मदिने १५ [...]**①

(श्रीरामावती शहरको छेउमा मुकाम भएको, जय गर्ने श्रीछाउनीबाट । बुद्धका ठूला भक्त, महाराजाधिराज श्रीराम पालदेवको पाउको अनुग्रह पाइबक्सेको; परमेश्वर, परमभट्टारक, महाराजाधिराज, आराम भइबक्सेको, श्रीमान् मदन पालदेवबाट । पौण्ड्रवर्धनभुक्तिमा, कोटीवर्षविषयमा, हलावर्तमण्डलमा, कोष्ठगिरि बीस भूमिमा② । भेला भएका, [दर्जा किटिएका], सारा सरकारी कर्मचारीहरू र अरू नकिटिएकाहरूलाई; राजाको पाउको आश्रयमा रहेका, बसोवास गर्ने, ब्राह्मणदेखिका, महत्तम (मुखिया) र उत्तम, गृहस्थीलगायत चाण्डालसम्मकालाई यथोचित मान गरिबक्सन्छ, [कुरा] बुझाइबक्सन्छ र हुकूम हुन्छ । यहाँहरूलाई थाहा होओस् – माथि लेखिएको यो गाउँ सरकारलाई कुनै आम्दानी नहुने गरी चन्द्रसूर्य रहुन्जेल, पृथ्वी[को आयु] बराबरको कालसम्म, मुमाबुबाको र आफ्नो पुण्य र जस बढाउनको लागि कौत्स गोत्रका, शाण्डिल्य असित र देवल प्रवर भएका, पण्डित श्रीभूषणका सहपाठी, सामवेदअन्तर्गतको कौथुम शाखा पढेका, चम्पाहिट्टीका, चम्पाहिट्टीमा बस्ने, वत्सस्वामीका पनाति, प्रजापतिस्वामीका नाति,

---

① रमारञ्जन मुखर्जी र शचीन्द्रकुमार मैती २०२४:२०९-२१९ = ३० सङ्ख्या (दिनाजपुर मनहालीको ताम्रपत्र)का ३०-३३, ३८-३९, ४२-४६, ४९ पङ्क्ति ।

② **कोष्ठगिरि [सं विंशत्या दधिकोपेत सकैवद्युर्ध्व सारद्धारज्वाके (?)] विंशतिकायां भूमौ ।** भनी मूलको पाठ रमारञ्जन मुखर्जी र शचीन्द्रकुमार मैतीले दिएका छन् । यसको राम्रो अर्थ नलागेकोले केही शब्दको उल्था मैले छोडेको छु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

५. भरतखण्डमा प्राचीनकालमा धर्मसम्बन्धी स्थिति यस्तो भए पनि नेपालको महिमा गाउने प्रसङ्गमा संसारलाई नेपालको परिचय दिलाउन भनी तयार गरिएको पुस्तक[७]मा इट् इज् इन् द फील्ड् अफ् रिलिजन् द्याट् नेपाल् मेन्टेन्ड् अ यूनीक् ट्रडिश्अन् अफ् सिन्थिसिस् यान्ड् म्यूट्युयल् टलरेशन् अमङ् डिफ्अरन्ट् फेथ्स्[८] अर्थात् धर्मको कुरामा, फरक फरक धर्मको बीच संयोजन र परस्परमा तितिक्षाको बेजोडको परम्परा नेपालले धान्यो भनी लेखिएको कुरामा कुनै तुक छैन भनी भनिरहनु नपर्ला ।

६. नेपालमा पनि धार्मिक सम्प्रदायमा परस्परमा कलह भएको सङ्केत तात्कालिक अभिलेखहरूबाट मात्र पनि नआउने होइन । वैदिक र बौद्धको झगडा देखाउन हाँडिगाउँ सत्यनारायणमन्दिरको अनुपरमको द्वैपायनस्तोत्र कुँदिएको स्तम्भलेख र शैव र वैष्णवको झगडा देखाउन देउपाटन गचाननीको [शक]संवत् ४८७ (वि.सं. ६२३) प्रथमाषाढशुक्लद्वितीयाको शिलापत्र अघि सार्न सकिन्छ । उदाहरणको लागि अघिल्लोमा कुमति अर्थात् खराब बुद्धि भएका, अंहसावृत अर्थात् पापले ढाकिएका, कुतार्किक अर्थात् खराब तर्क गर्ने भनी सौगत अर्थात् बौद्धहरूको निन्दा गरिएको छ[९] त पछिल्लोमा शैव र वैष्णवमा आआफ्नो सम्प्रदायमा भएको पक्षपात हटाउन स्वामी वार्तले आधा शङ्करको र आधा नारायणको गरी संयुक्त मूर्ति बनाए भनी लेखिएको छ[१०] । दोस्रो कुरालाई प्रकारान्तरले भन्ने हो भने बाबु अनुपरमले बौद्ध मत निरस्त गर्ने उद्योग गरेका थिए भने छोरा भौमगुप्तका उपजीवीले चाहिँ शैव र वैष्णवको फाटो हटाउने कोशिश गरेका थिए ।

पण्डित भट्ट शौनकस्वामीका छोरा, श्रीवटेश्वरस्वामी शर्मालाई③ वेदव्यासले भनेको *महाभारत* सुन्ने गरी भनेकोको दक्षिणा पटरानी चित्रमतिबाट दिएको रूपमा भगवान् बुद्ध भट्टारकलाई लख गरेर सनद गरी हामीबाट बक्स्यो ।
संवत् ८, चन्द्रको गतिअनुसार चैत्रको कर्मदिन④ १५ ।)

७. महेशराज पन्त २०३१:२५०-२५१ हेर्नू ।

८. प्रयागराज शर्मा २०३०:७१ ।

९. (निवारि)ता कुमतिभिरंहसावृतैः कुताक्किकैः कथमपि सौगतात्म(ाभि):
(त्रयी) त्वयि प्रथितगिरि प्रभावियम्पयोनिधौ सरिदिव विन्दति स्थितिम्⑤
(खराब बुद्धि भएका, पापले ढाकिएका, खराब तर्क गर्ने, बौद्धहरूले⑥ ठूलो बल लगाई (हटाएको) यस (वेद)ले वचन फैलिएका प्रभुमा नदीले समुद्रमा जस्तै आश्रय पाउँछ ।)

१०. [...] संवत् ४८७ प्रथमाषाढशुक्लद्वितीयायाम्भट्टारकमहाराजश्रीगणदेवे कालमपरिमितं समाज्ञापयति परमदैवतश्रीभौमगुप्तपादानुध्यातो विदितविनयः शश्वत्कुशलर्म्मण्युपहितपरमानुग्रहः प्रकृष्टकुलजन्मा दिवमुपगतयोर्म्मातापित्रोरात्मनश्च पुण्योपचितये स्वामिवार्त्तः सकलभुवनसम्भवस्थितिप्रलयकारणमनादिनिधनं भगवन्तमिह शङ्करनारायणस्वामिनं प्रतिष्ठापितवान् [...]

---

③ मूलमा शौनकस्वामिपुत्राय पण्डितभट्टपुत्रश्रीवटेश्वरस्वामिशर्म्मणे छ । यसको शब्दशब्दको उल्था गर्दा शौनकस्वामीका छोरालाई, पण्डित भट्टका छोरा श्रीवटेश्वरस्वामी शर्मालाई भन्ने हुन्छ । अघिल्लो पदमा शौनकस्वामीका छोरालाई भनिसकेपछि पनि फेरि पण्डित भट्टका छोरालाई भन्नुको अर्थ दानीयका बाबु पनि पण्डित हुन् भन्ने कुरामा जोड दिई लेखेको देखिन्छ ।

④ महेशराज पन्त २०६४:१७२-१७३ = २५ सङ्ख्याको टिप्पणीमा कर्मदिनको विषयमा हेर्नू ।

⑤ माथिको पाठ दिवाकर आचार्य २०६३:४०-४१ = मूलका ४०-४१ पङ्क्तिअनुसारको छ ।

⑥ सिल्विं लेवि(१९६४/६५:३८)ले यहाँ सौगतैर पढी १ अक्षर खालि छोडेकोमा धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल (२०११:१०)ले सौगता[दिभिः] पढेका छन् । रेन्यरो न्योलि (२०१३:१६)ले सौगता[ि]द[भिः] पढेकोमा धनवज्र वज्राचार्य (२०३०:१६०)ले सौगतादिभिः पढेका छन् । दिवाकर आचार्य (२०६३:४०)ले चाहिँ सौगतात्म(ाभि): पढेका छन् । यस अभिलेखको उनले दिएको फ्याक्सिमिलिमा सौगतापछि कुनै संयुक्ताक्षरमा अगाडि जोडिएको त्‍ स्पष्टै देखिएकोले उनको पाठ मैले मानेको हुँ । उनले दिएको पाठअनुसार सौगतात्मभिःमा उत्तरपद भई आएको आत्मन्को ठीक अर्थ मलाई नलागेकोले त्यसको अर्थ मैले छोडेको छु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

७. यसो भए पनि हजार वर्ष यता धर्मसम्बन्धी कलह यहाँ भएको देखिएको छैन र पाञ्चायनको पूजा गर्ने शैवमार्गी र बुद्ध मान्ने बौद्धमार्गीमा समन्वयको अभाव छैन। अङ्ग्रेजी शिक्षाले फैलाएको हिन्दू र बौद्धको भेद ईसाई र मुसलमानको जस्तो भेद होइन र यस हेत्वाभासको प्रतीकार नगरिए यसबाट नेपालीहरूको जीवनचर्यामा अनर्थ हुनेछ भनी यस लेखले दिएको सन्देश अहिलेको नेपालको सन्दर्भमा त्यत्तिकै मननीय छ।

८. नयराज पन्तलाई यो लेख लेख्न इतिहाससम्बन्धी आफ्नो ज्ञानले उनलाई जति प्रेरणा दिएको थियो, त्यति नै प्रेरणा आफ्नो उत्कट देशप्रेमले पनि दिएको थियो जस्तो मलाई लाग्छ। कुरा के भने नेपालमा धर्म र जातिसम्बन्धी कलह हुने कुरा उनले वि.सं. २००७ मा शासकपरिवर्तनसँगै उनले देखिसकेका थिए भन्ने कुरा उनको तात्कालिक लेखबाट देखिन्छ[११]

भिन्ने पुंसां जगति च तथा देवताभक्तिभावे
पक्षग्राहभ्रमितमनसां पक्षविच्छित्तिहेतोः
इत्यर्द्धाभ्यां समुपरचितं यन्मुरारीश्वराभ्या-
मेकं रूपं शरदिजघनश्यामगौरं तदव्यात् [...]
पुंसां पापकृतामधः सुकृतिनामूर्द्ध्वङ्गतिर्द्धीमता-
मित्येवं प्रविचिन्त्य निश्चितमतिः संप्रज्ञया प्रज्ञया
दृष्यदृष्टविधिप्रयोगनिपुणो वार्त्तः स्वपुण्याप्तये
मूर्त्तिङ्केशवशङ्करार्द्धरचितमस्थापयद्भक्तितः ।।①

(संवत् ४८७ प्रथमाषाढशुक्लद्वितीयामा। भट्टारक महाराज श्रीगणदेवबाट नाप्न नसकिने समयमा हुकूम चलाइबक्सिरहँदा, परमदैवत श्रीभौमगुप्तका पाउको अनुग्रह पाएका, विनय थाहा पाएका, कुशल कर्ममा वारंवार सबैभन्दा ठूलो अनुग्रह राखेका, श्रेष्ठ कुलमा जन्मेका, स्वामी वार्तले स्वर्गे भएका बुबामुमाको र आफ्नो पुण्यवृद्धिको लागि सारा संसारको सृष्टि स्थिति र प्रलयका कारण भएका, आदि र अन्त नभएका, भगवान् शङ्करनारायण स्वामीको यहाँ स्थापना गर्नुभयो।

संसारमा देवताहरूमा भक्तिभाव त्यसरी भिन्न हुँदा पक्ष लिने कामद्वारा मनमा भ्रम भएकाहरूको पक्षपात हट्ठने कारणले मुरारि (विष्णु) र ईश्वर (महादेव)ले आधा आधा भई जुन रूप बनाउनुभएको छ, शरद्को मेघ जस्तो कालो र गोरो त्यस एउटै रूपले रक्षा गरोस्।

पाप गर्ने मानिसको अधोगति, धर्मात्मा बुद्धिमान्को ऊर्ध्वगति हुन्छ भन्ने कुरा ठीकसँग पकड्न सक्ने बुद्धिद्वारा यसरी विचार गरेर अठोट बाँधेका, दृष्ट र अदृष्ट विधिको प्रयोगमा सिपालु, वार्तले आफ्नो पुण्यवृद्धिको लागि केशव (विष्णु) र शङ्कर (महादेव)को आधा आधा [जीउ]बाट बनेको मूर्तिको स्थापना भक्तिपूर्वक गर्नुभयो।)②

११. भविष्यन्ती नेपालदशा

राणारुणस्य महसा परिभूयमाना लीना विभिन्नमतजातिभराजयस्ताः।
तस्मिन् समाश्रयति पश्चिमशैलशृङ्गं भूयः पुरा कृतपदाः परितो विभान्ति ।।

२००७।८।२९③

---

① धनवज्र वज्राचार्य २०३०:१९८-१९९ = ५० सङ्ख्याका २-५, ७-८, १०-११ पङ्क्ति।

② बाबुराम आचार्य र नयराज पन्त (२०१०:१८-१९)को उल्था ठाउँठाउँमा सच्याई धनवज्र वज्राचार्य (२०३०:१९९-२००)ले छापे जस्तै मैले पनि उनको उल्था सच्याई माथि दिएको हुँ।

③ नयराज पन्त २०६०:२६।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

र त्यो रोक्न केही गर्नुपर्छ भन्ने भावना उनमा आएको थियो भन्ने पनि उनकै लेखबाट थाहा नहुने होइन[१२] । उनको यस्तो विचार देख्दा कौटल्यको भाषामा भन्ने हो भने उनलाई नेपाली दण्डनीतिका वक्ता भने पनि फरक पर्दैन ।

९. यो शिक्षा (संस्कृतशिक्षा) लिएकाहरू राज्यमा जोसुकै मालिक भए पनि तिनका उत्कट रूपले भक्त भएका छन् (द प्रड्अक्ट्स् अफ् दिस् एड्युकेशन् ह्याभ् बीन् प्याश्अनेट्लि लइअल् टु हवाट्एभ्अर् पाउअर्स् देर् बी इन् द रील्म्) भनी कमलप्रकाश मल्ल (२०३०:२७३)ले भनेको कुरा साँचै भए पनि त्यही संस्कृतशिक्षा लिएका नयराज पन्तले भने कसैलाई मालिक वा नोकर नमानी, दायाँबायाँ तलमाथि कतै आँखा नलाई, जनसम्पर्क नगरी, कुनै प्रकारको गुटबन्दी नगरी, आफ्नो कामको डम्फु बजाउने जस्ता हल्लाखल्ला नगरी, निजी पैसा खर्च गरी एक सुरले काम गरिरहे । तर उनको दर्शन[१३]ले त्यति प्रचार पाएन र

देशेऽस्मिन्नधुना मदीयवचनं श्रोता जनो दुर्लभः[१४]

अर्थात् यस देशमा अहिले मेरो कुरा सुन्ने मान्छे पाउन गाह्रो छ

आधा जीवन ता बितेसरि भयो एकाध छन् साथमा
पख्लास् होश गरेस् भनीकन बडा गर्छन् उता गर्जना ।
यस्तैमा पनि धैर्य साहस लिई जोड्दैछु यी साधन
जे होला पछि लौ, परन्तु अहिले यो काम ता रोक्तिनँ ।।[१५]

(नेपालको भविष्यको अवस्था

राणारूपी सूर्यको तेजले दबाइएका, लुकेका, थरीथरीका धर्म र जातिरूपी नक्षत्रका ती ताँतीं त्यसले (राणावंशले) पश्चिमाचलको टुप्पोमा आश्रय लिँदा फेरि आफ्नो पुरानो पदमा पुगी चारैतिर सुहाइरहेछन् ।

२००७।८।२९)④

१२. भिन्नाभिन्नै मातृभाषा भएका ।
धर्मै भिन्नै झ्वाट्ट हेर्दा लिएका ।।
नेपालीले माथ ठाडो गरेर ।
बाँच्नालाई गर्नुपर्नेछ धेर ।।
गान्हा ठूला यी कुरामा विचार ।
गर्नालाई होस् सुबिस्ता भनेर ।।
हामी चाल्छौं पाइला यी विचारी ।
होलान् कोही यी कुराका विचारी ।।

(नयराज पन्त २०२१: ठ)

१३. यो बुझ्न नयराज पन्त २०५९ केही मात्रामा उपयोगी छ ।

१४. उही २०१९:२० = ५ श्लोकको चौथो पाउ ।

१५. उही २०१८:१६५ = अन्तिम श्लोक ।

---

④ महेशराज पन्त २०६३:४९ । उही २०६५:२० मा पनि यही उल्था छापिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

धेरैका ननिका कुराकन सही बाँचीरहेको म छु ।।[१६]

धेरैलाइ अचम्मको हुन गई बाँचीरहेको म छु ।।[१७]

जस्ता कुरा लेखी उनले चित्त बुझाउनुपऱ्यो ।

१०. नयराज पन्तको यो लेख पनि उनका उठानउठानका अरू लेख जस्तै पाण्डित्यको बोझले अनाक्रान्त छ । भनाइको मतलब के हो भने बढीसेबढी टिप्पणी हाली आफ्नो कुरा पुष्ट गर्ने परिपाटीबाट यो मुक्त छ । प्रचारमा धेरै आइसकेका, हर्षवर्द्धनका बाबु सौर, दाजु बौद्ध र आफू माहेश्वर भएको जस्ता कुराका प्रमाणको उद्धरण यहाँ गरिएको छैन । यस लेखमा हालिएको एउटा मात्र टिप्पणीमा त्यस वेलासम्म प्रचारमै नआएको, पृथ्वीनारायण शाहले कीर्तिपुर जितेपछि त्यहाँ बौद्धको स्थानमा पूजाआजाको लागि गूठी राखेको कुरा पुष्टि गर्न त्यससम्बन्धी, अप्रकाशित लालमोहरको उतार दिइएको छ र त्यो उतार कसरी पाएँ भन्ने विषयमा कृतज्ञताज्ञापन गरिएको छ । हुँदा हुँदा त्यस लेखमा भएका २ वटा नेपाली पद्य कसका हुन् भन्ने कुरा पनि त्यस लेखबाट खुल्दैन र ती पद्य उनका आफ्नै हुन् र साढे चार वर्षअगाडि नै ती पद्य छापिइसकेका थिए[१८] भन्ने कुरा पाठकले थाहा पाउँदैन । यसो गर्नुको कारण आत्मप्रशंसाबाट सकेसम्म दूर रहनु नै हो जस्तो मलाई लाग्छ ।

११. *इतिहासप्रकाश*मा छापिँदा त्यहाँ भ्रमवश परेका वा जानाजान गरिएका गल्ती सच्याई यो लेख अहिले तल दिइएको छ । यसो गर्दा नयराज पन्तका छापिइसकेका लेखहरूको धनवज्र वज्राचार्यले सारेर राखेको कापीबाट पनि मदत लिइएको छ । यसरी सच्याए पनि त्यस लेखमा के कस्ता गल्ती परेका र तिनलाई कसरी सच्याइएको छ भन्ने कुरा बुझ्न सजिलो होओस् भनी जुन जुन पङ्क्तिमा सच्याइएको छ, त्यसैको दायाँपट्टि पूर्वरूप दिइएको छ । मूलमा परेको गल्ती दायाँपट्टि राख्दा एकलाई अर्को गल्तीसँग छुट्ट्याउन ती दुइको बीचमा बढी ठाउँ छोडिएको छ । पहिलोपटक जसरी छापिएको थियो, त्यो हेर्न सजिलो होओस् भनी त्यस लेखको फ्याक्सिमिलि पनि अन्त्यमा जोडिएको छ ।

– महेशराज पन्त]

यो लेख लेख्दा काम लिइएका कृतिको
छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको वर्णक्रमअनुसारको तालिका

कमलप्रकाश मल्ल २०३०

= ई.सं. १९७३ (वि.सं. २०३०)मा काठमाडौँबाट आर्थिक विकास तथा प्रशासनकेन्द्रद्वारा प्रकाशित, पशुपतिशमशेर जङ्गबहादुर राणा र कमलप्रकाश मल्लद्वारा सम्पादित *नेपाल् इन् पर्स्पेक्टिभ्* (पर्यालोक्यअनुसारको नेपाल)को २६३-२९० पृष्ठमा छापिएको, कमलप्रकाश मल्लको *दि इन्टिलेक्टयुल् इन् नेपालीज् ससाइइटि* (नेपाली समाजमा बुद्धिजीवी)।

---

१६. उही २०१९ क:५० = अन्तिम श्लोकको चौथो पाउ ।

१७. उही २०१९ ख:९३ = दोस्रो श्लोकको चौथो पाउ ।

१८. उही २००७:३०२ = ४५-४६ श्लोक । उद्धृत श्लोकमध्ये दोस्रो श्लोकको चौथो पाउ अघिबाट जो गयो त्यो गयो गयो भई छापिएकोमा यहाँ जो मऱ्यो त्यो मऱ्यो मऱ्यो भई छापिएको छ । नयराज पन्त २०५०:३२ मा पनि उही २००७:३०२ मा छापिएकै पाठ भएकोले *इतिहासप्रकाश*मा छापिएको पाठ सम्पादकबाट सम्पादित पाठ हो कि जस्तो लाग्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दिनेशराज पन्त २०५४
= वि.सं. २०५४ मा काठमाडौँबाट योगी नरहरिनाथ अभिनन्दन-ग्रन्थप्रकाशनसमितिद्वारा प्रकाशित; प्रपन्नाचार्यको प्रधानसम्पादकत्वमा गोविन्द टण्डन, घटराज भट्टराई, चिन्तामणि योगी र मुकुन्दराज अर्यालद्वारा सम्पादित *योगी नरहरिनाथ अभिनन्दन-ग्रन्थका* १३७-१४० पृष्ठमा छापिएको; दिनेशराज पन्तको *योगी श्रीनरहरिनाथको विषयमा* ।

दिवाकर आचार्य २०६३
= ई.सं. २००७ (वि.सं. २०६३)मा क्योतोबाट असोशिएशन फर द स्टड्इ अफ द हिस्टरि अफ इन्डिअन थटद्वारा प्रकाशित *जर्नल् अफ् इन्डलज्इक्ल् स्टड्इज्* (भारतविद्यासम्बन्धी परिशीलनको पत्रिका) १९ सङ्ख्याका २९-५२ पृष्ठमा छापिएको, दिवाकर आचार्यको *अनुपरम'ज् द्वैपायनस्तोत्र इन्स्क्रिप्शन् फ्रम् दि अर्लि ६थ् सेन्ट्युरइः टेक्स्ट्, ट्रान्स्लेशन् याण्ड कमेन्ट्स्* (छैटौँ शताब्दीको उठानको, अनुपरमको *द्वैपायनस्तोत्राभिलेख*– मूलपाठ, उल्था र टिप्पणी) ।

धनवज्र वज्राचार्य २०१९
= वि.सं. २०१९ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; धनवज्र वज्राचार्यको प्रधानसम्पादकत्वमा रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलद्वारा सम्पादित *इतिहास-संशोधनको प्रमाण-प्रमेय* ।

धनवज्र वज्राचार्य २०३०
= वि.सं. २०३० मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययनसंस्थानद्वारा प्रकाशित, धनवज्र वज्राचार्यको *लिच्छविकालका अभिलेख* ।

धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०११
= वि.सं. २०११ मा काठमाडौँबाट नरहरिनाथ, बुद्धिसागर पराजुली, रत्नबहादुर वज्राचार्य, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालको सम्पादकत्वमा प्रकाशित *संस्कृत-सन्देश* २ वर्ष १-३ अङ्कका ९-१३ पृष्ठमा छापिएको; धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालको *लिच्छविसमयस्य पाषाणस्तम्भोत्कीर्णोऽभिलेखः (अनुपरमकृतं द्वैपायनस्तोत्रम्)* (लिच्छविकालको, ढुङ्गे खामोमा कुँदिएको अभिलेख (अनुपरमले बनाएको द्वैपायनस्तोत्र) ।

नयराज पन्त २००७
= वि.सं. २००७ मा काठमाडौँबाट बुद्धिसागर शर्मा र शेषराज शर्माको सम्पादकत्वमा प्रकाशित *पुरुषार्थ* १ वर्ष १० संख्याका ३०२-३०४ पृष्ठमा छापिएको, नयराज पन्तको *कठोपनिषद*[१९]*को प्रस्तावना– विद्यार्थी* ।

नयराज पन्त २०१८
= वि.सं. २०१८ मा ललितपुरबाट जगदम्वा-प्रकाशनद्वारा प्रकाशित, भोलानाथ पौडेल र धनवज्र वज्राचार्यको *गल्लीमा फ्याँकिएका कसिंगर– पण्डित भवानीदत्त पाँडेले गरेका मुद्राराक्षसहरूका नेपाली अनुवादका* १-१६५ पृष्ठमा छापिएको, नयराज पन्तको *उपोद्घात* ।

नयराज पन्त २०१९
= वि.सं. २०१९ मा काठमाडौँबाट संस्कृत-छात्र-संघद्वारा प्रकाशित *जयतु संस्कृतम्* (संस्कृतको जय होस्) १३-१४ सम्पूर्णाङ्कका १९-२३ पृष्ठमा छापिएको, नयराज पन्तको *मर्त्यस्य स्वगतिं गतस्य कुरुतां मर्त्यः स्वयं किन्नु वा* (आफ्नो गतिमा गएको, मर्नेको लागि आफैँ मर्नेले के गरोस्) ।

नयराज पन्त २०१९ क
= वि.सं. २०१९ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; धनवज्र वज्राचार्यको प्रधानसम्पादकत्वमा रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलद्वारा सम्पादित *इतिहास-संशोधनको प्रमाण-प्रमेयमा* छापिएको; नयराज पन्तको *उपोद्घात* (१-५० पृष्ठ) ।

---

१९. यस्तै छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नयराज पन्त २०१९ ख

= वि.सं. २०१९ मा काठमाडौँबाट नेपाल-सांस्कृतिक-परिषद्द्वारा प्रकाशित, धनवज्र वज्राचार्यको *पण्डित सुन्दरानन्दविरचित त्रिरत्न-सौन्दर्य-गाथा*का १-९३ पृष्ठमा छापिएको, नयराज पन्तको *उपोद्घात* ।

नयराज पन्त २०२१

= वि.सं. २०२१ मा काठमाडौँबाट नेपाल सांस्कृतिक परिषद्द्वारा प्रकाशित; रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्यको *ऐतिहासिक-पत्रसंग्रह* २ भागका क-ठ पृष्ठमा छापिएको; नयराज पन्तको *मिलीजुली काम गर्न खोज्नेले विचार राख्नुपर्ने कुरा* ।

नयराज पन्त २०४३

= वि.सं. २०४३ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, नयराज पन्तको[२०] *लिच्छविसंवत्को निर्णय* ।

नयराज पन्त २०५०

= वि.सं. २०५० मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, नयराज पन्तको *विश्रान्ति*[२१] ।

नयराज पन्त २०५९

= वि.सं. २०५९ मा काठमाडौँबाट खिलशर्म-राजीवलोचनजोशीस्मारक-प्रतिष्ठानद्वारा प्रकाशित, नयराज पन्तको *हाम्रो उद्देश्य र कार्यप्रणाली (संशोधन-मण्डलपाठशालाको उद्देश्य र कार्यप्रणाली)* ।

नयराज पन्त २०६०

= वि.सं. २०६० मा प्रकाशित *पूर्णिमा* १०४ पूर्णाङ्कका ९-७० पृष्ठमा छापिएको *स्वर्गवासी नयराज पन्तका केही अप्रकाशित कृति* ।

प्रयागराज शर्मा २०३०

= ई.सं. १९७३ (वि.सं. २०३०)मा काठमाडौँबाट आर्थिक विकास तथा प्रशासनकेन्द्रद्वारा प्रकाशित, पशुपतिशमशेर जङ्गबहादुर राणा र कमलप्रकाश मल्लद्वारा सम्पादित *नेपाल् इन् परस्पेक्टिभ्*का ६५-७७ पृष्ठमा छापिएको, प्रयागराज शर्माको *कल्चर् यान्ड् रिलिजन्: इट्स् हिस्टरिक्ल् ब्याक्ग्राउन्ड्* (संस्कृति र धर्म– यसको ऐतिहासिक पृष्ठभूमि)।

बाबुराम आचार्य र नयराज पन्त २०१०

= वि.सं. २०१० मा काठमाडौँबाट नरहरिनाथ र बुद्धिसागर पराजुलीको सम्पादकत्वमा प्रकाशित *संस्कृत-सन्देश* १ वर्ष ८ अङ्कका १६-१९ पृष्ठमा छापिएको, बाबुराम आचार्य र नयराज पन्तको *लिच्छविसमयाभिलेखः [अस्य समयो वि.सं. ६२४]* (लिच्छविकालको अभिलेख (यसको समय वि.सं. ६२४[२२])) ।

महेशराज पन्त २०१९

= वि.सं. २०१९ श्रीपञ्चमीको दिन संशोधन-मण्डलद्वारा प्रकाशित, महेशराज पन्तको

इतिहास-संशोधन

[५५ क्रमागत संख्या]

---

२०. यसमा सहायक देवीप्रसाद भण्डारी र केशवचन्द्र न्यौपाने।

२१. यसमा सहायक रुक्मनाथ पौडेल।

२२. यस शिलापत्रको संवत् ४८९ पढी त्यसलाई शकसंवत् मानी तदनुसार वि.सं. ६२४ मानेकोमा शिलापत्रको पछिल्लो अङ्क ९ नभई ७ (महेशराज पन्त २०१९:१२-१५) भन्ने ठहर भएकोले यसको संवत् वि.सं. ६२२ को हुने भयो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पं. भगवानलाल इन्द्रजी, ऐ. शि. बाबुराम
आचार्य, श्रीगुरु पं. नयराज पन्त, आचार्य
रेनिइरो नोलीहरूले गर्नुभएको
लिच्छविकालको अङ्कविषयको
अशुद्धिको संशोधन

महेशराज पन्त २०३१

= वि.सं. २०३१ मा प्रकाशित *पूर्णिमा* ३२ पूर्णाङ्कका २५०-२६५ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेपाल् इन् पर्स्पेक्टिभ्मा देखिएका इतिहाससम्बन्धी अशुद्धि* ।

महेशराज पन्त २०५८

= ई.सं. २००२ (वि.सं. २०५८)मा काठमाडौँबाट पन्डिट पब्लिकेशन्सद्वारा प्रकाशित *आदर्श* २ सङ्ख्याका ६१-१५२ पृष्ठमा छापिएको, महेशराज पन्तको *डक्युमन्ट्स् फ्रम् द रेग्मी रिसर्च् कलेक्शन्स्* १ (रेग्मी-अन्वेषण-सङ्ग्रहमा रहेका कागजात १ सङ्ख्या) ।

महेशराज पन्त २०६३

= वि.सं. २०६३ मा काठमाडौँबाट ज्ञानगुन साहित्यप्रतिष्ठान र एम्स एकेडेमी उच्च मा.वि.द्वारा प्रकाशित, शेषराज सिवाकोटीद्वारा सम्पादित *असाधारण विद्वान् नयराज पन्त*का ४१-५७ पृष्ठमा छापिएको, महेशराज पन्तको *नयराज पन्तको दृष्टिमा वि.सं. २००७-०८ को नेपाल - ५ खण्ड* ।

महेशराज पन्त २०६४

= वि.सं. २०६४ मा प्रकाशित *पूर्णिमा* १२७ पूर्णाङ्कका १६५-१८२ पृष्ठमा छापिएको, महेशराज पन्तको *शरभपुरका नरेन्द्रको चौबीसौँ राज्यभोगवर्षको ताम्रपत्र* ।

महेशराज पन्त २०६५

= वि.सं. २०६५ मा ज्ञानगुन साहित्यप्रतिष्ठानद्वारा प्रकाशित महेशराज पन्तको *नयराज पन्तलाई* चिनाउनको *लागि – संस्कृतमा लेखिएका, उनका फुटकर केही पद्य र गद्यको नेपाली अनुवाद* ।

रमारञ्जन मुखर्जी र शचीन्द्रकुमार मैती २०२४

= ई.सं. १९६७ (वि.सं. २०२४)मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित, रमारञ्जन मुखर्जी र शचीन्द्रकुमार मैतीको *कर्पस् अफ् बेन्गल् इन्स्क्रिप्शन्स् बेरिङ् अन् हिस्टरि यान्ड् सिभिलाइजेशन् अफ् बेन्गल्* (बङ्गालको इतिहास र लोकयात्रासँग सम्बद्ध, बङ्गालका उत्कीर्ण लेखहरूको सङ्ग्रह) ।

रेन्यरो न्योलि २०१३

= ई.सं. १९५६ (वि.सं. २०१३)मा रोमबाट ईस्तीतूतो ईताल्यानो पेर ईल मेद्यो एद एस्त्रेमो ओर्येन्तेद्वारा प्रकाशित, रेन्यरो न्योलिको *नेपालीज् इन्स्क्रिप्शन्स् इन् गुप्त क्यारअक्टर्स्* (नेपालका गुप्ताक्षरी अभिलेख) १ भाग ।

सिल्विं लेवि १९६४/६५

= ई.सं. १९०८ (वि.सं. १९६४/६५)मा प्यारिसबाट एर्नेस्त लरूद्वारा प्रकाशित, सिल्विं लेविको *ल नेपाल, एत्यूद् इस्तोरीक् दँ न्वायोम् एँदू* (नेपाल – हिन्दू राज्यको इतिहासको परिशीलन) ३ भाग ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विशालता कि संकीर्णता

आजभोलि नयाँ शिक्षादीक्षाले मानिसको दृष्टिलाई विशाल	
क्षेत्रमा दौडाउँदै लगेको छ भन्ने कुरा स्पष्ट बहुमतले निर्णय	लगेकोछ
गर्दछ। तर यो कुरामा हेत्वाभास छँदै छैन भन्न शकिँदैन।	छदैछैन शकिदैन
आत्मा छ वा छैन भन्ने शङ्का र त्यस विषयको वादविवाद धेरै	
पुराना ग्रन्थदेखि हामी पाउँदछौं। जस्तै -	
आत्मा कदापि मर्दैन यो शरीर मरे पनि।	
भन्ने कुरा कुनै गर्छन् यै हो सिद्धान्त नै भनी ।।	गर्दन्
मरेपछि कुनै भन्छन् सिद्धियो सब टुङ्गियो।	सिद्धियी सव
आत्मा त्यो कल्पना नै हो जो मऱ्यो त्यो मऱ्यो मऱ्यो ।।	
(*कठोपनिषद्*को भावानुवाद)	भावानु वाद
यसरी पारलौकिक विश्वासको भेदले आचारविचारमा भेद	आचार विचारमा
र त्यसबाट उपासनामार्गको पनि भेदभाव धेरै अगाडिदेखि	त्यसवाट उपासना मार्गको अगाडि देखि
चलिआएको छ। यतैबाट वैदिक बौद्ध जैन लौकायतिक	यतैवाट
इत्यादि सम्प्रदाय पनि चल्दै गए। यिनै सम्प्रदायभित्र पनि	इत्वादि सम्प्रदाय भित्र
आचारविचारको भेदले अनेकन् उपसम्प्रदायहरू चले। आफ्नो	आचार विचारको अनेकन
विश्वासअनुसार मानिसहरू आफ्नो सम्प्रदायलाई सकारेर	विश्वास अनुसार
उपासना गर्दथे।	
विक्रमपूर्व तेस्रो शताब्दीका प्रसिद्ध मौर्य सम्राट् अशोक	विक्रम पूर्व शताव्दीका
बौद्ध भनी सर्वलोकप्रख्यात भएका छन्। उनी श्रमण	सर्वलोक प्रख्यात
(भिक्षु) तथा ब्राह्मणलाई उत्तिकै आदरपूर्वक दान दिन्थे र	ब्राह्मणलालाई आदर पूर्वक दानदिन्थे
दिनु धर्म हो भनी भन्थे भन्ने कुरा उनका अभिलेखहरूमा	दिनुधर्म
स्पष्ट गरी लेखिएको छ।	
विक्रमका सातौं शताब्दीका प्रसिद्ध सम्राट् हर्षवर्द्धनको	शताद्वीका हर्षवर्धनको
अभिलेखबाट प्रभाकरवर्द्धन (हर्षका बाबु) सौर (सूर्यको	अभिलेखवाट
उपासना गर्ने) राज्यवर्द्धन (हर्षका सहोदर दाज्यू) बौद्ध	उपासनागर्ने
(बुद्धको उपासना गर्ने) हर्षवर्द्धन माहेश्वर (शिवजीको	वुद्धको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उपासना गर्ने) थिए भन्ने स्पष्ट बुझिन्छ। यताबाट एउटा घरमा सौर बौद्ध शैव तीन थरी थिए भन्ने स्पष्ट बुझिन्छ।	यतावाट वौद्धशैव तीनथरी
यताबाट आजभोलि नयाँ शिक्षादीक्षाले फैलाएको हिन्दू र बौद्ध भन्ने जातिगत भेदको जरोमा वस्तुतत्त्वबाहेक अर्कै कुरा छ भन्ने आभास हुन्छ। यहाँ हिन्दू शब्दको अर्थ पनि त्यस्तै अस्पष्ट छ। यसरी बृटिश साम्राज्यका कर्णधारहरूले चलाएको नयाँ शिक्षादीक्षा नपाएसम्म हामीहरू हिन्दू र बौद्ध शब्दको अर्थ बुझ्दैनौं।	यतावाट वस्तुतत्त्व बाहेक कुराछ अस्पष्टछ वृटिश वुझ्दैनौं
विक्रमका पाँचौं शताब्दीका नेपालका लिच्छवि राजा वृषदेव बौद्ध थिए भनी उनका सन्तान राजा द्वितीय जयदेवले पशुपतिको स्तुति गरी पशुपतिलाई कमल चढाई राखेको वि.सं. ७९२ को आफ्नो शिलालेखमा स्पष्ट लेखेका छन्।	पाचौं लिच्छविराजा वृष देव वौद्ध राजाद्वितीय स्तुतिगरी
वृषदेवका पनाति राजा मानदेवले वि.सं. ५२१ मा चाँगुनारायणको पूजा गरेको र वि.सं. ५२४ मा वामनमूर्ति स्थापना गरेको उनका अभिलेखबाट स्पष्टै छ।	बृषदेवका राजामानदेवले
विक्रमका सातौं शताब्दीका नेपालका प्रसिद्ध राजा अंशुवर्माले आफूलाई पशुपतिका पाउको अनुग्रह पाएको भनी लेखेका छन्।	सताब्दीका अंशुबर्माले पायेको
अंशुवर्माले वि.सं. ६६५ को आफ्नो अभिलेखमा पशुपति चाँगुनारायण तथा अनेकन् विहारहरूको पनि पूजाभाग नियत गरेका छन्।	आफ्मो अनेकनविहारहरूको पूजा भाग
विक्रमका आठौं शताब्दीका नेपालका लिच्छवि राजा नरेन्द्रदेवको कम्मरपेटीमा चीनिया राजदूत वाङ्युन्चेले बुद्धको मूर्ति देखेथे। नरेन्द्रदेवले आफ्नो अभिलेखमा आफूलाई "पशुपतिका पाउको अनुग्रह पाएका" भनी लेखाएका पनि छन्।	 कम्मरपेटिमा वुद्धको देखेथे (यसपछि दण्ड (।) छैन।) पशुप तिका
वि. सं. १४१३ को डुल्लुका राजा पृथ्वीमल्लको अभिलेखमा साक्षी बस्ने देवताहरू ब्रह्मा, विष्णु, महादेव तथा बुद्ध, धर्म, संघ पनि परेका छन्।	१ वि. सं. वुद्ध, परेकाछन् (यसपछि दण्ड (।) छैन।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वि.सं. १४२९ को स्वयम्भूको अभिलेखमा राजा राजदेवलाई दुवै धर्म मान्ने भनी लेखिएको छ ।

२. वि.सं.
धर्ममान्ने छ (यसपछि दण्ड (।) छैन ।)

विक्रमका अठाह्रौं शताब्दीका कान्तिपुरका राजा प्रतापमल्ल आफूलाई रामचन्द्रका सन्तान भन्दथे । आफ्नो झण्डामा हनूमान् राख्तथे । पशुपतिका पाउको धूलोले मेरो कपाल फुस्रो भएको छ भन्दथे । उनले स्वयम्भूमा वज्र, मण्डल अनेक देवता पनि स्थापना गरेथे । सिम्रौनगढे मल्लहरू धर्मको विषयमा प्रतापमल्लकै मनोवृत्तिका थिए ।

३. विक्रमका अठार्‍हौं
झण्डा मा
भएकोछ

यताबाट हिन्दू र बौद्धको लक्षण छुट्ट्याउन हामीसँग साधन रहँदैन भन्ने स्पष्ट हुन्छ ।

यतावाट छुट्याउन
रहैन

श्री ५ पृथ्वीनारायण शाहले कीर्तिपुर विजय गरेपछि त्यहाँ बौद्धको पूजानिमित्त गूठी राखेथे ।[१]

पृथ्वीनारायणसाहले
पूजा निमित्त गुठी राखेथे ।

---

(१) स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादुरसाहबहादुरसम्सेरजङ्गदेवानां सदा समरविजयिनाम्

स्वस्तिश्री° विविव
विरुदा वली विराजमानमानोन्नन° °राज श्रीश्रीश्रीमहाराजे
रणवहादुरसाहवहादुर सम्सेर° सदासमर°

आगे. भागसीं बाडाके श्रीबौद्धको थानमा आश्विनसुदि १५ का दिन होम गर्नु आगम गणेशको पूजा गर्नु तहाँका नाइक्या बाडा सबकन भोज खुवाउनु रात्रिमा गोनाल चकमत बालनु जात्रा गर्नु तसनिमित्त श्री ५ जीजुबाज्या कीर्तिपुर प्रवेश हुदा रोपनि पच्चीस २५ गल्सी खेत गुठि राखिबक्स्याको रहेछ आज अमालीदारबाट सालीन्ना रुपैयाँ २ असुल्लीदा रहेछन् आज हामीले माफ गरी गुठी बिर्ता गरीबक्स्यौं षातीरजामासँग हीजोका परंपरासँग गुठ चलाव बालीको भोग्य गर अमालीदारको लाग नास्ती इति संवत् १८४९ साल कार्तिकसुदी ९ रोज ४ शुभम्

(कीर्तिपुर भगवान्गुठीको गू. ल. नं. १५४)

भागसींवाडाके आश्विन मुदि
कादिन होमगर्नु पूजागर्नु
वाडासवकन वालनु
जात्रागर्नु तस निमित्त श्री५ जीजु वाज्या
राखिवक्स्याको
अमालीदारवाट असु ल्लीदा रहेछन् ।
माफगरी विर्ता गरीवक्यौं
वालीको लागनास्ती
कार्तिक भुदी९
भगवान् गुठीको

यो नक्कल १५ वर्षअघि गूठीअड्डाबाट मैले लिएको हुँ । सरकारिया अड्डामा रहेका कागत सरकारको अनुमतिविना हेर्न सम्भव हुँदैन । श्रीसरदार रुद्रराज पाँडे एम्. ए. द्वारा श्रीज. मृगेन्द्रशम्शेर ज.ब.रा. एम्. ए. को सुदृष्टिबाट एकछापे पाई वि.सं. १९९६ मा इतिहासलाई चाहिने साधन खोज्न बल्लतल्ल म समर्थ भएथें । ६ महीनासम्म नियमित रूपले मैले यो काम गरेथें । मेरो काममा

वर्ष अघि गुठी अड्डावाट सरकारीया
अनुमति विना हेर्नसम्भव हुदैन
पाँड़ि एम.
सुदृष्टिवाट
साधन खोज्नवल्ल तल्ल भएथें
रुपले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

माथिका यति कुराबाट हिन्दू बौद्ध भनी भेद गर्ने लक्षण पाउन शकिँदैन। उपासनारीतिको भेद र पुरोहितवर्गको भेद भने त्यहाँ अवश्यमेव थियो। पुरोहितहरू आफ्ना यजमान बढाउने उद्योगमा लाग्दथे। यसले तिनीहरूमा स्पर्धा पनि चल्दथ्यो। तर यजमानहरू आफ्नो रुचि र विश्वासअनुसार धर्मकर्म गर्दथे। यजमानहरू बिहान एउटा सम्प्रदायका देवतामा बेलुका अर्को सम्प्रदायका देवतामा पनि जाने गर्दथे। कुनै देवतालाई भिन्न भिन्न नामले दुवै सम्प्रदायवादी पूजा गर्दथे भन्ने कुरा देखिन्छ।

कुरावाट भेदगर्ने
शकिदैन उपासना रीतिको पुरोहित वर्गको
थियो (यसपछि दण्ड (।) छैन।)
वढाउने
चल्दथ्यो (यसपछि दण्ड (।) छै।) विश्वास अनुसार
धर्म कर्म विहान
वेलुका

आजभोलि ब्राह्मण आदि पनि गुभाज्यूलाई बोलाई आफ्नो घरमा शान्तिस्वस्ति गराउँछन्। यस्तै उताबाट पनि हुन्छ। श्री ५ पनि सम्यग्भोजन इत्यादिमा सम्मिलित हुँदै आएको सबैले देखेकै छ।

आज भोलि गुभाज्यूलाइ वोलाई
शान्ति स्वस्ति पति
सम्यग भोजन इत्यातिमा सम्मिमित हुदै
सवैले

नेपालमा देवताहरू अनगिन्ती छन्। तिनमा रुचिअनुसार कसैले देवी कसैले गणेश कसैले भैरव कसैले महादेव कसैले विष्णु कसैले कुनै बोधिसत्त्व इत्यादिको उपासना गर्दछन्। छ्यासमिस पारेर गर्नेको संख्या धेरै छ। तैपनि पशुपति र स्वयम्भू प्रख्यात भएका हुनाले शिवमार्ग र बुद्धमार्ग नेपालमा प्रख्यात शब्द छन्। तर खालि शिव र

अनगिन्ति रुचि अनुसार
कमैले
धेरैछ (यसपछि दण्ड (।) छैन।)
वुद्धमार्ग शब्दछन्

मास्टर चन्द्रदेव ओझा बी. ए. तथा इञ्जिनियर श्यामबहादुरले श्रीस. रुद्रराजको प्रेरणाबाट सहायता दिनुभएथ्यो। त्यस वेला उहाँहरू कलेजमा पढ्दै हुनुहुन्थ्यो। सो अड्डाका हाकिम सुब्बा दामोदर त्रिपाठीको सद्व्यवहारले पनि काम गर्न सुविधा भएथ्यो। अनुमतिबाहेक अरू कुनै सरकारिया सहायता मैले पाएको थिइनं। अनुमति पाउनु नै मेरो लेखा ठूलो सौभाग्यको कुरा थियो। यस्तै खोजी म अन्त अड्डामा गर्न चाहन्थें चाहन्छु पनि। तर अहिलेसम्म सफल हुन शकेको छैन। यसरी खोजी गर्दा नै हामीहरू देशको वास्तविक इतिहास लेख्न शक्छौं। विदेशीहरूको मुख ताके ता उनीहरूकै स्वार्थको अनुकूल आफ्नो बुद्धि बनाउन हामीले विवश हुनुपर्दछ भन्ने मेरो विश्वास छ।

वी. ए श्यामवहादुरले
श्री स. प्रेरणावाट दिनु भएथ्यो त्यसवेला
पडदैहुंनुहुन्थ्यो
सदव्यवहारले कामगर्न
अनुमति वाहेक सरकारीया थिइन
पाउनुनै
चाहन्थे पनि (यसपछि दण्ड (।) छैन।)
खोजीगर्दानै
इतिहासलेख्नशक्छौ मुखताकेता

CC-0. Nepal Sanskrit Academy, Kathmandu

खालि बुद्धको मात्र उपासना गर्ने मानिस दुर्लभै होलान् । यताबाट पशुपति (शिव) स्वयम्भू (बुद्ध) को प्रसिद्धि मात्र बुझिन्छ । पशुपतिनाथको शिरमा पनि बुद्धमुकुट आदिलाई छायादर्शन वर्षेनी एक दिन गराइँदैछ । यसरी लिच्छविकालदेखि आजसम्म नेपालका वासिन्दा मिलिजुली वसिआएका छन् । पश्चिमतिरको ईसाई मुसलमानहरूको जस्तो धार्मिक कलह यहाँ कुनै मानिस कल्पना पनि गर्न शक्तैन ।

विजेता मुसलमानहरूले भारतका बासिन्दालाई हिन्दू भन्ने नाम दिएथे । कालान्तरमा राजकीय प्रख्यापनले हिन्दू शब्द फुल्यो फल्यो । बृटिश विजेताहरूले भारतीयलाई टुक्र्याउने नीति लिएथे । आफ्नो साम्राज्य अडयाउनाका लागि यस्तो गर्नु उनीहरूको कर्तव्य पनि थियो । यही कर्तव्यबाट हिन्दू बौद्ध शब्दको प्रख्यापन हुन गयो । नयाँ शिक्षादीक्षाले गर्दा ईसाई मुसलमान जस्तै भेद हिन्दू बौद्धमा पनि छ भन्ने भान परेको छ । यसको समयमै प्रतीकार भएन भने हजारौं वर्षदेखि मिलिजुली आनन्दसँग बसिरहेका नेपालीहरूको जीवनचर्यामा अनर्थ हुनेछ ।

नयराज पन्त

वुद्धको उपासनागर्ने
वुझिन्छ
वुद्ध मुकुटआदिलाई वर्षेनी एकदिन गराइदैछ
लिच्छवि कालदेखि
मिलिजुलो वसिआएकाछन् ईसाइ
मुसलमान्हरूको
पनिगर्न
वासिन्दालाई
नामदिएथे कालान्तर मा हिन्दूशब्द
वृटिश
कर्तव्यवाट
हिन्दूबौद्ध हुनगयो (यसपछि दण्ड (।) छैन ।)
शिक्षा दिक्षाले ईसाइ हिन्दूबौद्धमा
पनिछ परेकोछ
नयराजपन्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[७५]

विशालता कि संकीर्णता

आजभोलि नयाँ शिक्षादीक्षाले मानिसको दृष्टिलाई विशाल क्षेत्रमा दौडाउँदै लगेकोछ भन्ने कुरा स्पष्ट बहुमतले निर्णय गर्दछ । तर यो कुरामा हेत्वाभास छदैछैन भन्न सक्दिन । आत्मा छ वा छैन भन्ने शङ्का र त्यस विषयको वादविवाद धेरै पुराना ग्रन्थदेखि हामी पाउँदछौं । जस्तै—

आत्मा कदापि मर्दैन यो शरीर मरे पनि ।
भन्ने कुरा कुनै गर्दैन् यै हो सिद्धान्त नै भनी ॥
मरेपछि कुनै भन्छन् सिद्धियी सब टुङ्गियों ।
आत्मा त्यो कल्पना नै हो जो मन्यो त्यो सन्यो मन्यो ॥
(कठोपनिषद्को भावानुवाद)

यसरी पारलौकिक विश्वासको भेदले आचार विचारमा भेद र त्यसबाट उपासना मार्गको पनि भेदभाव धेरै अगाडि देखि चलिआएको छ। यतैबाट वैदिक बौद्ध जैन लौकायतिक इत्यादि सम्प्रदाय पनि चल्दै गए। यिनै सम्प्रदाय भित्र पनि आचार विचारको भेदले अनेकन उपसम्प्रदायहरू चले। आफ्नो विश्वास अनुसार मानिसहरू आफ्नो सम्प्रदायलाई सकारेर उपासना गर्दथे ।

विक्रम पूर्व तेस्रो शताब्दीका प्रसिद्ध मौर्य सम्राट् अशोक बौद्ध भनी सर्वलोक प्रख्यात भएका छन् । उनी श्रमण (भिक्षु) तथा ब्राह्मणलालाई उचितै आदर पूर्वक दानदिन्थे र दिनुधर्म हो भनी भन्थे भन्ने कुरा उनका अभिलेखहरूमा स्पष्ट गरी लेखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विक्रमका सातौं शताद्वीका प्रसिद्ध सम्राट् हर्षवर्धनको अभिलेखवाट प्रभाकरवर्द्धन (हर्षका वावु) सौर (सूर्यको उपासनागर्ने) राज्यवर्द्धन (हर्षका सहोदर दाज्यू) वौद्ध (वुद्धको उपासना गर्ने) हर्षवर्द्धन माहेश्वर (शिवजीको उपासना गर्ने) थिए भन्ने स्पष्ट वुझिन्छ । यतावाट एउटा घरमा सौर वौद्धशैव तीनथरी थिए भन्ने स्पष्ट वुझिन्छ ।

यतावाट आजभोलि नयाँ शिक्षादीक्षाले फैलाएको हिन्दू र वौद्ध भन्ने जातिगत भेदको जरोमा वस्तुतत्त्व बाहेक अर्कै कुराछ भन्ने आभास हुन्छ । यहाँ हिन्दू शव्दको अर्थ पनि स्वतै अस्पष्टछ । यसरी वृटिश साम्राज्यका कर्णधारहरूले चलाएको नयाँ शिक्षादीक्षा नपाएसम्म हामीहरु हिन्दू र वौद्ध शव्दको अर्थ वुझ्दैनौं ।

विक्रमका पाचौं शताव्दीका नेपालका लिच्छविराजा वृषदेव वौद्ध थिए भनी उनका सन्तान राजाद्वितीय जयदेवले पशुपतिको स्तुतिगरी पशुपतिलाई कमल चढाई राखेको वि. सं. ७९२ को आफ्नो शिलालेखमा स्पष्ट लेखेका छन् ।

वृषदेवका पनाति राजामानदेवले वि. सं. ५२१ मा चाँगुनारायणको पूजा गरेको र वि. सं ५२४ मा त्रामनमूर्ति स्थापना गरेको उनका अभिलेखवाट स्पष्टै छ ।

विक्रमका सातौं सताव्दीका नेपालका प्रसिद्ध राजा अंशुवर्माले आफूलाई पशुपतिका पाउको अनुग्रह पायेको भनी लेखेका छन् ।

अंशुवर्माले वि. सं. ६६५ को आफ्नो अभिलेखमा पशुपति चाँगुनारायण तथा अनेकनविहारहरूको पनि पूजा भाग नियत गरेका छन् ।

विक्रमका आठौं शताव्दीका नेपालका लिच्छवि राजा नरेन्द्रदेवको कम्मरपेटिमा चीनिया राजदूत वाङ्युञ्चेले वुद्धको मूर्ति देखेथे नरेन्द्रदेवले आफ्नो अभिलेखमा आफूलाई "पशुपतिका पाउको अनुग्रह पाएका " भनी लेखाएका पनि छन् ।

१. वि. सं. १४१३ को डुल्लुका राजा पृथ्वीमल्लको अभिलेखमा साक्षी वस्ने देवताहरू ब्रह्मा, विष्णु, महादेव तथा वुद्ध, धर्म, संघ पनि परेकाछन्

२. वि. सं. १४२९ को स्वयम्भूको अभिलेखमा राजा राजदेवलाई दुवै धर्ममान्ने भनी लेखिएको छ

३. विक्रमका अठाह्रौं शताव्दीका कान्तिपुरका राजा प्रतापमल्ल आफूलाई रामचन्द्रका सन्तान भन्दथे । आफ्नो झण्डामा हनूमान् राख्तथे । पशुपतिका पाउको धूलोले मेरो कपाल फुलो भएकोछ भन्दथे । उनले स्वयम्भूमा वज्र, मण्डल अनेक देवता पनि स्थापना गरेथे । सिम्रौनगढे मल्लहरू धर्मको विषयमा प्रतापमल्लके मनोवृत्तिका थिए ।

यतावाट हिन्दू र वौद्धको लक्षण छुट्याउन हामीसंग साधन रहैन भन्ने स्पष्ट हुन्छ ।

श्री ५ पृथ्वीनारायणसाहले कीर्तिपुर विजय गरेपछि त्यहाँ वौद्धको पूजा निमित्त गुठी राखेथे ।

माथिका यति कुरावाट हिन्दू वौद्ध भनी भेदगर्ने लक्षण पाउन शकिदैन । उपासना रीतिको भेद र पुरोहित वर्गको भेद भने त्यहाँ अवश्यमेव थियो पुरोहितहरू आफ्ना यजमान वढाउने उद्योगमा लाग्दथे । यसले तिनीहरूमा स्पर्धा पनि चल्दथ्यो तर यजमानहरू आफ्नो रुचि र विश्वास अनुसार धर्म कर्म गर्दथे । यजमानहरू विहान एउटा सम्प्रदायका देवतामा वेलुका अर्को सम्प्रदायका देवतामा पनि जाने गर्दथे । कुनै देवतालाई भिन्न भिन्न नामले दुवै सम्प्रदायवादी पूजा गर्दथे भन्ने कुरा देखिन्छ ।

---

(१) स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविध विरुदावली विराजमानमानोन्नतश्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमहाराजे रणवहादुरसाहवहादुर सम्सेरजङ्गदेवानां सदासमरविजयिनाम्

आगे. मागसींवाडाके श्रीवोद्धको थानमा आश्विन सुदि १५ कादिन् होमगर्नु आगम गणेशको पूजागर्नु तहाँका नाइक्या वाडासवलन भोज खुवाउनु रात्रिमा गोनाल चकमत वालनु जात्रागर्नु तस निमित्त श्री५ जीयु वाज्या कीर्तिपुर प्रवेश हुदा रोपनि पच्चीस २५ गल्सी. खेत, गुठि राखिवकस्याको रहेछ आज अमालीदारवाट सालीन्ना रुपैयाँ २ असुल्लीदा रहेछन् । आज हामीले माफगरी गुठी विर्ता गरीवक्स्यौं पाजीरजामासँग हीजोका परंपरासँग गुठ चलाव यालीको भोग्य गर अमालीदारको लागनास्ती इति संवत् १८४६ साल कार्तिक सुदी६ रोज ४ शुभम् (कीर्तिपुर भगवान् गुठीको गू. ल. नं. १५४)

यो नक्कल १५ वर्ष अघि गूठी अड्डावाट मैले लिएको हुँ । सरकारीया अड्डामा रहेका कागत सरकारको अनुमति विना हेर्नसम्भव हुदैन । श्रीसरदार रुद्रराज पाँडे एम. ए. द्वारा श्रीज. मृगेन्द्रशम्शेर ज. ब. रा. एम्. ए. को सुदृष्टिवाट एकछापे पाई वि. सं. १९९६ मा इतिहासलाई चाहिने साधन खोज्नवल्ल तल्ल म समर्थ भएथें । ६ महीनासम्म नियमित रुपले मैले यो काम गरेथें । मेरो काममा मास्टर चन्द्रदेव ओझा वी. ए तथा इञ्जिनियर श्यामवहादुरले श्री स. रुद्रराजको प्रेरणावाट सहायता दिनु भएथ्यो । त्यसवेला उहाँहरू कलेजमा पढदैहुनुहुन्थ्यो । सो अड्डाका हाकिम सुव्वा दामोदर त्रिपाठीको सद्व्यवहारले पनि कामगर्ने सुविधा भएथ्यो । अनुमति वाहेक अरु कुनै सरकारीया सहायता मैले पाएको थिइन । अनुमति पाउनुनै मेरो लेखा ठूलो सौभाग्यको कुरा थियो । यस्तै खोजी म अन्त अड्डामा गर्न चाहन्थे चाहन्छु पनि तर अहिलेसम्म सफल हुन शकेको छैन । यसरी खोजीगर्दानै हामीहरू देशको वास्तविक इति-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

इतिहास प्रकाश

आज भोलि ब्राह्मण आदि पनि गुभाज्यूलाइ बोलाई आफ्नो घरमा शान्ति स्वस्ति गराउँछन्। यस्तै उताबाट पनि हुन्छ। श्री ५ पनि सम्यग भोजन इत्यादिमा सम्मिमित हुदै आएको सबैले देखेकै छ।

नेपालमा देवताहरू अनगिन्ति छन्। तिनमा रुचि अनुसार कसै-ले देवी कसैले गणेश कसैले भैरव कसैले महादेव कसैले विष्णु कसैले कुनै बोधिसत्त्व इत्यादिको उपासना गर्दछन्। छयासमिस पारेर गर्नेको संख्या धेरैछ तैपनि पशुपति र स्वयम्भू प्रख्यात भएका हुनाळे शिवमार्ग र बुद्धमार्ग नेपालमा प्रख्यात शब्दछन्। तर खालि शिव र खालि बुद्धको मात्र उपासनागर्ने मानिस दुर्लभै होलान्। यताबाट पशुपति (शिव) स्वयम्भू (बुद्ध) को प्रसिद्धि मात्र बुझिन्छ। पशुपतिनाथको शिरमा पनि बुद्ध मुकुटआदिलाई छायादर्शन वर्षेनी एकदिन गराइदैछ। यसरी लिच्छवि कालदेखि आजसम्म नेपालका बासिन्दा मिलिजुलो बसिआ-एकाछन्। पश्चिमतिरको ईसाइ मुसलमानहरूको जस्तो धार्मिक कलह यहाँ कुनै मानिस कल्पना पनिगर्न सक्तैन। विजेता मुसल-मानहरूले भारतका बासिन्दालाई हिन्दू भन्ने नामदिएथे। कालान्तर मा राजकीय प्रख्यापनले हिन्दूशब्द फुल्यो फल्यो। बृटिश विजेताहरूले भारतीयलाई टुक्र्याउने नीति लिएथे। आफ्नो साम्राज्य अड्याउनाका लागि यस्तो गर्नु उनीहरूको कर्तव्य पनि थियो। यही कर्तव्यबाट हिन्दूबौद्ध शब्दको प्रख्यापन हुनगयो नयाँ शिक्षा दिक्षाले गर्दा ईसाइ मुसलमान जस्तै भेद हिन्दूबौद्धमा पनिछ भन्ने भान परेकोछ। यसको समयमै प्रतीकार भएन भने हजारौं वर्षदेखि मिलिजुली आनन्दसँग बसि-रहेका नेपालीहरूको जीवनचर्यामा अनर्थ हुनेछ।

हासलेहनशक्छौ। विदेशीहरूको मुखताकेता उनीहरूकै स्वार्थको अनुकूल आफ्नो बुद्धि बनाउन हामीले विवश हुनुपर्दछ भन्ने मेरो विश्वास छ।

नयराजपन्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ङतपिथ्या

– महेशराज पन्त

१. काठमाडौँका अभिलेखमा स्थाननामको रूपमा **ङतपिथ्या** पटक पटक आउँछ । **ङतपिथ्या** भन्ने ठाउँ अहिले प्रख्यात नभए पनि **नेत** वा **न्यतले** अहिले **नरदेवी** बुझाए जस्तै यिनको पूर्वरूप **ङतले** पनि **नरदेवी** नै बुझाउने हुनाले पूर्वपदमा **ङत** भएको यस ठाउँले नरदेवीवरपरकै ठाउँ चिनाउने कुरामा शङ्का छैन । यसो भए पनि काठमाडौँ शहरको पुरानो भुवनकोशको अन्वेषण गर्ने क्रममा यसको खायस परेकोले म यतातिर तानिएको हुँ ।

२. खुलाएर भन्दा, आकरहरू यसो हेर्दै जाँदा ने.सं. ७७८ (वि.सं. १७१४) देखि ने.सं. ९२२ (वि.सं. १८५८) भित्रका १२ वटा अभिलेखमा **ङतपिंथ्या**, **ङतपिथ्या** वा **ङतपिथ** भेटिएको छ –

श्रीमत्कान्तिपुरमहानगरे ऽ श्रीयंम्बुब्रुमायां ऽश्रीगागुरंके ऽ ङततोलके ऽङतपिंथ्या जम्लगंथि केब वंता छे[१] अर्थात् **श्रीकान्तिपुर महानगरमा, श्रीयम्बुब्रुमामा, श्रीगागुरंकमा, नरदेवीयेलमा,**[२] **ङतपिंथ्यामा, जम्लगंथि**[३]**को बगैँचाभन्दा पूर्वपट्टिको घर भनी**

---

१. महेशराज पन्त छापिन बाँकी कमा २ सङ्ख्याको १ पङ्क्ति ।

२. **ङततोलके**को अर्थ **नरदेवीयेलमा** भनी मैले यहाँ गरेको छु । यही अर्थ तल पनि परेको छ । पाणिनिको चातुरर्थिक प्रकरणमा **अदूरभवश्च** (*अष्टाध्यायी* ४।२।७०)ले बुझाए जस्तै, पशुपतिमन्दिरवरपरको ठाउँ **पशुपति** र स्वयम्भूचैत्यवरपरको ठाउँ **स्वयम्भू** कहलाए जस्तै नरदेवीमन्दिरवरपरको ठाउँ **नरदेवी** मात्र भने पनि हुन्थ्यो । तर मूलको शब्दशब्दको अर्थ गरी मैले **नरदेवीयेलमा** भनी लेखेको हुँ ।
नेवारराज्य गइसकेपछि नेपालीमा लेख्दा यस टोललाई **ङट्टयेल** भन्ने चलन थियो भन्ने कुराको प्रमाण भोटु पाँडेको, त्यहीँको वि.सं. १८५९ को शिलापत्रबाट थाहा हुन्छ ।①

३. सेतो मत्स्येन्द्र जमलमा फेला परेको भन्ने अनुश्रुति भएकोले② केलटोलमा सेतो मत्स्येन्द्रबहालवरपरको इलाका **जमलगंथि** नाउँले चिनिन्थ्यो③ । जमलबाट ल्याइएका भनी कहलिएका, सेतो मत्स्येन्द्र **जमलगंथि देव**④ भन्ने र उनको मन्दिर **जमलगंथि देवल**⑤ भन्ने नाउँले पनि प्रसिद्ध थिए । यस कारण नरदेवीटोल **ङतपिथ्यामा** भएको **जम्लगंथि केब** अर्थात् **जम्लगंथिको बगैँचाको** सम्बन्ध सेतो मत्स्येन्द्रसँग देखिन्छ ।

---

① धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ २०३७:३६६-३७० = १०५ संख्याका २१, २२ र ४१ पङ्क्ति ।

② उदाहरणको लागि धनवज्र वज्राचार्य २०२५:९४ मा ३ सङ्ख्याको टिप्पणी हेर्नू ।

③ उदाहरणको लागि ने.सं. ५७९ (वि.सं. १५१५) फाल्गुनकृष्णदशमीको ताडपत्र (महेशराज पन्त २०५७ क:६ = ८ सङ्ख्याको २ पङ्क्ति)मा **अतार्थे साक्षि केलं जमलगंथि येकुलि गृह जयतराज भारोस दृष्ट ।।**, *शान्तिसफू* (१५ पत्र)मा **[...] सम्वत् ६२८ येष्टमासे शुक्लपक्षे अष्टम्यां तिथौ श्रीकान्ति(पु)रिनगरे केल श्रीजमलगथि [...]**

④ उदाहरणको लागि *शान्तिसफू* (२० पत्र)मा **श्रीश्रीश्रीजमलगंथि देवया वर्षपति ऽलथजात्रास ऽगुठिन निस्तलपेया ।❶**

⑤ ने.सं. ५९६ (वि.सं. १५३३) भाद्रकृष्णएकादशीको ताडपत्र (महेशराज पन्त २०५७ क:३५=४५ सङ्ख्याका २-३ पङ्क्तिमा **थ्व वल❷या ऽ चतुराघाट❷ रामपटिया वलन यो ऽ जमल; गंथि अभराजजुस ऽ वलन यं । शेव ऽ जमलगंथि देवल भुंन वं ऽ गनुया वलन ये: तत्र भूमिका स्वक्रीपत्रमिदं ।**

---

❶ राजा शाक्य (२०६२)ले छपाएको, *शान्तिसफू*को यो पाठ उनले सँगै दिएको फ्याक्सिमिलिसँग रुजू गरी माथि दिइएको हो ।

❷ वल हुनुपर्नेमा अज्ञानवश मैले सर्वत्र बल छपाएको रहेछु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ७७८ (वि.सं. १७१४) कार्तिकशुक्लनवमीको ताडपत्रमा जग्गा बेच्ने स्त्रीको; **श्रीकान्तिपुलीमहानगरे ङततोरके सोमबाहार**[४]**संनिधाने ङतपिंथ्या मुगल यौता छेनामगृहाधिवासित**[५] अर्थात् **श्रीकान्तिपुरी महानगरमा, नरदेवीयेलमा, सोमबहालनजीकै ङतपिंथ्यामा, गल्लीमा, यौता छे (पश्चिमपट्टिको घर) भन्ने नाउँ भएको घरमा बस्ने** भनी ने.सं. ७७८ (वि.सं. १७१४) माघकृष्णतृतीयाको दिन तुलाधरहरूले प्रतिष्ठा गरेको *पञ्चरक्षा*को पुस्तकमा दानपतिको र **यितुंबहार हुरछे ङतपिथ्या ल यंतागृहाधिष्टित**[६] अर्थात् **इटुंबहाल हुछेँ (नयाँ घर) ङतपिथ्याको बायेको उत्तरपट्टिको घरमा बस्ने** भनी ने.सं. ७८८ (वि.सं. १७२४) वैशाखकृष्णचतुर्थीको, इटुंबहालको, प्रताप मल्लको विजयराज्यको शिलापत्रमा दानपति शाक्यको वतन खुलाइएको छ। आफूले बनाएको नाउदेवलको लागि चौतारा चिकुटि अर्थात् देवीदासले राखेको गूठीका गुठियारहरूमध्ये एक जना **ङतपिथ्या ् सिंह बांदे**[७] अर्थात् **ङतपिथ्याका सिंह बाँडा** पनि ने.सं. ७९५ (वि.सं. १७३१) पौषपूर्णिमाको शिलापत्रमा छन्। **श्रीकान्तिपुरनाम नगरे**[८] **ङततोर ङतपिथ तुथिछे ग्यहावस्थि**[९] अर्थात् **श्रीकान्तिपुर नाम भएको शहरमा, नरदेवीयेलमा, ङतपिथमा, तुँथिछे (इनार [भएको] घर)मा बस्ने** भनी ने.सं. ८२२ (वि.सं. १७५९) वैशाखशुक्लतृतीयाको मिति भएको, हाल भक्तपुर कलासङ्ग्रहालयमा राखिएको, काठको भैरवमूर्तिको पादपीठमा खोपिएको लेखमा त्यस मूर्तिको प्रतिष्ठा गर्ने तुलाधर साहूको वतन खुलाइएको छ। **श्रीयंबु किह्लागलतोल ङतपीथ्या र एता छे**[१०] अर्थात् **श्रीयंबुमा, किलागलयेलमा, ङतपिथ्यामा, बायेको दक्षिणपट्टिको घर** भनी राजा जगज्जय मल्लले जग्गा बेची गरिदिएको, ने.सं. ८४४ (वि.सं. १७८१) आषाढकृष्णत्रयोदशीको

---

४. ने.सं. ८५९ (वि.सं. १७९६) ज्येष्ठकृष्णत्रयोदशीको ताडपत्र (महेशराज पन्त २०५२:२५ = २७४ सङ्ख्याको १ पङ्क्ति)मा जग्गा बेच्ने एक जना पाँडे (मूलमा पादे)को वतन खुलाउँदा **ङततोरको सिउबाहार** आएको छ। माथिको **सोमबाहार** र यो एउटै नाउँका रूपभेद देखिन्छन्। जान कर लाक २०४१/४२ मा यो बहाल पनि चढेको छैन। रत्नकाजी वज्राचार्य र विजयरत्न वज्राचार्य २०३९:२५ मा चाहिँ **श्री सिद्धि नगर महाविहार सों बहा न्यत** भनी लेखेको बहाल यही हुनुपर्छ।

५. चित्तधर 'हृदय' २०२८:४१।

६. राष्ट्रिय अभिलेखालय २०५१:३८ सङ्ख्याका ९-१० पङ्क्ति। यो शिलापत्र, यसको रबिङ वा फोटो मैले देखेको छैन। राष्ट्रिय अभिलेखालयद्वारा प्रस्तुत पाठ **यितुं वाहार न्हूरछे भोङत पिथ्योल यंता गृहाधिष्टित** मूलअनुसारको नभएको जस्तो लागेकोले मैले माथि संशोधन गरेको हुँ।

७. मूलको २४ पङ्क्ति। यसको पाठ रामजी तेवारी (२०२१:१४ मा टिप्पणी)ले **ङेत पिथ्या, सिंह बादे,**[①] डिल्लीरमण रेग्मी (२०२३:१६४-१६६)ले **दुतपिथ्या, सिंङ्वांदे** र प्रतापमान शाक्य (२०६५)ले **ङत पिथ्या सिंह वांदे** भनी छपाएका छन्। माथि दिइएको पाठ प्रतापमान शाक्यले छपाएको मूलको फोटोअनुसारको हो।

८. छापिएको पाठ **नगदे** छ। प्रूफको गल्ती होला भनी मैले **नगरे** भनी सच्याएको हुँ।

९. हेमराज शाक्य र तुलसीराम वैद्य २०२७:१९४= ५४ सङ्ख्याको अभिलेखको १ पङ्क्ति।

१०. महेशराज पन्त २०५७:५५= ५ सङ्ख्याको २ पङ्क्ति। यसको फ्याक्सिमिलिको लागि महेशराज पन्त छापिन बाँकी कमा ४ सङ्ख्या हेर्नू।

---

① जगदीशचन्द्र रेग्मी (२०५१:१३३)ले रामजी तेवारी (२०२१:१४)को पाठबाट सारेकाले त्यहाँ पनि **ङेत पिथ्या** छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ताडपत्रमा जग्गा किन्ने[११]को वतन खुलाइएको छ । **ङतपिथ्या मूगल वन्ता छेया**[१२] अर्थात् **ङतपिथ्यामा, गल्लीमा पूर्वपट्टिको घरका** भनी जगज्जय मल्लले जग्गा बेची गरिदिएको, ने.सं. ८४९ (वि.सं. १७८५) माघशुक्लत्रयोदशीको ताम्रपत्रमा जग्गा किन्ने जैसीको वतन खुलाइएको छ । **श्रीमत्कान्तिपूरमहानगरे श्रीयंबुब्रुमायां श्रीगाङ्गुरङ्के ।। किसिराघ्रतोल ङतपिथ्या तम्वतमुगर यन्ता छे**[१३] अर्थात् **श्रीकान्तिपुरमहानगरमा, श्रीयंबुब्रुमामा, श्रीगाङ्गुरङ्कमा, किलागलयेलमा, ङतपिथ्यामा, तम्वतमुगरमा उत्तरपट्टिको घर** भनी ने.सं. ८५२ (वि.सं. १७८९) श्रावणशुक्लनवमीको ताडपत्रमा जग्गा किन्नेको; **किसिह्लागरतोर ङतपिथ्या र ओन्ता छे**[१४] अर्थात् **किलागलयेल ङतपिथ्यामा बायेदेखि पूर्वपट्टिको घर** भनी ने.सं. ८५५ (वि.सं. १७९१) फाल्गुनशुक्लषष्ठीको ताडपत्रमा जग्गा बेच्नेको र **किसिराघ्रतोल ङतपिथ्या तम्वतमुगर वन्ता छे**[१५] अर्थात् **किलागलयेल, ङतपिथ्या, तम्वतमुगरमा पूर्वपट्टिको घर** भनी ने.सं. ८५६ (वि.सं. १७९३) ज्येष्ठशुक्लचतुर्थीको ताडपत्रमा जग्गा बेच्नेको वतन खुलाइएको छ[१६] । **यम्बु ङततोर ङतपिथ्या तुछे**[१७] अर्थात् **यम्बु नरदेवीयेल तुँछे** भनी ने.सं. ८५८ (वि.सं. १७९४) मार्गशुक्लतृतीयाको ताडपत्रमा जग्गा किन्ने तुलाधरको र **ङतपिथ्या तुंछेया**[१८] अर्थात् **ङतपिथ्या तुँछेँका** भनी ने.सं. ९२२ (वि.सं. १८५८) पौषकृष्णचतुर्थीको, हाल स्वयम्भूको सङ्ग्रहालयमा रहेको, तोरणको अभिलेखमा दानपति तुलाधरको वतन खुलाइएको छ ।

३. यी १२ वटा अभिलेखमा **ङतपिंथ्या, ङतपिथ्या** वा **ङतपिथ**को कुरा आएकोमा ३ वटामा अर्थात् ने.सं. ७९५ (वि.सं. १७३१) पौषपूर्णिमाको शिलापत्रमा खालि **ङतपिथ्या**, ने.सं. ८४९ (वि.सं. १७८५) माघशुक्लत्रयोदशीको ताम्रपत्रमा **ङतपिथ्या मूगल वन्ता छे** र ने.सं. ९२२ (वि.सं. १८५८) पौषकृष्णचतुर्थीको अभिलेखमा **ङतपिथ्या तुंछे** मात्र लेखिएकोले कुन इलाकामा त्यो पर्छ भन्ने त्यताबाट नखुल्ने भएकोले **ङतपिथ्या** चिन्न यी काम लागेनन् ।

३.१. बाँकी ९ वटा अभिलेखमध्ये ४ वटा अर्थात् ने.सं. ७७८ (वि.सं. १७१४) कार्तिकशुक्लनवमीको ताडपत्र, ने.सं. ७७८ (वि.सं. १७१४) माघकृष्णतृतीयाको दिन प्रतिष्ठा गरिएको *पञ्चरक्षा*, ने.सं. ८२२ (वि.सं. १७५९) वैशाखशुक्लतृतीयाको काष्ठपत्र र ने.सं. ८५८ (वि.सं. १७९४) मार्गशुक्लतृतीयाको ताडपत्रमा गरी यी ४ वटा अभिलेखबाट **ङतपिंथ्या, ङतपिथ्या** वा **ङतपिथ** नरदेवीटेलको इलाकामा भएको बुझिन्छ ।

३.२. अब बाँकी ५ वटा अभिलेखमध्ये एउटा अर्थात् ने.सं. ७८८ (वि.सं. १७२४) वैशाखकृष्णचतुर्थीको शिलापत्रबाट भने **ङतपिथ्या** इटुंबहालको इलाकामा पर्ने बुझिन्छ ।

---

११. यस फार्सेपत्रमा किन्नेको नाउँ मात्र दिइएको छ, जात वा थर खुलाइएको छैन ।

१२. नयनाथ पौडेल र मोहनप्रसाद खनाल २०३१:१५-१६ = ५ सङ्ख्याको ५ पङ्क्ति ।

१३. महेशराज पन्त छापिन बाँकी कमा ५ सङ्ख्याको १ पङ्क्ति ।

१४. उहीमा २ सङ्ख्याको १ पङ्क्ति ।

१५. उही कमा ६ सङ्ख्याको १ पङ्क्ति ।

१६. यी ३ ताडपत्रमध्ये पहिलो र तेस्रोमा नाउँ दिई त्यसपछाडि भारो र दोस्रोमा चाहिँ नाउँ मात्र दिई त्यसपछाडि आदरार्थी जु जोडिएको छ ।

१७. महेशराज पन्त छापिन बाँकी कमा ७ सङ्ख्याका १-२ पङ्क्ति ।

१८. राष्ट्रिय अभिलेखालय २०५१:१४९ सङ्ख्याको २ पङ्क्ति ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३.३. अरू ४ वटा अभिलेख अर्थात् ने.सं. ८४४ (वि.सं. १७८१) आषाढकृष्णत्रयोदशीको, ने.सं. ८५२ (वि.सं. १७८९) श्रावणशुक्लनवमीको, ने.सं. ८५५ (वि.सं. १७९१) फाल्गुनशुक्लषष्ठीको र ने.सं. ८५६ (वि.सं. १७९३) ज्येष्ठशुक्लचतुर्थीको गरी यी ४ वटा ताडपत्रबाट भने **ङतपिथ्या** किलागलटेलको इलाकामा पर्ने बुझिन्छ ।

४. **ङतपिथ्यालाई** किलागलटोलको इलाकामा पार्ने ४ वटा अभिलेखमध्ये २ वटा अर्थात् ने.सं. ८५२ (वि.सं. १७८९) श्रावणशुक्लनवमीको र ने.सं. ८५६ (वि.सं. १७९३) ज्येष्ठशुक्लचतुर्थीको ताडपत्रबाट **ङतपिथ्याको** अवस्थिति अझ स्पष्ट भएको छ। खुलाएर भन्दा ती २ ताडपत्रबाट **तम्वतमुगर** किलागलटेलको **ङतपिथ्यामा** पर्ने बुझिन्छ ।

४.१. नरदेवीमन्दिरको ठीक बायाँपट्टि, पश्चिमपट्टिको मूल बाटोबाट केहीअगाडि गएपछि नेटपाचो नपुग्दै बायाँपट्टि, श्वेतभैरव भनी कहलिएको सानो स्थान आउँछ । त्यहाँबाट बायाँपट्टि उत्तर मोडिँदा आउने गल्लीतर्फ नलागी अझ मूल बाटो नै पछ्याउँदै ६० पाइला जति हिँडी बायाँपट्टि उत्तर मोडिँदा नरदेवी वैद्यखानाको परखालपछाडि अर्को अर्थात् पाछै गल्ली आउँछ । त्यो गल्ली नाघी पश्चिम मोडिएपछि चोखाछैं गल्लीको झण्डै झण्डै अगाडिको, मूल बाटो नआएसम्म फैलिएको, गल्लीलाई आजभोलि **तम्वःगल्ली** भनिन्छ । यो **तम्वः** नाउँ यी ताडपत्रमा आएको, समस्तपद **तम्वतमुगरको** पूर्वपदको अपभ्रंश हुनुपर्छ ।

५. **श्रीमत्‌कांन्ति**[१९]**पुरमहानगरे श्रीयंबुब्रुमायां श्रीगांगुरंके ङतंतोरके तुंथिछे**[२०] अर्थात् **श्रीकान्तिपुरमहानगरमा, श्रीयम्बुब्रुमामा, श्रीगांगुरंकमा, नरदेवीयेलमा, तुँथिछैं** भनी ने.सं. ८०४ (वि.सं. १७४०) कार्तिककृष्णत्रयोदशीको ताडपत्रमा पातालजग्गा बेच्ने एक जना तुलाधरको वतन खुलाइएकोले माथि चर्चा गरिएको, ने.सं. ८२२ (वि.सं. १७५९) वैशाखशुक्लतृतीयाको काष्ठपत्रबाट जस्तै यस ताडपत्रबाट पनि **तुँथिछैं** नरदेवीटोलको इलाकामा भएको बुझिन्छ ।

५.१. पछिल्ला अभिलेखमा नरदेवीटोलको **तुँछैंको** चर्चा ठाउँठाउँमा आएको छ । खुलाएर भन्दा **यम्बु ङततोर ङतपिथ्या तुछे**[२१] अर्थात् **यम्बु नरदेवीयेल ङतपिथ्या तुँछैं** भनी ने.सं. ८५८ (वि.सं. १७९४) मार्गशुक्लतृतीयाको ताडपत्रमा जग्गा किन्ने तुलाधरको, **कान्तिपुरमहानगर ङेततोर तुंछेया**[२२] अर्थात् **कान्तिपुरमहानगर नरदेवीयेल तुँछैंका** भनी ने.सं. ९१८ (वि.सं. १८५५) श्रावणकृष्णत्रयोदशीको दिन पिण्डपात्र दान गर्ने तुलाधरपरिवारको, **ङट्टयेलको टुछेको**[२३] भनी वि.सं. १८५९ शाके १७२४ कार्तिकपूर्णिमाको भोटु पाँडेको नरदेवीको शिलापत्रमा गुठियारमध्ये एक जना उदासको, **नेपालमण्डले कान्तिपुरमहानगले ङततोरस्थाने तुंछे नाम गृहेवस्थित**[२४] अर्थात् **नेपालमण्डलमा, कान्तिपुरमहानगरमा, नरदेवीयेलमा, तुँछैं भन्ने घरमा बस्ने** भनी ने.सं. ९२३[२५] (वि.सं. १८६०) ज्येष्ठशुक्लतृतीयाको

---

१९. मूलमा यस्तै छ ।

२०. महेशराज पन्त छापिन बाँकी खमा मूलको १ पङ्क्ति ।

२१. उही छापिन बाँकी कमा ७ सङ्ख्याका १-२ पङ्क्ति ।

२२. चित्तधर 'हृदय' २०२८:१४४-१४५ ।

२३. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ २०३७:३६६-३७० = १०५ संख्याको २२ पङ्क्ति ।

२४. चित्तधर 'हृदय' २०२८:१४५ ।

२५. सहकाले भुवननयनदुर्गायुक्ते मासे ज्येष्ठशुक्लतिथौ तृतीयायां वारे रवि एतदिने भनी यस पौभामा मिति दिइएको छ । यहाँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पौभामा, नेपालमण्डले कान्तिपुरमहानगरे ङततोल तुंछे नाम गृहेवस्थित[२६] अर्थात् **नेपालमण्डलमा, कान्तिपुरमहानगरमा, नरदेवीटोलमा, तुँछें नाउँ भएको घरमा बस्ने** भनी ने.सं. ९२३ (वि.सं. १८६०) श्रावण[२७]मा सारिसिद्धयाइएको *आर्यतारास्तोत्र*को पुष्पिकामा दानपतिको र **ङेपाल ङत तुंछेया**[२८] अर्थात् **नेपाल नरदेवी तुँछेंका** भनी ने.सं. ९९६ (वि.सं. १९३३) श्रावणपूर्णिमाको दिन ह्लासामा अक्षोभ्यमूर्तिको स्थापना गर्दा राखिएको अभिलेखमा दानपति तुलाधरहरूको वतन खुलाउँदा लेखिएको छ । **तुँथिछें** नै कालान्तरमा **तुँछें** हुन गएको यताबाट स्पष्ट हुन्छ[२९] ।

५.२. नरदेवीमन्दिरको ठीक बायाँपट्टिको मूल बाटोबाट केही अगाडि गएपछि नेटपाचो नपुग्दै दायाँपट्टि एउटा गल्ली आउँछ । रक्तकालीको मन्दिरबाट ५० पाइला जति पश्चिमसम्म फैलिएको, त्यस गल्लीलाई आजभोलि **तुँछेंगल्ली** भनिन्छ । यो **तुँछें** नै अलि अगाडिका अभिलेखमा **तुंथिछे** वा **तुथिछे** र पछिल्ला अभिलेखमा भने मध्यमवर्णको लोप भई **तुंछे** वा **तुछे**[३०] भएको देखिन्छ ।

५.३. नरदेवीतर्फबाट **तुँछेँगल्ली**मा पस्दा गल्ली टुङ्गिने टुङ्गिने ठाउँबाट बायाँपट्टि नेवारीका नामी कवि चित्तधर 'हृदय' (वि.सं. १९६३-२०३८)को घर शुरू हुन्छ । उनकै चोकमा एउटा गहिरो इनार छ र त्यस गल्लीमा ठाउँठाउँमा त्यस्ता इनार अद्यावधि छन् । यसैले यस गल्लीको नाउँ **तुँछेँगल्ली** रहन गएको देखिन्छ । आफ्नो कुल **तुँछें** साहूको कुल भनी चिनिने कुरा खुद चित्तधर 'हृदय' (२०६३:१)ले लेखेका छन् ।

६. एक थरी अभिलेखबाट **ङतपिथ्या**को इलाकामा वर्तमान **तम्वःगल्ली** र अर्को थरी अभिलेखबाट **ङतपिथ्या**को इलाकामा आजभोलिको **तुँछेँगल्ली** देखिएकाले ती दुवै गल्ली **ङतपिथ्या**भित्र पर्नेमा शङ्का भएन । तर एक थरी अभिलेखमा **ङतपिथ्या**लाई नरदेवीटोलको इलाकामा, अर्को थरी अभिलेखमा किलागलटोलको इलाकामा र एउटा अभिलेखमा इटुंबहालको इलाकामा पारेकोले कसैले यसलाई नरदेवीको, कसैले किलागलको र कसैले इटुंबहालको इलाकाको भनी मानेको देखिन्छ ।

संवत् लेख्दा प्रयोग भएको **दुर्गा** वा यसको पर्याय अङ्कनिघण्टुमा नभेटिएकोले र ज्यौतिषमा **नवमी** तिथिको अधिपति **दुर्गा** हुने हुनाले (उदाहरणार्थ दिनेशराज पन्त २०३२:३२ हेर्नू) यहाँ पनि **दुर्गा** शब्दले ९ बुझाएको देखिन्छ । *आर्यतारास्तोत्र*को एउटा लेखोट पुस्तकमा सारिएको मिति दिँदा संवत्को विषयमा यसै गरी **शुभसहकालभुवननयनदुर्गा** (पूर्णरत्न वज्राचार्य २०२१:६१) भनी लेखिएकोमा कोष्ठमा **९२३** भनी थपिएको पनि यस प्रसङ्गमा सम्झनुपर्छ ।

२६. पूर्णरत्न वज्राचार्य २०२१:६१ ।

२७. **शुभसहकालभुवननयनदुर्गा· मासे श्रावणे तिथौ षष्टम्यां वारे वधौ एतद्दिने** भनी त्यहाँ मिति दिइएकोले यहाँ **पक्ष** नभएको र **सोमवार** बुझाउने **विधौ**को सट्टा **वधौ** लेखिन वा छापिन गएको देखिन्छ ।

२८. चित्तधर 'हृदय' २०२८:१९७ ।

२९. ने.सं. ९२२ (वि.सं. १८५८) पौषकृष्णचतुर्थीको, तोरणको अभिलेखमा दानपति तुलाधरको वतन खुलाउँदा **ङतपिथ्या तुंछेया** (माथि § २ = २० पृष्ठ हेर्नू) अर्थात् **ङतपिथ्या तुँछेंका** भनी लेखिएको छ ।

३०. भोटु पाँडेको अभिलेखमा आएको **टुछे**मा चाहिँ मध्यमवर्णको लोप मात्र नभई दन्त्यवर्ण मूर्धन्य भएको उदाहरण पनि पाइएको छ । नेपालीभाषीले नेवारीको दन्त्यवर्णको उच्चारण मूर्धन्य गरेको नमूनाको रूपमा यसलाई लिन सकिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

७. यस ठाउँको नाउँ आएका १२ वटा अभिलेखमध्ये एउटामा अर्थात् ने.सं. ८२२ (वि.सं. १७५९) वैशाखशुक्लतृतीयाकोमा उत्तरपद **पिथ**, बाँकी २ वटामा अर्थात् ने.सं. ७७८ (वि.सं. १७१४) कार्तिकशुक्ल-नवमीको र त्यही साल माघकृष्णतृतीयाकोमा **पिंथ्या** र बाँकी ९ वटामा **पिथ्या** छ । यसो हेर्दा श्वेतकाली अर्थात् नरदेवी नै पीठ भएकोले **ङतपिथ** लेखेको जस्तो देखिन्छ तापनि अरू सबै अभिलेखमा **पिथ्या** भएकोले भ्रमवश **पिथ** लेख्न पुगेको पनि हुन सक्छ ।

८. टोलको नाउँमा पछाडि **पिंथ्या/पिथ्या** जोडिएका अरू ठाउँ पनि अभिलेखहरूमा आकलझुकल नभेटिने होइनन् । कालक्रमअनुसार भन्दा ने.सं. ६२६ (वि.सं. १५६२) कार्तिकशुक्लद्वादशीको र त्यही साल मार्गकृष्णतृतीयाको ताडपत्रमा **ननिसालपिंथ्या**,[३१] ने.सं. ७०० (वि.सं. १६३७) वैशाखकृष्णत्रयोदशीको ताडपत्रमा **नंदिसारपिंथ्या**,[३२] ने.सं. ७८५ (वि.सं. १७२१) माघशुक्लप्रतिपदाको ताम्रपत्रमा **थंबहिरिपिथ्या**,[३३] ने.सं. ८५१ (वि.सं. १७८७) माघकृष्णअष्टमीको ताडपत्रमा **नंदिपालपिथ्या**[३४] र वि.सं. १९२८ वैशाखकृष्णदशमीको, केदार नरसिंह राणाको पत्रमा **बहीपिथ्या**[३५] आएको छ । यो देख्दा कुनै ठूलो इलाकाको अङ्गको रूपमा **पिथ्याले** काम गरेको देखिन्छ ।

९. आजभोलिको चल्तीको नेवारीमा बाहिरी चोक बुझाउँदा **पिथुचुक** चलेको[३६] र पुराना लेखमा पनि **बाहिरी भन्न पिथु** र **भित्री भन्न दुथु** शब्द देखिएकोले[३७] **टोल** वा **बहाल**को नाउँको उत्तरपद भई आएको **पिथ्या** शब्दको सम्बन्ध पिथुसँग छ कि जस्तो मलाई लाग्छ । यस कारण नरदेवीटोलको बाहिरपट्टिको बाटो **ङतपिथ्या**, नक्सालको बाहिरपट्टिको बाटो **ननिसालपिंथ्या**, **नंदिसारपिंथ्या** वा **नदिपालपिथ्या**,[३८] भगवान्बहालको बाहिरपट्टिको बाटो **थंबहिरिपिथ्या** जस्ता शब्द चलेको हुनुपर्छ । यसो भए पनि ने.सं. ७७८ (वि.सं. १७१४)सम्मका अभिलेखमा **पिथ्या** नआई **पिंथ्या** आएकोले यसको अर्थ खोतल्न अझ बढी परिश्रम गर्नुपर्ने देखिन्छ ।

---

३१. महेशराज पन्त २०६२:३२-३३ = २ सङ्ख्याको १ पङ्क्ति, पछाडिका १-२ पङ्क्ति; उही:३३-३४ = ३ सङ्ख्याको १ पङ्क्ति, पछाडिको १ पङ्क्ति । अघिल्लोको फ्याक्सिमिलिको लागि उही:४३ र पछिल्लोको लागि उही:४४ हेर्नू ।

३२. महेशराज पन्त छापिन बाँकी कमा १ सङ्ख्याको १ पङ्क्ति ।

३३. उही २०५५:३५ = ४ सङ्ख्याको २ पङ्क्ति । यसको फ्याक्सिमिलिको लागि महेशराज पन्त छापिन बाँकी कमा ३ सङ्ख्या हेर्नू ।

३४. शङ्करमान राजवंशी २०२७:४० = वि.सं. १७८७ को तमसूक ताडपत्रको मूलको २ पङ्क्ति ।

३५. महेशराज पन्त छापिन बाँकी कमा ८ सङ्ख्या ।

३६. उदाहरणको लागि पन्नाप्रसाद जोशी २०१२ मा **पिथुचुक** ।

३७. उदाहरणको लागि **पिथु गरबसं** ↘ **दुथु गरबसं** (चन्द्रमान जोशीसँग रहेको ठ्यासफूको ८ पृष्ठ = महेशराज पन्त २०६६:१९६) ।

३८. यो ताडपत्र वा यसको फोटो मैले देखेको छैन । शङ्करमान राजवंशीले पढेअनुसारको पाठ यो हो । तेस्रो अक्षर पा नभई सा भएको भए बढी सार्थक हुन्थ्यो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो लेख लेख्दा काम लिइएका कृतिको छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको[३९] वर्णक्रमअनुसारको तालिका

अष्टाध्यायी

= पाणिनिमा हेर्नू ।

चित्तधर 'हृदय' २०२८

= ने.सं. १०९१ (वि.सं. २०२८)मा काठमाडौँबाट नेपालभाषापरिषद्द्वारा प्रकाशित, चित्तधर 'हृदय'को *नेपाल भाषा साहित्यया जात:* (नेवारी साहित्यको चिना) ।

चित्तधर 'हृदय' २०६३

= वि.सं. २०६३ मा काठमाडौँबाट नेपालभाषापरिषद्द्वारा प्रकाशित, फणीन्द्ररत्न वज्राचार्यद्वारा सम्पादित *चित्तधर 'हृदय'या जिगु जात:* (चित्तधर 'हृदय'को मेरो चिना) ।

जगदीशचन्द्र रेग्मी २०५१

= वि.सं. २०५१ मा काठमाडौँबाट अफिस अफ नेपाल एण्टीक्वेरीद्वारा प्रकाशित, जगदीशचन्द्र रेग्मीको *काठमाण्डू शहर : सांस्कृतिक अध्ययन* ।

जान कर लाक २०४१/४२

= ई.सं. १९८५ (वि.सं. २०४१/४२)मा काठमाडौँबाट सहयोगी प्रेसद्वारा प्रकाशित, जान कर लाकको *बुड्इस्ट् मनॅअस्ट्रिज् अफ् नेपाल् : अ सर्भ्ने अफ् द बाहाज् यान्ड् बहीज् अफ् द काट्मानूडू भ्याल्इ* (नेपालका विहार– काठमाडौँदूनका बाहा र बहीको निरीक्षण) ।

डिल्लीरमण रेग्मी २०२३

= ई.सं. १९६६ (वि.सं. २०२३)मा पटनाबाट डिल्लीरमण रेग्मीद्वारा प्रकाशित, उनैको *मेड्इईभ्ल् नेपाल्* (मध्यकालको नेपाल) ४ भाग ।

दिनेशराज पन्त २०३२

= वि.सं. २०३२ मा प्रकाशित *पूर्णिमा* ३३ पूर्णाङ्कका २७-३५ पृष्ठमा छापिएको, दिनेशराज पन्तको *गोरखाली राजाहरूका राज्यकाल* ।

धनवज्र वज्राचार्य २०२५

= वि.सं. २०२५ मा प्रकाशित *पूर्णिमा* १८ पूर्णाङ्कका ८७-१०१ पृष्ठमा छापिएको, धनवज्र वज्राचार्यको *लिच्छविकालिक बस्ती* ।

धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ २०३७

= वि.सं. २०३७ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययनसंस्थानद्वारा प्रकाशित, धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठको *शाहकालका अभिलेख* ।

---

३९. रचयिताको नाउँको वर्णक्रमअनुसारको तालिका भनी माथि लेखिए पनि यसको अपवाद नभएको होइन । कुनै कृतिमा रचयिताको नाउँ नदिइएको हकमा कृतिको नाउँ वर्णक्रमअनुसार यस तालिकामा राखिएको छ । प्राचीन शैलीको ग्रन्थको हकमा चाहिँ रचयिताको नाउँ र ग्रन्थनाम दुवै वर्णक्रमअनुसार राखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नयनाथ पौडेल र मोहनप्रसाद खनाल[४०] २०३१

= वि.सं. २०३१ मा नयनाथ पौडेल र मोहनप्रसाद खनालद्वारा प्रकाशित,[४१] उनीहरूकै *अभिलेख-माला (नुवाकोट भेगका ऐतिहासिक पत्रहरू)* ।

पन्नाप्रसाद जोशी २०१२

ने.सं. १०७६ (वि.सं. २०१२)मा काठमाडौंबाट रत्नप्रसाद जोशीद्वारा प्रकाशित, पन्नाप्रसाद जोशीको *संक्षिप्त नेपाल भाषा शब्द-कोश (नेपाल भाषां नेपाली अर्थ)* । (संक्षिप्त नेवारी कोष (नेवारीको नेपाली अर्थ)) ।

पाणिनि *अष्टाध्यायी*

= वि.सं. २००९ मा काशीबाट चौखम्बा-संस्कृत-पुस्तकालयद्वारा प्रकाशित, शोभित मिश्रको *पाणिनीयव्याकरणसूत्रवृत्तिः काशिका विद्वद्वरवामनजयादित्यविरचिता* (पाणिनीय व्याकरणका सूत्रको वृत्ति *काशिका* – विद्वान्हरूमा श्रेष्ठ वामन र जयादित्यले बनाएको) ३ संस्करण ।

पूर्णरत्न वज्राचार्य २०२१

= वि.सं. २०२३ मा काठमाडौँबाट वीरपुस्तकालयद्वारा प्रकाशित, पूर्णरत्न वज्राचार्यको *नेपालराजकीय-वीरपुस्तकालयस्थपुस्तकानां बृहत्सूचीपत्रम्* (नेपाल राजकीय वीरपुस्तकालयमा रहेका पुस्तकहरूको ठूलो सूचीपत्र) ७ भाग १ खण्ड ।

प्रतापमान शाक्य २०६५

= वि.सं. २०६५ श्रावण ९ गते बिहीवारको दिन काठमाडौँबाट प्रदीपमान श्रेष्ठद्वारा प्रकाशित देश्‌य्‌मरु झ्याः (देशमै नभएको झ्याल) १५ वर्ष २६ अङ्क अर्थात् ६७६ पूर्णाङ्कको ४ पृष्ठमा छापिएको, प्रतापमान शाक्यको *भ्यायूचा द्यःया न्ह्यःनेच्वंगु नौ देगःया अभिलेख* (भैँडासीडको अगाडि रहेको, नाउदेवलको अभिलेख) ।

महेशराज पन्त २०५२

= वि.सं. २०५२ मा प्रकाशित *पूर्णिमा* ९० पूर्णाङ्कका १-५३ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्य र ब्राह्मण* ।

महेशराज पन्त २०५५

= वि.सं. २०५५ मा प्रकाशित *पूर्णिमा* ९५ पूर्णाङ्कका ३३-४४ पृष्ठमा छापिएको, महेशराज पन्तको *ब्राह्मणसम्बन्धी, नेवारराज्यका, अहिलेसम्म प्रकाशमा नआएका पन्ध्रवटा ताम्रपत्र* ।

महेशराज पन्त २०५७

= वि.सं. २०५७ मा प्रकाशित *पूर्णिमा* १०० पूर्णाङ्कका ५२-६४ पृष्ठमा छापिएको, महेशराज पन्तको *काठमाडौँका राजाहरूका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका, १८ वटा लिखतपत्र (वि.सं. १७७३-१८१६)* ।

महेशराज पन्त २०५७ क

= वि.सं. २०५७ मा प्रकाशित *पूर्णिमा* १०१ पूर्णाङ्कका १-४४ पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रमा लेखिएका, वि.सं. १५१२ देखि १५३६ सम्मका, अहिलेसम्म प्रकाशमा नआएका, ५७ वटा लिखतपत्र* ।

महेशराज पन्त २०६२

= वि.सं. २०६२ मा प्रकाशित *पूर्णिमा* ११८ पूर्णाङ्कका ३१-५२ पृष्ठमा छापिएको, महेशराज पन्तको *वि.सं. १५३८ देखि १८३६ भित्रका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका ११ वटा लिखतपत्र* ।

---

४०. यस पुस्तकको गातामा सम्पादक भनी मोहनप्रसाद खनालको नाउँ र भित्री पृष्ठमा चाहिँ नयनाथ पौडेलको नाउँ अगाडि दिइएकोले वर्णक्रमअनुसार मैले नयनाथ पौडेलको नाउँ अगाडि राखेको हुँ।

४१. यस पुस्तिकाको प्रकाशन कहाँबाट भएको हो, त्यो खुलाइएको छैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महेशराज पन्त २०६६

= वि.सं. २०६६ मा प्रकाशित *पूर्णिमा* १३१ पूर्णाङ्कका १९३-२२५ पृष्ठमा छापिएको, महेशराज पन्तको *सबभन्दा पहिले प्रचारमा आएको ठ्यासफू २ खण्ड* ।

महेशराज पन्त छापिन बाँकी

= *नेवारराज्यमा ब्राह्मण– नरदेवीका भट्टसम्बन्धी २ वटा लिखत* ।

महेशराज पन्त छापिन बाँकी क

= *पिथ्या उत्तरपदमा भएका शब्द आएका ८ वटा ताडपत्र* ।

महेशराज पन्त छापिन बाँकी ख

= *नरदेवीको तुँथिछेँको कुरा आएको एउटा ताडपत्र* ।

रत्नकाजी वज्राचार्य र विजयरत्न वज्राचार्य २०३९

= वि.सं. २०३९ मा काठमाडौँबाट रत्नकाजी वज्राचार्य र विजयरत्न वज्राचार्यद्वारा प्रकाशित, उनीहरूकै *नेपा: दे:या विहारया ता:चा* (नेपाल देशका विहारको साँचो) ।

राजा शाक्य २०६२

= *शान्तिसफू*मा हेर्नू ।

रामजी तेवारी २०२१

= वि.सं. २०२१ मा प्रकाशित *पूर्णिमा* १ पूर्णाङ्कका १३-१९ पृष्ठमा छापिएको, रामजी तेवारीको *चौतारा देवीदास अथवा चिकुटि* ।

राष्ट्रिय अभिलेखालय २०५१

= ई.सं. १९९५ (वि.सं.२०५१)मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा संस्कृति र समाजकल्याणमन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रस्तुत *अ रिपोर्ट् अन् द सर्‌भे यान्ड् स्टडि़ अफ् नेवारी स्क्रिप्ट्* (नेवारी लिपिको निरीक्षण र परिशीलनसम्बन्धी जाहेरी) [टाइप भएको] ।

शङ्करमान राजवंशी २०२७

= वि.सं. २०२७ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय, पुरातत्त्वविभागद्वारा प्रकाशित *प्राचीन नेपाल* ११ संख्याका ३९-४२ पृष्ठमा छपिएको, शङ्करमान राजवंशीको *केही ऐतिहासिक उपकरण* ।

शान्तिसफू

= ने.सं. ११२५ (वि.सं. २०६२)मा काठमाडौँबाट प्रेमधर्म पिथनाद्वारा प्रकाशित, राजा शाक्यको *जनबाहा:द्य:या शान्तिसफू (घटनावली)* (सेतो मत्स्येन्द्रनाथको *शान्तिसफू* (घटनावली)) ।

हेमराज शाक्य र तुलसीराम वैद्य २०२७

= ई.सं. १९७० (वि.सं. २०२७)मा काठमाडौँबाट तुलसीराम वैद्यद्वारा प्रकाशित, हेमराज शाक्य र तुलसीराम वैद्यको *मेड्डईभ़ल् नेपाल (कल्अफन्ज्*[४२] *यान्ड् इन्स्क्रिप्शन्ज्)* (मध्यकालको नेपालका पुष्पिकाहरू र उत्कीर्ण लेखहरू) ।

---

४२. यस पुस्तकमा कल्अफन्ज्भित्र कल्अफन् अर्थात् पुष्पिका मात्र नराखी टिपोट (१४, १७ सङ्ख्या), लिखत (१५, १९, २१, २२, २४ सङ्ख्या) र पौभा (१६ सङ्ख्या) पनि राखिएकाले ग्रन्थकारलाई कल्अफन्को अर्थ नलगेको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेवारराज्यमा ब्राह्मण नरदेवीका भट्टसम्बन्धी २ वटा लिखत

– महेशराज पन्त

वाङ्मुख

१७ वर्षभन्दा अगाडिको कुरा हो, *पूर्णिमा* ८४ पूर्णाङ्कमा *नेवारराज्य र ब्राह्मण* भन्ने एउटा लेखको शुरूआत मैले गरेँ। लेख त के भन्नु, ब्राह्मणको चर्चा परेका, नेवारराज्यका, ताडपत्रका लिखतको सँगालो त्यो थियो। त्यस वेलासम्म प्रकाशमा नआएका त्यस्ता लिखतको सम्पादन गरी तिनको मूलपाठ दिने र प्रकाशमा आइसकेकाको भने ती कहिले, कहाँबाट, कसले, कहाँ छपाएका हुन् भन्ने खुलासा त्यस सँगालोमा गरियो। ४३ महीनाभित्र छापिएका, *पूर्णिमा* ८४ देखि ९० पूर्णाङ्कसम्मका ७ अङ्कमध्ये ८७ पूर्णाङ्क छोडेर अरू सबै अङ्कमा कहीँ धेरै, कहीँ थोरै यो सँगालो क्रमशः छापियो।[१] त्यसले *पूर्णिमा*का जम्माजम्मी २११ पृष्ठ[२] ओगटेको छ र ती पृष्ठमा २३७ वटा,[३] पहिले कहिल्यै प्रकाशमा नआएका ताडपत्र छापिएका छन्।

ताम्रपत्रमा कुँदिएका वा ताडपत्रमा लेखिएका[४] त्यस्ता थप ३५ वटा,[५] पहिले कहिल्यै प्रकाशमा नआएका पत्र २ वर्षभित्र छापिएका, *पूर्णिमा* ९५ देखि १०१ पूर्णाङ्कसम्मका ७ अङ्कमध्ये ३ अङ्क अर्थात् ९८-१०० पूर्णाङ्क छोडेर बाँकी ४ अङ्कमा छापिएका छन्[६] र त्यस्ता पत्रले *पूर्णिमा*का जम्माजम्मी ३५ पृष्ठ ओगटेका छन्।[७]

---

१. महेशराज पन्त २०५०, २०५० क, २०५० ग, २०५२, २०५२ क, २०५३ क।

२. कुनै कुनै अङ्कमा लेखको अघिल्लो वा पछिल्लो पृष्ठ यी लेखले पूरै नओगटे पनि यी लेख छापिएका पृष्ठ जति गनेर माथि २११ पृष्ठ भनी लेखिएको हो। यस्तै अवस्था दोस्रो कण्डिका र तेस्रो कण्डिकामा दिइएका पृष्ठसङ्ख्यामा पनि छ।

३. त्यस्ता ताडपत्रको सङ्ख्या २३८ हुनुपर्नेमा गन्दा बिराएर मैले ठ्याक्क २४० (एक्‌ज्याक्ट्‌लि २४०) भनी अन्यत्र (महेशराज पन्त २०५३:३५) लेखेको रहेछु। त्यसको संशोधन गर्दा २ घटाउनुपर्नेमा भुक्किएर १ मात्र घटाई २३९ लेख्न पुगेछु (उही २०६० क:३० मा २ सङ्ख्याको टिप्पणी)। ने.सं. ७५१ चैत्रकृष्णतृतीयाको ताडपत्रलाई एकपटक ने.सं. ७४१ चैत्रकृष्णतृतीयाको र अर्कोपटक ने.सं. ७५१ चैत्रकृष्णतृतीयाको भनी एकपटक त्यही दशस्थानी अङ्क ५ लाई ४ पढी त्यही लिखत २ पटक छपाएछु। यस कारण ८५ सङ्ख्या (उही २०५० ग:११-१२) र ८८ सङ्ख्या (उही:१४) उही लिखतका पाठ हुन्। ने.सं. ८३५ कार्तिककृष्णसप्तमीको ताम्रपत्रको मूलपाठ मोहनप्रसाद खनाल (२०२८:४४-४५)ले छपाइसकेकाले मैले छपाएको, गूठीअड्डामा रहेको त्यसको उल्था (महेशराज पन्त २०५३ क:३१ = २२१ क सङ्ख्या) पनि गन्नु भएन। यस कारण त्यस्ता लिखतको सङ्ख्या २३७ हुने भयो।

४. तिनमध्ये एउटा केमा लेखिएको थियो भन्ने मलाई थाहा छैन (उही २०५५ घ)।

५. ४१ वटा पत्र छापिएका भए पनि ६ वटा पहिल्यै छापिइसकेकाले (उही २०५५ ङ) त्यस्ता पत्रको सङ्ख्या ३५ वटा मात्र हुने भयो।

६. महेशराज पन्त २०५५ क, २०५५ ख, २०५५ ग, २०५५ घ, २०५६, २०५६ क, २०५७ ङ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यस्ता, थप, कहिल्यै प्रकाशमा नआएका १३ वटा[८] पत्र ४ वर्ष १ महीनाको अन्तरालमा छापिएका *पूर्णिमा* १११ देखि १२७ पूर्णाङ्कसम्मका १७ अङ्कमध्ये ३ अङ्क अर्थात् १११, १२६ र १२७ अङ्कमा छापिएका छन् र त्यस्ता पत्र र तिनको बारे लेखिएका लेखले *पूर्णिमा*का जम्माजम्मी ८७ पृष्ठ ओगटेका छन् ।[९]

यसरी १४ वर्षको अन्तरालमा २८५ वटा, ब्राह्मणसम्बन्धी पत्र मेरो प्रयासबाट प्रकाशमा आएका छन् र तिनले *पूर्णिमा*का ३३३ पृष्ठ ओगटेका छन् । कुनै इलाकामा बसोबास गर्ने ब्राह्मणहरूको विषयमा एउटा लेख[१०] र एक थरी ब्राह्मणहरूको स्थिति स्पष्ट पार्ने विषयमा केही पृष्ठ पनि यसै प्रसङ्गमा मैले लेखें[११] ।

नेवारराज्यमा ब्राह्मणहरूको स्थितिसम्बन्धी मेरो अन्वेषण अझ चल्दैछ । त्यही अन्वेषणको एउटा अंशको रूपमा यी २ वटा ताडपत्र अहिले छापिन लागेका हुन् । दुवै ताडपत्र नरदेवीटोलका रैथाने, प्रोफेसर विद्यानाथ उपाध्याय भट्टको पुर्ख्यौली सङ्ग्रहमा छन्, उहाँको सौजन्यले तिनको उपयोग गर्न पाइएको हो ।

ताडपत्रका मूलपाठमा प्रयोग भएका चिह्नको विषयमा

१. मूल पत्र फाट्दा नष्ट हुन गएको अक्षर प्रसङ्गानुरोधले यस्तो ( ) कोष्ठभित्र पढिन्छ ।

२. मूल पत्रमा नबुझिने अक्षर यस्तो – चिह्नले जनाइन्छ ।

३. मूल पत्र फाट्दा नष्ट हुन गएका, तर यति भनी किट्न नसकिएका अक्षर यस्ता ... चिह्नले जनाइन्छन् ।

१ सङ्ख्या

ने.सं ८४६ (वि.सं. १७८३) आश्विनशुक्लएकादशी आदित्यवारको ताडपत्र

१. यो ताडपत्र बायाँपट्टि फाटेर गएकोले केही अपूरो छ । १.५ अङ्गुल चौडाइ भएको यस ताडपत्रको फाटेर बाँकी रहेको भागको लम्बाइ २५.५ अङ्गुल छ । यसमा छाप छैन ।

२. गांगुलपट्टनमा, काठमाडौँ शहरमा (**काष्ठमण्डपनगरे**), नरदेवीटोल (**ङततोल**)को बाटो (**र**)देखि पश्चिमपट्टिको घर (**यौता छे**)मा बस्ने, ब्राह्मणी (**विप्रनि**) ललितालक्ष्मीले आफ्ना पति (**पुरुख**)को नाउँले दशदानमा सङ्कल्प

---

७. यतासम्मका वाक्य महेशराज पन्त २०६० क:३१-३२ मा संशोधन गर्नुपर्ने जति गरेर त्यहींबाट सारिएका हुन् ।

८. १४ वटा पत्र छापिएका भए पनि गुठीअड्डामा रहेको नकलबाट सारी महेशराज पन्त २०६० क:३६-३७ मा छापिएको ३ सङ्ख्याको पत्र नुवाकोट मालअड्डामा रहेको नकलबाट सारी दिनेशराज पन्त (२०५३)ले छापिसकेकाले त्यसलाई पनि गन्नु भएन ।

९. महेशराज पन्त २०६० क, २०६४, २०६४ क, २०६४ ख ।

१०. उही २०६६ ।

११. उही २०६६ क:६८-७६ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भएको २ रोपनी खेत ने.सं. ८४६ (वि.सं. १७८३) आश्विनशुक्लएकादशी आदित्यवारको दिन बाङ्गेमूढा (थासमन्दु), इराछेतोर, खलछेननि[12]को दक्षिणपट्टिको घर (इता छे)मा बस्ने दामोदर झालाई दिएको कुरा यस दानपत्रमा छ । आफ्ना मुमूर्षु पतिले आफ्नो अन्त्यावस्थामा सङ्कल्प गरी दिएको, दशदानमध्ये एक भूमिदान[13] कानूनअनुसार पक्का गर्न पछि ललितालक्ष्मीले यो दानपत्र लेखेको यताबाट बुझिन्छ ।

यसमा साक्षीको नाउँ पत्र फाटेर गएकोले थाहा पाइँदैन तापनि दातासँग साक्षीको नाता खुलाउँदा दातारया कनेष्टभ्रात्य अर्थात् दाताको भाइ भनी लेखेकोले दान ललितालक्ष्मीले गरेको नभई उनका पतिले गरेकाले र लेनदेनमा आफ्ना नजीकका हकदारलाई साक्षी राख्ने चलन भएकोले ललितालक्ष्मीका भाइ होइन कि देवर साक्षी बसेको हो कि जस्तो देखिन्छ ।

---

१२. किन्नेको वतन खुलाउँदा ने.सं. ८१८ (वि.सं. १७५४) कार्तिककृष्णतृतीयाको ताडपत्रमा **श्रीयंगल थायमन्दु इराछेतोल ननि यौता क्वराङछे**[1] आएको छ । बाङ्गेमूढाको इराछेटेलको अस्तित्व यसरी अर्को अभिलेखबाट देखिए पनि रामभक्त भोमि र म बाङ्गेमूढाका रैथाने, तीर्थमान महर्जनसँग वि.सं. २०६७ वैशाख १८ गते शनिवारको दिन त्यतातिर निकै डुल्दा पनि इराछेटेल त पत्ता लाउन सकिएन भने खलछेननीको त के कुरा गर्नु । अरू अभिलेखबाट यम्बुको इलाकामा परेको देखिने,[2] थायमन्दु अर्थात् बाङ्गेमूढा[3] ताडपत्र लेख्नेको गल्तीले यहाँ यंगलको इलाकामा पर्न गएको त होइन ।

१३. गोभूतिलहिरण्याज्यवासोधान्यगुडास्तथा ।
रजतं लवणं चैव दानानि दश वै विदुः ।।

(*गरुडपुराण* प्रेतकल्प ४।४)

(गाई, जग्गा, तिल, सुन, घिउ, कपडा, धान, गुड, चाँदी र नून[को दान]लाई दशदान भनी जान्दछन् ।)

दानानि च जातूकर्ण्य आह । [...] दश दानानि च तेनैवोक्तानि ।
गोभूतिलहिरण्याज्यवासोधान्यगुडानि च ।
रूप्यं लवणमित्याहुर्दश दानान्यनुक्रमात् ।।

(*शुद्धिप्रकाश*बाट पाण्डुरङ्ग वामन काणे २०३०:१८२ मा ४२६ सङ्ख्याको टिप्पणीमा उद्धृत)[4]

(जातूकर्ण्य दानहरूबारे भन्छन् । [...] दशदानको विषयमा पनि तिनले नै भनेका छन् –
गाई, जग्गा, तिल, सुन, घिउ, कपडा, धान, गुड, चाँदी र नूनको क्रमपूर्वकको [दान]लाई दशदान भन्छन् ।)

दशदानको विषयमा *धर्मसिन्धु* ३ परिच्छेद उत्तरार्ध (वासुदेव लक्ष्मण पणशीकर १९९३:३८९-३९०) र *अन्त्यकर्मदीपक* (५-१३ पृष्ठ) हेर्नू ।

---

① महेशराज पन्त छापिन बाँकीमा १ सङ्ख्याको १ पङ्क्ति ।

② उदाहरणको लागि ने.सं. ८७५ (वि.सं. १८११) पौषशुक्लअष्टमीको ताडपत्रमा **श्रीमत्कान्तिपुरमहानगले श्रीयम्बु सुवर्ण्णपनारीमहास्थाने श्रीशातिगलके थासमण्डु यौथुराछेतोल राछे दताछे** (उहीमा २ सङ्ख्याको १ पङ्क्ति) ।

③ उहीमा १ सङ्ख्याको १ पङ्क्ति ।

④ **मदनरत्ने जातूकर्ण्यः** (*मदनरत्नमा जातूकर्ण्य*) भनी *निर्णयसिन्धु* ३ परिच्छेद अन्त्यकर्मसाधारणविधि (शिवदत्त १९८४:४४२)मा, **इति हेमाद्रौ जातूकर्ण्योक्तानि** (*हेमाद्रिमा जातूकर्ण्यका भनाइ*) भनी *अन्त्यकर्मपद्धति* (३३ पृष्ठ)मा र **निर्णयसिन्धौ दानचन्द्रिकायां च मदनरत्ने जातूकर्ण्यः** (*निर्णयसिन्धुमा, दानचन्द्रिकामा र मदनरत्नमा जातूकर्ण्य*) भनी *संकल्परत्नावली* (६९-७० पृष्ठ) मा पनि यस श्लोकको उद्धरण छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३. यस दानपत्रमा दात्रीको वतन खुलाउने क्रममा आर्य्यावर्त्तदेशे काष्ठमण्डपनगरेभन्दा ठीकअगाडि श्रीगांगुलपट्टने लेखिएको छ। जुन नाउँले यो (काठमाडौँ) पुराना पुस्तकमा चिनिन्छ, त्यो गाङ्गूल-पट्टन (Gongool-putten) हो (द नेम् बाइ ह्विच् इट् इज़् डिस्टिङ्ग्विश्ड् इन् एन्शन्ट् बुक्स् इज़् गाङ्गूल्-पट्टन्) भनी वि.सं. १८४९ मा ब्रिटिश इस्ट इन्डिया कम्पनीका दूत भई नेपाल आएका, कर्क्प्याट्रिक (१८६८:१५९)ले लेखेको कुराको सम्झना यस प्रसङ्गमा हुन्छ। ने.सं. ५४० (वि.सं. १४७७) भाद्रशुक्लपञ्चमीको दिन **गङ्गुलपतनकमा** सारिसिद्ध्याइएको *सुबन्तरत्नाकर*[१४] जस्ता ग्रन्थबाट कर्क्प्याट्रिकको कुराको पुष्टि हुन्छ।[१५]

प्रकाशित आकर हेरी जगदीशचन्द्र रेग्मी (२०५१:१०७-१०९)ले तयार गरेको फेहरिस्तमा **गाङ्गुलपत्तन** वा यस नाउँका रूपभेद ने.सं. ५४० (वि.सं. १४७७) देखि ८३७ (वि.सं. १७७४) सम्मका ९ वटा अभिलेखमा

---

१४. यस पुस्तकको चर्चा सेसिल बेन्डल (१९६०/६१:२८ = १९६१/६२:२८)ले गरे पनि यसको पुष्पिका भने लूछ्याह्लो पेतेक (२०१५:१५७ मा १३ सङ्ख्या)ले छपाएका हुन्। जगदीशचन्द्र रेग्मी (२०५१:१०८-१०९)ले तयार गरेको, गांगुलक वा त्यसका रूपभेदको, प्रातिपदिकरूपको फेहरिस्तअनुसार त्यस आकरमा **गङ्गुलपटनक** लेखिएको देखिए पनि मूलबाट पढ्ने लूछ्याह्लो पेतेक (२०१५:१५७ मा १३ सङ्ख्या = २०४०:१६४ मा २१ सङ्ख्या)ले **गङ्गुलपतनके** पाठ दिएकाले मैले त्यसको प्रातिपदिकरूप माथि दिएको हुँ। लूछ्याह्लो पेतेकको पुस्तक (२०१५)बाट यस पुष्पिकाको पाठ सार्ने डिल्लीरमण रेग्मी (२०२२:४१७ मा १४ सङ्ख्या)ले भने आफ्नो आदर्श पुस्तकमा **ङ्गू** हुँदा हुँदै **गङ्गुलपतनके** पाठ दिएका छन्। डिल्लीरमण रेग्मीको पुस्तकबाट यो सन्दर्भ टिप्दा जगदीशचन्द्र रेग्मीले त्यहाँ **त** हुँदा हुँदै **ट** लेखेका छन्।

१५. **गांगुलपत्तन हालको देउपाटन इलाकाको प्राचीन नाम हो भन्ने कुरा ललितपुर पटुकोटोलनिवासी श्री शक्तिनन्दन गिरिजानन्दन राजोपाध्यायको घरमा प्राप्त भनी हिमवत्खण्डमा प्रकाशित तलेजुआगम मल्लवंशावलीमा पनि गांगुलपट्टनको वारवार उल्लेख गरिएकोबाट थाहा हुन्छ** भनी साफल्य अमात्य (२०५३:६७)ले लेखे पनि उनले नै देखाएको प्रमाणबाट **गांगुलपत्तन** भनेको **देउपाटन** होइन कि **काठमाडौँ शहर** नै हो भन्ने सिद्ध हुन्छ। किन भने नेपालखाल्डोका तीन शहरमा राज्य गर्ने राजाहरूको विषयमा लेख्दा रत्न मल्ल **गाङ्गूल**[①]**पट्टन**मा आई राजा भएको (९०, ९२, ९३ श्लोक), शिवसिंहले नाति लक्ष्मीनृसिंहलाई **कान्तिपुर**मा अभिषेक गरेको (१०२ श्लोक) शिवसिंह बितेपछि लक्ष्मीनृसिंहले **गाङ्गूलपट्टन**मा राज्य पाएको (१०५ श्लोक), बाबु बहुलाए भनी छोरा प्रताप मल्लले नेल ठोकेर राखेका लक्ष्मीनृसिंह (१०७ श्लोक)ले आफ्नो अन्त्य जानी छोरालाई **गाङ्गूलपट्टन**मा मन्त्रदानको लागि डाक्दा पनि छोरा नआउँदा (११२-११५ श्लोक) माटेको नयाँ घडामा मन्त्र दिँदा मेघ गर्जेको जस्तो आवाज आएपछि लक्ष्मीनृसिंहले **कान्तिपुर**मा देहत्याग गरेको (११६-१२० श्लोक), **ललितपट्टन**मा राज्य गरिरहेका सिद्धिनृसिंहले **गाङ्गूलक देशपट्टन**बाट ज्योति निस्केको देख्दा (१२१ श्लोक) के भयो भनी घोडा चढी त्यहाँ आएको र त्यहाँ आउँदा दाजुले घडामा मन्त्र दिई प्राणत्याग गरेको सुनी उनी आफ्नो देश **ललितपट्टन** फर्केको (१२२-१२३ श्लोक) कुरा त्यस *मल्लवंशावली*मा लेखिएकोले **गाङ्गूलपट्टन** र **कान्तिपुर** पर्याय हुन् भन्ने कुरामा शङ्का छैन।

नरहरिनाथ (२०१०:२७)ले **गाङ्गूलपत्तनपशुपतिनाथमन्दिरदक्षिणद्वारि** अर्थात् **गाङ्गूलपत्तनमा पशुपतिनाथको मन्दिरको दक्षिण ढोकामा** भनी लेखेकाले **देवपाटनलाई गाङगुलपत्तन भनी सबैभन्दा पहिले योगी नरहरिनाथले सम्बोधन गर्नु भएको हो** भनी गोविन्द टण्डन (२०४४:१३)ले लेखेको साँचो ठहर्छ। यस गल्तीमा प्रमाणाभासको आधारमा मलजल गर्ने काम साढे दश वर्षपछि स्वयम्भूलाल श्रेष्ठ (२०२०)ले गरे। यसको साढे त्याइस वर्षपछि **गाङ्गूलपत्तन** भनेको **देउपाटन** होइन भन्ने कुराको सप्रमाण खण्डन गोविन्द टण्डन (२०४४:१३-१६)ले गरे। यसरी

---

① *मल्लवंशावली*मा **गाङ्गूल** शब्द जम्मा ६ ठाउँ (९०, ९२, ९३, १०५, ११२, १२१ श्लोक)मा आएको छ। छाप्दा मूलमा कहीँ **गाङ्गुल** (९०, ९२, १२१ श्लोक), कहीँ **गाङ्गूल** (९३, १०५ श्लोक) र कहीँ **गांगूल** (११२ श्लोक) भए पनि मैले यसको चर्चा गर्दा भने सर्वत्र **गाङ्गूल** लेखेको छु।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

परेका छन् । उनले तयार गरेको त्यही फेहरिस्तमा **गांगुलक** वा यसका रूपभेद ने.सं. १३५ (वि.सं. १०७२) देखि वि.सं. १८४२ सम्मका, १५ वटा अभिलेखमा परेका छन् । उनले मेहनत गरी यो फेहरिस्त तयार गरेका भए पनि उनले आफ्नो किताब छाप्नुभन्दा अघिबाटै छापिएका कृति उनले राम्रो नहेरेको देखिएकोले खोजी पस्दा त्यो सूची लम्ब्याउन[१६] र **गांगुलक** र उनले दिएका, यसका रूपभेद सच्याउन नसकिने[१७] होइन ।

खण्डन गरेको ९ वर्षपछि त्यही गल्ती साफल्य अमात्य (२०५३:६६-६८)ले दोहोऱ्याएको यताबाट देखिएको छ । लूछ्याह्यो पेतेकले वि.सं. २०१५ मा **त्यो ठाउँ (गांकूयलांग) चिन्न सकिएन (द प्लेस् क्यान्नट् बी आइडेन्टिफाइड्)**[②] र **गाङ्गूलपत्तन भन्ने शहर चिनिएको छैन (द टाउन् अफ् गाङ्गूल इज् अन्नोन्)**[③] भनी लेखे पनि **गाङ्गूलपत्तन** वा यसका रूपभेदले **काठमाडौँ** नै बुझाउँछन् भन्ने कुरामा संशोधन-मण्डललाई भने सन्देह थिएन भन्ने कुरा यस प्रसङ्गमा सम्झनुपर्छ ।[④]

१६. उदाहरणको लागि ने.सं. ५३१ (वि.सं. १४६७)मा सारिएको एउटा पुस्तकमा पाइएको **गङ्गुलक** (लूछ्याह्यो पेतेक २०४०:१६२ मा ४ सङ्ख्या) जगदीशचन्द्र रेग्मीको फेहरिस्तमा परेको छैन ।

१७. उदाहरणको लागि जगदीशचन्द्र रेग्मीअनुसार **गांगुलक**सम्बन्धी दोस्रो अर्थात् ने.सं. १४४ (वि.सं. १०८१)को सन्दर्भको पाठ **गाम्कूटलाम्गा**कै कुरा गरौँ । उनले यो नाउँ लूछ्याह्यो पेतेक (२०४०:३८)बाट सारेका हुन् भन्ने कुरा त्यही फेहरिस्तबाट बुझिन्छ । पूरै पदको, लूछ्याह्यो पेतेकले पढेको पाठ (२०४०:३७-३८ मा १ सङ्ख्या) **श्रीगांकूयलांगाधिवासिनः** छ । सबभन्दा पहिले यो पुष्पिका छपाउने हरप्रसाद शास्त्री (१९७१/७२:५)ले दिएको पाठ पनि यही हो । अघिबाट लूछ्याह्यो पेतेक (२०१५:३८ मा १ सङ्ख्या)ले दिएको पाठ भने **श्रीगांकुटलांगाधिवाषिणः** हो । वीरपुस्तकालयको *बृहत् सूचीपत्र* (पूर्णरत्न वज्राचार्य २०२३:८१)मा **श्रीगांकुटलांगाधिवाषिण** छ । मूलबाट रुजू गरेर दिनेशराज पन्त (२०३०:१२५ मा ७ सङ्ख्या)ले दिएको पाठ **श्रीगांकुयलांगाधिवाषिण** छ । लूछ्याह्यो पेतेकले रोमनमा उतारेको यो समस्तपद रोमनमा हाम्रा शब्द लेख्ने पद्धति राम्रो नबुझीकनै देवनागरीमा उतारेकोले, यस समस्तपदमा उत्तरपद **अधि॰** भएको खयाल नराखेकोले र पूर्वपद आकारान्त नभई अकारान्त हो भन्ने कुरा आफैँले उद्धरण गरेका अरू अरू प्रमाण (जगदीशचन्द्र रेग्मी २०५१:१०८-१०९ मा १, ६, ७, ९, ११, १२ सङ्ख्या)बाट पनि सिद्ध हुने कुरामा विचार नपुऱ्याएकोले जगदीशचन्द्र रेग्मीबाट यस्तो गल्ती हुन गएको हो ।[⑤]

---

② लूछ्याह्यो पेतेक २०१५:३८ मा १ सङ्ख्या ।

③ उही:१५७ मा १३ सङ्ख्या ।

④ उदाहरणको लागि शङ्करमान राजवंशी २०२१:३१ र दिनेशराज पन्त २०३०:१२६ हेर्नू । यो सन्दर्भ उनले ज्ञानमणि

⑤ **गांगुलक**सम्बन्धी, जगदीशचन्द्र रेग्मीको बाह्रौँ सन्दर्भ ने.सं. ७३४ (वि.सं. १६७०)को छ । यो सन्दर्भ भनेको ने.सं. ७३४ (वि.सं. नेपाल २०४०:३८ बाट उतारेका हुन् भन्ने कुरा त्यही फेहरिस्तबाट बुझिन्छ । यो सन्दर्भ भनेको ने.सं. ७३४ (वि.सं. १६७०) माघशुक्लअष्टमीको ताडपत्र हो । ज्ञानमणि नेपाल (२०४०:३८-३९)ले २२ वर्षअगाडि छपाइसकेको यस ताडपत्रलाई मैले अप्रकाशित भनी फेरि छपाएछु (महेशराज पन्त २०६२:३५-३६ = ६ सङ्ख्या)[❶] । ज्ञानमणि नेपालको पाठ मूलअनुसारको नभएकोले मैले छपाएको पाठ निरर्थक छैन भन्ने कुराको एउटा उदाहरण मूलमा **गाङ्गुलंगे** (१ पङ्क्ति) हुँदा हुँदै ज्ञानमणि नेपालले **गाङ्गुलङ्गे** पाठ दिएको र तदनुसार जगदीशचन्द्र रेग्मीले त्यसको प्रातिपदिकरूप हालेकोबाटै मात्र पनि स्पष्ट हुन्छ ।

ज्ञानमणि नेपालले दिएको, यस ताडपत्रको पाठ मूलअनुसारको नभएको कुराको केही थप दृष्टान्त मूलको **यंथनिह्यं** (१ पङ्क्ति)लाई **यथानिह्य**, मगुडि (१ पङ्क्ति)लाई मगुत्रि, मंङरागुथि (२ पङ्क्ति)लाई **मंहरागुछि, जित्रसिंह** (२ पङ्क्ति)लाई **जिवसिंह, बु रोव ३×**(२ पङ्क्ति)लाई **वुरोव ३, स्वादिनान वतुकं न्यायन** (२ पङ्क्ति)लाई **स्वादिनंवत्तुके न्यायेन, निमितेन जडि शंकत०ु व्यावाडपीडा** (२ पङ्क्ति)लाई **निमिते स जत्रिणं कृतिइव्या चात्र पीडा, पोलेस** (३ पङ्क्ति)लाई **यो लेस, याफु पो २** (३ पङ्क्ति)लाई **याङु यो २** भनी उनले पढेकोमा पाइन्छ ।

---

❶ फ्याक्सिमिलिको लागि महेशराज पन्त २०६२:४७ हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४. **यम्बु**[१८] अर्थात् काठमाडौँ शहरको उत्तरभाग र दक्षिणभागमा पर्ने टेबहालको इलाका फेरि उत्तर र दक्षिण गरी २ भागमा बाँडिई उत्तरभाग **सातिग्लक** वा त्यसका रूपभेदले र दक्षिणभाग **गाङ्गुलक** वा त्यसका रूपभेदले चिनिन्थ्यो भन्ने कुरा पनि यस प्रसङ्गमा भन्नुपर्छ ।[१९]

यस ताडपत्रमा काठमाडौँ बुझाउन **यम्बु** जस्ता शब्द नहाली **गांगुलपट्टन** र कुनै बेला काठमाडौँ शहरको दक्षिणभागलाई मात्र बुझाउने **काष्ठमण्डपनगर**[२०] मात्र लेखिएको छ । ने.सं. ७६३ (वि.सं. १६९९) का, भीम मल्लका २ वटा अभिलेखमा पनि यही क्रमले यी स्थाननाम आएको सम्झना यस प्रसङ्गमा हुन्छ ।[२१] अन्तचाहिँ

१८. गौतमवज्र वज्राचार्य (२०३१:९५)को खोजीअनुसार [...] **वर्तमान काठमाडौं शहरको उत्तरी भागमा पर्ने मखनटेल देखि लिएर वटुटेल, यट्खायेल, सिगल (काठेसिम्भू) तथा ठहिटीसम्मको प्रदेश यम्वुको इलाका भित्र पर्दा रहेछन् भन्ने कुरा विदित हुन्छ । परन्तु टेबहालको एउटा शिलापत्रमा शहरको दक्षिणी भागमा पर्ने टेबहाल पनि यम्वुकै इलाकाभित्र पर्ने भनी लेखिएको छ । त्यहांका अरू शिलापत्रमा पनि स्थान निर्देश गर्दा यस्तै लेखिएको छ । यताबाट टेबहाल शहरको दक्षिण भागमा परे पनि यम्बुकै इलाकाभित्र पर्ने रहेछ भन्ने थाहा हुन्छ ।** तर ने.सं. ५६५ (वि.सं. १५०२) आश्विनकृष्णनवमीको ताडपत्रमा [...] **श्रीयंबुमहानगरे श्रीसातिग्लके । श्रीथंबहिरि लिबिछें मद्धिवासीन** [...] (महेशराज पन्त २०५७ ग:१८ = २४ सङ्ख्याको १ पङ्क्ति), ने.सं. ५७२ (वि.सं. १५०९) वैशाखकृष्णदशमीको ताडपत्रमा [...] **श्रीयंबूमहानगरे । श्रीसातीगलके । श्रीथंविहारी लिबीछे गृहवाष्टव्य** [...] (महेशराज पन्त २०५० क:१०-११ = २४ सङ्ख्याको १ पङ्क्ति), ने.सं. ७४६ (वि.सं. १६८२) माघशुक्लचतुर्थीको ताडपत्रमा [...] **श्रीयम्बुमाहानगरे ˎश्रीसातिङ्गलके ˎश्रीथंबहिरि भिष्माशिरमाहाविहारधिवासिनां ˎथंथु गाबाहार छें** [...]① मा र ने.सं. ८५८ (वि.सं. १७९४) माघशुक्लद्वादशीको ताडपत्रमा **भीष्मशिरमहाविहारस्थाने थाबहिरि** (महेशराज पन्त छापिन बाँकी कमा मूलको १ पङ्क्ति) देखिएकोले यस विषयमा पुनर्विचार गर्नुपर्ने देखिन्छ ।②

१९. यस विषयमा सप्रमाण पछि लेखिनेछ ।

२०. यस विषयमा खुलाएर पछि लेखिनेछ ।

२१. ने.सं. ७६३ (वि.सं. १६९९) कार्तिकशुक्लद्वादशीको, यट्खाटोलमा भारतीभवनभित्रको शिवमन्दिरको शिलापत्रमा **श्रीगाङ्गुलपत्तने③ आर्यावर्त्तदिशे काष्ठमंडपनगरे** (डिल्लीरमण रेग्मी २०२३:७९-८० = ४५ सङ्ख्या) र त्यही सालको

① मैले यस ताडपत्रको पाठ छपाउँदा **भिमाशिरमाहाविहारधिवासिनां** (महेशराज पन्त २०५५:३०-३१ = ३९ सङ्ख्याको १ पङ्क्ति) पढेको थिएँ । अघिबाटै छापिइसकेको यादै नगर्ने बानीअनुसार सिद्धिरत्न शाक्यभिक्षु (२०६०:९१-९२)ले यसको पाठ फेरि छपाएका छन् । त्यहाँ उनले **भिष्मशिर माहाविहारधिवासिना** पाठ दिएका छन् । माइक्रोफिल्मबाट तयार गरिएको फोटो (नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजना❶को रील नम्बर १५३४/४१) अहिले हेर्दा सम्बद्ध अंशको पाठ माथि दिएअनुसारको देखियो । कुरा के रहेछ भने भि र शिको बीचको अक्षरको फाँच जोडेमोडेको अक्षरको जस्तो भएको कुराको खयाल नराखी मैले त्यस संयुक्तवर्णमा माको अगाडि जोडिएको, के हो भनी खुट्ट्याउने नसकिने अक्षरलाई मोटो टाँकाको मा भनी पढेछु । सिद्धिरत्न शाक्यभिक्षुले चाहिँ माको अगाडि जोडिएको अक्षर प्रसङ्गानुरोधले ष भनी खुट्ट्याई ष्म पढेछन् । उनले ष्म भनी पढेको ठीक देखिए पनि ष्ममा लागेको कान्नानी छुटाएछन् । यही टिप्पणीमा उद्धरण गरिएको अंशमा उनको पाठमा °**धिवासिनां**को नांमा अनुस्वार छुटेको छ भनी यहाँ सम्बन्ध नभए पनि भन्नुपर्छ ।

② मैले यंगललाई **काठमाडौँको उत्तरी भाग** (महेशराज पन्त २०४५:२९) र यंबुलाई **काठमाडौँको दक्षिणी भाग** (उही:३०) भनी गल्ती गरेको रहेछु ।

③ अन्त सर्वत्र यो शब्द गाबाट उठेकोमा यस शिलापत्रको, डिल्लीरमण रेग्मीले छपाएको पाठमा जाबाट उठेको देख्दा कहीँ भ्रमवश जा छापिन गएको हो कि भन्ने शङ्काले मूल शिलापत्र हेर्न म गएँ । तर मन्दिर पस्ने ढोका नै सधैँ बन्द गर्ने

❶ यस लेखमा आइन्दा यसको लागि ने.ज.ह.ग्र.सं.प. मात्र लेखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस दानपत्रमा जस्तै गांगुलपट्टनपछि आर्यावर्त्तदेश आए पनि त्यसपछि श्रीमत्कान्तिपुरमहानगर आएपछि मात्र श्रीकाष्ठमण्डप आउँछ र यहाँ काष्ठमण्डपमा जोडिएको नगरको ठाउँमा स्थान आएको छ।[२२]

कार्तिकपूर्णिमाको ताम्रपत्रमा **श्रीगांगुलपत्तने आर्यावर्त्तदेशे काष्टमण्डपनगरे**③ (मूलका २-३ पङ्क्ति)।

२२. उदाहरणको लागि ने.सं. ७७७ (वि.सं. १७१३) मार्गकृष्णनवमीको, प्रताप मल्लले हनूमान्ढोका मोहनचोकमा राखेको भूगोलको उत्कीर्ण लेखमा **गांगुलपट्टने आर्यावर्त्तदेशे श्रीमत्कान्तिपुरमहानगरे श्रीकाष्ठमण्डपस्थाने** (गौतमवज्र वज्राचार्य २०३३:२१२-२१७ = २५ संख्याको ३ पङ्क्ति); ने.सं. ७८८ (वि.सं. १७२४) माघशुक्लपञ्चमीको, प्रताप मल्लको पालाको ताम्रपत्रमा **गांगुलपत्तने आर्यावर्तदेशे श्रीमत्कांतिपुरमहानगरे काष्ठमण्डपस्थाने** (गोविन्द टण्डन २०५६:६९-७० = परिशिष्ट- ४५ को ३ पङ्क्ति); ने.सं. ८१० (वि.सं. १७४६) कार्तिककृष्णद्वितीयाको, ऋद्धिलक्ष्मीको, माजुदेवलको शिलापत्रमा **श्रीगाङ्गुलपट्टने ˎआर्य्यावर्त्तदेशे ˎ श्रीमत्कान्तिपुरमहानगरे ˎकाष्ठमण्डपस्थाने** (मूलका १९-२० पङ्क्ति);⑤ ने.सं. ८३१ (वि.सं. १७६८) वैशाखशुक्लपञ्चमीको, भुवनलक्ष्मीको ताम्रपत्रमा **श्रीगाङ्गुलपट्टने आर्य्यावर्त्तदेशे श्रीकान्तिपुरमहानगरे काष्ठमंडपस्थाने** (मूलको २ पङ्क्ति);⑥ ने.सं. ८३४ (वि.सं. १७७१) वैशाखशुक्लतृतीयाको, भुवनलक्ष्मीको अभिलेखमा **श्रीगांगुलपट्टने आर्यावर्तदेसे श्रीश्रीमत्कान्तीपूरमहानगरे काष्टमंडपस्थाने** (गौतमवज्र वज्राचार्य २०३३:२५४-२५५ = ५८ संख्या); ने.सं. ८४३ (वि.सं १७८०) वैशाखपूर्णिमाको, जगज्जय मल्लको ताम्रपत्रमा **श्रीगाङ्गुलपट्टने आर्य्यावर्त्तदेशे श्रीमत्कान्तिपुरमहानगरे काष्ठमण्डपस्थाने** (उही:२५६-२५७ = ६२ संख्याको २ पङ्क्ति); ने.सं. ८५७ (वि.सं. १७९४) ज्येष्ठशुक्लपञ्चमीको रामकोटको शिलापत्रमा **श्रीश्रीगांगूलपट्टने आर्य्यावर्त्तदेशे श्रीमत्कान्तिपुरमहानगले काष्ठमण्डपस्थाने** (हरिराम जोशी २०४१:२० = मूलका ६-७ पङ्क्ति); ने.सं. ८७४ (वि.सं. १८११) आषाढशुक्लचतुर्दशीको, जयप्रकाश मल्लको ताम्रपत्रमा **श्रीगांगुलपत्तने आर्यावर्तदेशे श्रीमत्कान्तिपुरमहानगरे श्रीकाष्ठमण्डपस्थाने**⑦ (कल्पना श्रेष्ठ २०५१:५ मा परिशिष्ट- १); त्यही मितिको अर्को ताम्रपत्रमा **श्रीगांगुलपत्तने आर्यावर्तदेशे श्रीमत्कान्तिपुरमहानगरे श्रीकाष्ठमण्डपस्थाने**⑧ (उही:६ मा परिशिष्ट- २); ने.सं. ८८३ (वि.सं. १८१९) मार्गकृष्णपञ्चमीको, जयप्रकाश मल्लको ताम्रपत्रमा **श्रीगाङ्गुलपट्टने आर्य्यावर्त्तदेशे श्रीमत्कान्तिपुरमहानगरे काष्ठमण्डपस्थाने** (गोविन्द टण्डन २०५६:७३ = परिशिष्ट- ४८ का ३-४ पङ्क्ति); ने.सं. ८८४ (वि.सं. १८२१) श्रावणशुक्लद्वितीयाको, जयप्रकाश मल्लको ताम्रपत्रमा **श्रीगांगूलपतने आर्यावर्त्तदेशे श्रीमत्कान्ति⑨पुरमहानगले श्रीकाष्ठमण्डपस्थाने** (नरहरिनाथ २०१३:४५५-४५६ = मूलका ३-४ पङ्क्ति); ने.सं. ८९५ (वि.सं. १८३२) ज्येष्ठकृष्णचतुर्दशीको, कङ्केश्वरी इन्द्रसभाटोलको शिलापत्रमा **श्रीगांगुलगपट्टने आर्य्यावत्तदेशे श्रीमत्कान्तिपुरमहानगर काष्ठमण्डपस्थाने** (राष्ट्रिय अभिलेखालय २०५१:१३१ सङ्ख्याका ४-५ पङ्क्ति)।

गरेकोले शिलापत्र हेर्न पाइएन। यसको रबिङ वा फोटो पनि मैले देखेको छैन। डिल्लीरमण रेग्मीको पाठ मूलअनुसारको नभएको जस्तो लागेकोले मैले माथि संशोधन गरेको हुँ।

④ गोविन्द टण्डन २०५६:१६५ = परिशिष्ट-२६ मा यस ताम्रपत्रको पाठ छापिएको छ। माथि दिइएको पाठ मूलअनुसारको (ने.ज.ह.ग्र.सं.प.को माइक्रोफिल्मको रील नं. पीएन् २/६) हो।

⑤ गौतमवज्र वज्राचार्य २०३३:२३९-२४३ = ४६ संख्यामा यस शिलापत्रको पाठ छापिएको छ। माथि दिइएको पाठ मूलसँग रुजू गरी दिइएको हो।

⑥ उही:२४७-२५४ = ५७ संख्यामा यस ताम्रपत्रको पाठ नकलबाट उतारी छापिएको छ। माथि दिइएको पाठ मूलअनुसारको हो।

⑦ यो ताम्रपत्र, यसको रबिङ वा फोटो मैले देखेको छैन। कल्पना श्रेष्ठले दिएको पाठ **श्री गांगुल पत्तने आर्यवत देशे श्रीमत् कान्तिपुर महानगरे श्री काष्ठमण्डपस्य** नै मूलअनुसारको नभएको जस्तो लागेकोले मैले माथि संशोधन गरेको हुँ।

⑧ यो ताम्रपत्र, यसको रबिङ वा फोटो मैले देखेको छैन। कल्पना श्रेष्ठले दिएको पाठ **श्री गोगुल पत्तने आर्यवर्त देशे श्रीमत् कान्तिपुर महानगरे श्री काष्ठमण्डपस्य** नै मूलअनुसारको नभएको जस्तो लागेकोले मैले माथि संशोधन गरेको हुँ।

⑨ प्रूफको गल्तीले त्यहाँ **श्रीमत्कान्ति°** छापिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

५. दान दिइएको खेत **ओसिखुगाम**को तलको (**को**) हो भन्ने कुरा यस दानपत्रबाट थाहा हुन्छ। त्यो खेत चिनाउँदा **स्थानस्य उर्त्तरदिशि** अर्थात् **स्थान**[२३]**देखि उत्तर दिशामा** भनी यहाँ लेखिएकोले काठमाडौँ शहरदेखि उत्तरपट्टि त्यो खेत भएको बुझिन्छ। त्यस खेतको चारकिल्ला खुलाउँदा **नद्यायां पूर्वत** अर्थात् **नदीदेखि पूर्वपट्टि** भनी यहाँ लेखिएकोले त्यस खेतको पश्चिमपट्टि नदी बग्ने गरेको स्पष्ट हुन्छ। त्यस गाउँको नाउँ **ओसिखु** भएकोले र नेवारीमा नदीलाई **खु** भनिने हुनाले नदीको नजीकै रहेको त्यस गाउँको नाउँ त्यही नदीको नाउँबाट रहेको देखिन्छ। **ओसिखु** भन्ने यो खोला अहिले प्रख्यात नभएकोले काठमाडौँको उत्तर भागमा बग्ने कुनै खहरे यो हुनुपर्छ भन्ने मलाई लाग्छ। यसको शब्दशः अर्थ गर्दा **नीर रङ्गको**[२४] **खोला** भन्ने हुन्छ।

यस ताडपत्रभन्दा झण्डै १४२ वर्षअगाडिको, ने.सं. ७०५ (वि.सं. १६४१) फाल्गुनशुक्लपञ्चमीको ताडपत्रमा पनि यही ठाउँको खेतको चर्चा आएको छ। कुरा के भने राजा शिवसिंहले **यम्बु** तँलाछिटोल (**तमराछे-टेल**)[२५]को खाबहाल (**खातबाहारटेल**)[२६] बस्ने पन्दुमराजलाई ४४ टङ्कामा **वशिषु**को ८ रोपनी खेत बेचेका थिए। त्यहाँ पनि **वशिषु**लाई **स्थानस्य उत्तरदिसि प्रदेशे** अर्थात् **स्थानको उत्तरदिशाको प्रदेशमा** भनी चिनाइएको छ।[२७]

६. यस ताडपत्रभन्दा २७ वर्ष जतिपछिको ने.सं. ८७३ (वि.सं. १८०९) माघकृष्णचतुर्दशीको, नारायण भट्टको नरदेवी भट्टचोकको शिलापत्रमा पनि **ओसिखु**को जग्गा गूठी राखेको कुरा आएको छ।[२८]

७. लिखतमा मिति दिँदा सामान्यतया वार नहाल्ने चलन भए पनि[२९] दानधर्मसम्बन्धी लिखतमा चाहिँ सबैमा त होइन, केहीमा मिति दिँदा वारसमेत हाल्ने चलन भएकोले[३०] यसैले यस दानपत्रमा वार हालिएको हो।

---

२३. **स्थान**को अर्थको लागि महेशराज पन्त २०६४ खः §१४ = २०२-२०४ हेर्नू।

२४. उदाहरणको लागि पन्नाप्रसाद जोशी २०१२ मा **वसि**मा हेर्नू।

२५. यस नामको रूपभेदको विषयमा पछि लेखिनेछ।

२६. ने.सं. ७०५ (वि.सं. १६४१) फाल्गुनशुक्लपञ्चमीको ताडपत्रमा यहाँ जस्तै **खातबाहारटेल** (महेशराज पन्त २०५७ खः३७ = ९ सङ्ख्याको १ पङ्क्ति) र ने.सं. ७०९ (वि.सं. १६४५) फाल्गुनअमावास्याको ताडपत्रमा चाहिँ **खारबाहार** (महेशराज पन्त छापिन बाँकी खमा मूलको १ पङ्क्ति) आएको छ। नेपालखाल्डोका तीन शहरका विहारसम्बन्धी मोटो किताब (जान कर लाक २०४१/४२)मा यो बहाल नचढे पनि मसिनो किताब (रत्नकाजी वज्राचार्य र विजयरत्न वज्राचार्य २०३९:२२)मा भने चढेको छ।

२७. महेशराज पन्त २०५७ खः३७ = ९ सङ्ख्या।①

२८. महेशराज पन्त छापिन बाँकी गमा ७ सङ्ख्याका २३, ३२ पङ्क्ति।

२९. यसका अपवादका उदाहरण ने.सं. ७२१ (वि.सं. १६५७) फाल्गुनकृष्णप्रतिपदा (महेशराज पन्त २०५० गः७ = ७७ सङ्ख्याको ३ पङ्क्ति) र ने.सं ७२६ (वि.सं. १६६३) आश्विनशुक्लअष्टमी (उही २०५७ ङः५७ = ३ सङ्ख्याको ३ पङ्क्ति)का ताडपत्रमा पाइएका छन्। यी दुवै ताडपत्र राजा शिवसिंहका हुनु र यी दुवैमा वार सोम हुनु चाखलाग्दो छ।

---

① यसको मिति पहिलेपटक **सम्वत् ७०५ भान्दवशुद्धि ५** (उही २०४५:३० = ३ सङ्ख्यामा २ पङ्क्ति) र दोस्रोपटक **सम्वत् ७०५ फाल्गुनशुद्धि ५** (उही २०५७ खः३७-३८ = ९ सङ्ख्यामा २ पङ्क्ति) पढी त्यही ताडपत्र मैले २ पटक छपाएछु। वास्तवमा दोस्रो मिति मूलअनुसारको हो। पहिलेपटक यो ताडपत्र छपाउँदा मैले **खातबाहार ढोह** (उही २०४५:३० = ३ सङ्ख्यामा १ पङ्क्ति) र दोस्रोपटक **खातबाहारयेल** (उही २०५७ खः३७-३८ = ९ सङ्ख्यामा १ पङ्क्ति) छपाए पनि मूलमा भने **खातबाहारयेह** छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

८. दशदान गर्ने चलनको विषयमा शिवराज आचार्य कौण्डिन्न्यायनले यस्तो

> **अभ्युदयका लागि जैलेसुकै पनि दशदान गर्न हुञ्छ भन्ने लघुस्मृतिपुराणवचन देखिञ्छन् तापनि मोर्न लागेका व्यक्तिले सद्गति प्राप्त होस् भनि गाइ, भूमि, तिल, सुन, घिउ, वस्त्र, धान, गुड, चाँदि, नुन इ दसथोकको दान गर्न पर्छ भन्ने लोकप्रसिद्धि छ। वास्तवमा यो दशदान प्रायश्चित्तको अङ्ग भएको बुजिञ्छ। पूर्वपश्चिम सबैतिरका नेपालि पुर्बिया ब्राह्मणादिको प्रचलित प्राचीन अन्त्यपद्धति बनाउने ४०० वर्ष जति अगिका तनुङ्का मानुङ्का रामोपाध्याय सूरिले उक्त अन्त्यपद्धतिमा इ दशदानको चर्चै गरेका छैनन्। सत्कर्मरत्नावलिकारले पनि इ दशदानहरुको उल्लेख गरे पनि इ दशदान गर्ने पद्धति भने देखाएका छैनन्। ऐले बजारमा पाँइने अन्त्यपद्धतिहरुमा भएका दशदानपद्धतिका कुरा पछिकाले आँफुखुसि थपेका कुरा हुन्। भूमिदान राजाले गर्नि हो, अरुले भूमिदानको साटे पनि गोदान गरे हुञ्छ भन्ने कुरा हिजो-अस्तिका पौराणिक नौनिधिरामले बनाएको सारोद्धार गरुडपुराणमा पाँइञ्छ। मूल गरुडपुराणमा त्यो वचन देखिँदैन। महाभारतका अनुशासनपर्वमा र भविष्य-पुराणमा भूमिदान क्षत्रियले मात्र गर्ने हो भन्ने कुरा पाँइञ्छ। माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखा-शतपथब्राह्मणमा भने भूमिदान गर्ने अधिकार कसैलाइ पनि नभएको कुरा पाँइञ्छ।**[३१]

लेखे पनि ब्राह्मणले नै झण्डै २८४ वर्षअगाडि दशदानमा भूमिदान गरेको प्रमाण यस दानपत्रबाट पाइएकोले उनको लेखाइ अमूल छ भनी भनिरहनु नपर्ला, होइन भने यो दान शास्त्रविरुद्ध हो भनी उनले सिद्ध गर्न सक्नुपर्छ।

९. बाहुनी बुझाउन यस दानपत्रमा **विप्रनि** लेखिएको छ। त्यसताकाका, संस्कृतमा लेखिएका लिखतपत्रमा अशक्त्या नेवारी अंश घुसे जस्तै पुंलिङ्गी शब्दको स्त्रीलिङ्गी रूप बनाउँदा पनि संस्कृत व्याकरणको नियमको अनुसरण नगरी संस्कृतको **आनुक्** (आन्) आगमसहितको **ङीष्** (ई) प्रत्यय अर्थात् आनी (*अष्टाध्यायी* ४।१।४९)बाट विकसित **नि/नी** प्रत्यय सर्वत्र जोडी संस्कृतभाषामै प्राचीनकालमै **भिक्षु**को स्त्रीलिङ्गी रूप **भिक्षुणी**[३२]

---

३०. द नेवार् डीड्ज़् जेन्अर्अल्लि स्टेट् द वीक्डे ओन्लि ह्वेन् द ट्रान्ज्याक्शन् इन्भ्ल्भ्ज़् अ डोनेशन् टु अ डीइटि (कारोवारमा देवतालाई चढाएको कुरा हुँदा मात्र नेवार लिखतहरूमा सामान्यतया वार हालेको हुन्छ) भनी मैले लेखेको कुरा (महेशराज पन्त २०५३ ख:१६१)मा अव्याप्तिदोष पर्न गएको यही एउटा ताडपत्रबाट पनि स्पष्ट हुन्छ।

३१. शिवराज आचार्य कौण्डिन्न्यायन २०६५:६२। उही २०६२:५७८-५७९ मा पनि यिनै वाक्य छन्, कहीं कहीं केही शब्द फरक छन् –
माथि उद्धृत अंशको चारौँ पङ्क्तिको वाक्य शिवराज आचार्य कौण्डिन्न्यायन २०६५ मा **पूर्वपश्चिम सबैतिरका नेपालि पुर्बियाबाट** उठेकोमा उही २०६२ मा चाहिं **नेपालि पुर्बियाबाट** उठेको छ। पाँचौँ पङ्क्तिमा उही २०६५ मा **तनुङ्का मानुङ्का रामोपाध्याय सूरिले** भएकोमा उही २०६२ मा चाहिँ **रामोपाध्याय सूरिले** मात्र छ। दशौँ पङ्क्तिको वाक्य उही २०६५ मा **महाभारतका अनुशासनपर्वमाबाट** उठेकोमा उही २०६२ मा चाहिँ **अनुशासनपर्वमाबाट** उठेको छ। उपान्त्य पङ्क्तिमा उही २०६५ मा **शुक्लयजुर्वेदशाखा** भएकोमा उही २०६२ मा चाहिँ **शुक्लयजुर्वेद** मात्र छ।

३२. ताडपत्रमा आएको **भिक्षुणी** शब्दका उदाहरण– ने.सं. १८९ (वि.सं. ११२५) चैत्रकृष्णसप्तमी (बेर्न्हार्त कोल्फर र हेमराज शाक्य २०४२:१९१ = ५१ सङ्ख्याको १ पङ्क्ति), ने.सं. ३६५ (वि.सं. १३०२) वैशाखशुक्लपञ्चमी (महेशराज पन्त २०४७:३ मा १ सङ्ख्याको २ पङ्क्ति)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चले जस्तै पुंलिङ्गी शब्दको अन्त्यमा न आउँदा नको ठाउँमा नी हुने अर्थात् ई थपिने[३३] र नबाहेक अरू अक्षर हुँदा नी[३४] थपिएका, कारजि/कार्जि/कार्जी/ काज्र्जी[३५]/कालजि[३६]को कार्जिनि[३७]/कालजिनि,[३८] कुटुम्बजको कुतुंबजनि,[३९] चित्रकार[४०]को चेत्रकारनी[४१]/चैत्रकार्नि,[४२] ठाकुरको ठाकुरनि,[४३] मानन्धरको मानध्रनि[४४]/ मानंध्रनी,[४५]

---

३३. महर्जनको स्त्रीलिङ्गी रूपका उदाहरण माहाजनी ने.सं. ८३० (वि.सं. १७६७) आषाढकृष्णअष्टमी (उही छापिन बाँकी घमा ९ सङ्ख्याको १ पङ्क्ति)को र महजनी ने.सं. ८७८ (वि.सं. १८१४) मार्गशुक्लप्रतिपदा (उहीमा १४ सङ्ख्याको २ पङ्क्ति)को ताडपत्रमा देखिएको छ ।

३४. स्त्रीलिङ्गी प्रत्यय नी तात्कालिक लेखमा नि भएर पनि आएको छ । यसले खालि लेखाइमा ऐकरूप्य नभएको जनाउँछ ।

३५. [...] **योगीदेवकार्ज्जिना ៸ षड्रोपणिकं क्षेत्रं सद्गोगोस्थिकृत्य सम्प्रदत्तमेतदन्यथाकर्त्ता पंचमहापातकी भविष्यतीति ।।** भन्ने ने.सं. ८०३ (वि.सं. १७३९) माघपूर्णिमाको ताडपत्रको २ पङ्क्ति①मा भएकोले कार्ज्जीलाई नकारान्त पुंलिङ्गी शब्द मानेको देखिन्छ । कारजिका, वतन खुलाइएका, काठमाडौँका सबै लिखत ज्याबहालटोलतिर मात्र भेटिएकाले② र आजभोलि पनि त्यतैतिर कारञ्जित अर्थात् भाहरूको बस्ती भएकोले यो जातिनाम कारञ्जितको पूर्वरूप हुन सक्छ ।

३६. ने.सं. ८६३ (वि.सं. १८००) आषाढशुक्लद्वादशीको ताडपत्र (महेशराज पन्त छापिन बाँकी घमा १२ सङ्ख्या)मा एक ठाउँमा कालरजि (२ पङ्क्ति) र अर्को ठाउँमा कालजि (३ पङ्क्ति) आएकोले लेख्दा एउटा अक्षर बढी हुन गएको देखिन्छ ।

३७. ने.सं. ८२१ (वि.सं. १७५८) भाद्रशुक्लसप्तमीको ताडपत्र (उही २०५७ च:५८ = ५ सङ्ख्याको १ पङ्क्ति) ।

३८. ने.सं. ८७६ (वि.सं. १८१३) ज्येष्ठशुक्लषष्ठी (उही छापिन बाँकी घमा १३ सङ्ख्याको १ पङ्क्ति) र मिति नष्ट भइसकेको (उहीमा १५ सङ्ख्याको १ पङ्क्ति) ताडपत्र ।

३९. ने.सं. ५१६ (वि.सं. १४५३) चैत्रकृष्णसप्तमीको ताडपत्र (उही २०५६ ख:७ = ९ सङ्ख्याको १ पङ्क्ति) ।

४०. शुद्ध रूप **चित्रकार** नभई **चित्रकर** (*अष्टाध्यायी* ३।२।२१ हेर्नू) भए पनि लोकमा **चित्रकार** चलेको छ । नेवारकालका लिखतमा भने खास गरी **चैत्रकार** र **चेत्रकार** चलेको भए पनि आकलभुकल **चित्रकार**③ पनि नभेटिने होइन ।

४१. ने.सं. ५४२ (वि.सं. १४७८) माघकृष्णचतुर्दशी (महेशराज पन्त छापिन बाँकी घमा २ सङ्ख्याको १ पङ्क्ति), ने.सं. ५४४ (वि.सं. १४८१) श्रावणकृष्णत्रयोदशी (उहीमा ३ सङ्ख्याको १ पङ्क्ति), ने.सं. ६०४ (वि.सं. १५४०) चैत्रकृष्णसप्तमी (उहीमा ४ सङ्ख्याको १ पङ्क्ति)को ताडपत्र ।

४२. ने.सं. ६६१ (वि.सं. १५९८) श्रावणशुक्लषष्ठी (उहीमा ७ सङ्ख्याको १ पङ्क्ति) ।④ यहाँ अकारान्त रको ठाउँमा

---

① यो पत्र उही छापिन बाँकी ङमा प्रकाशित हुन्छ ।

② यी सबै पत्र उहीमा प्रकाशित हुन्छ ।

③ ने.सं. ८४४ (वि.सं. १७८०) मार्गकृष्णचतुर्दशीको ताडपत्र (उही छापिन बाँकी चमा मूलको १ पङ्क्ति) ।

④ यिनका अपवाद **चैत्रकारिनि** (ने.सं. ७९५ (वि.सं. १७३२) आषाढकृष्णपञ्चमीको ताडपत्र = उही २०५७ ख:४३ मा १८ सङ्ख्या) र **चैत्रकारीनि** (ने.सं. ७९६ (वि.सं. १७३३) आषाढशुक्लपञ्चमीको ताडपत्र = हेमराज शाक्य र तुलसीराम वैद्य २०२७:४२ मा १९ सङ्ख्याको १ पङ्क्ति)❶मा देखिएको छ । दुवैमा अकारान्त नाममा अन्त्यको स्वरको बदलामा स्त्रीप्रत्यय इनी लागेको छ ।❷ यस्तो रूप बौद्धहरूको संस्कृतमा पनि पाइने कुरा नउनी बुझाउने नापितिनी❸ शब्दले देखाएको छ ।

---

❶ त्यहाँ देवनागरीमा पाठ दिँदा सम्बद्ध पदमा चौथो अक्षर अलि अस्पष्ट छापिएको छ र त्यो रौ जस्तो देखिन्छ । रौभन्दा री हुनु बढी सम्भव भएकोले मैले री बनाएको हुँ ।

❷ खुलाएर भन्दा यिनमा पहिलोमा इनि र दोस्रोमा ईनि लागेको छ ।

❸ *कालचक्रतन्त्र* अभिषेकपटलमा १२६ श्लोकमा *विमलप्रभा* (सग्दोङ् रिन्पोछे २०५१:११२)मा ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मालाकारको मालाकारनि[४६]/मालाकारनी,[४७] रजकको रजिकनी,[४८] र वास्तव्यको वास्तव्यनि[४९]/वास्तव्यनी[५०] जस्ता

हलन्त र् भएको छ । यसले अन्त्यको अको उच्चारण नहुने कुरा देखाउँछ ।

४३. ने.सं. ५१६ (वि.सं. १४५३) चैत्रकृष्णसप्तमीको ताडपत्र (उही २०५६ ख:७ = ९ सङ्ख्याको १ पङ्क्ति) ।⑤

४४. ने.सं. ६३२ (वि.सं. १५६८) पौषकृष्णसप्तमीको ताडपत्र (उही छापिन बाँकी घमा ५ सङ्ख्याको १ पङ्क्ति) ।

४५. ने.सं. ८६२ (वि.सं. १७९८) कार्तिकशुक्लनवमीको ताडपत्र (उहीमा ११ सङ्ख्याको १ पङ्क्ति) ।⑥

४६. ने.सं. ५९९ (वि.सं. १५३५) माघकृष्णएकादशीको ताडपत्र (उही २०५० क:२० = ३५ सङ्ख्याको १ पङ्क्ति) ।

४७. ने.सं. ५१५ (वि.सं. १४५१) पौषशुक्लपञ्चमी (उही २०५६ ख:६ = ७ सङ्ख्याको १ पङ्क्ति), ने.सं. ५४९ (वि.सं. १४८५) चैत्रकृष्णचतुर्थी (उही २०५७ क:३० = ३६ सङ्ख्याको १ पङ्क्ति)को ताडपत्र ।⑦

४८. ने.सं. ५३१ (वि.सं. १४६७) मार्गकृष्णचतुर्थीको ताडपत्र (उही छापिन बाँकी घमा १ सङ्ख्याको २ पङ्क्ति) ।

४९. ने.सं. ५८३ (वि.सं. १५१९) पौषकृष्णपञ्चमीको ताडपत्र (उही २०५७ घ:१५ = १८ सङ्ख्याको १ पङ्क्ति) । यहाँ वास्तव्यनिपछि विसर्ग छ ।

५०. ने.सं. ४२६ (वि.सं. १३६३) चैत्रपूर्णिमाको (उही २०४७:७ = ५ सङ्ख्याको १ पङ्क्ति), ने.सं. ५३८ (वि.सं. १४७५) ज्येष्ठशुक्लषष्ठीको (उही २०५७ क:२०-२१ = २४ सङ्ख्याको १ पङ्क्ति), ने.सं. ५८२ (वि.सं.

---

⑤ संसारदेवीको ४५ दिनमा, ने.सं ५६७ (वि.सं. १५०३)मा राखिएको ताम्रपत्रको नेवारी खण्डमा ठाकुरको स्त्रीलिङ्गी रूप ठकुरिणी (महेशराज पन्त २०६३:१-५ = मूलका ६, ७, ८ पङ्क्ति; १४ पङ्क्तिमा २ पल्ट), ठकूरिणि (उही: मूलको २१ पङ्क्ति) वा ठकूरिणी (उही २१ पङ्क्ति)मा चाहिँ इनी प्रत्यय मात्र नलागी आदिवर्ण पनि ह्रस्व भएको उदाहरण पाइन्छ ।

⑥ संस्कृतको लिखतमा जस्तै पूरै नेवारीको लिखतमा पनि कारजिनि (ने.सं. ७०६ (वि.सं. १६४२) फाल्गुनकृष्णतृतीयाको ताम्रपत्र = उही छापिन बाँकी घमा ८ सङ्ख्याको ३ पङ्क्ति), नायकिनि (ने.सं. २३५ (वि.सं. ११७१) मार्गकृष्णचतुर्थी❶ को ताडपत्र = धनवज्र वज्राचार्य २०४१:१४ मा मूलको ४ पङ्क्तिमा २ पल्ट) र मानंध्रनी (ने.सं. ८४० (वि.सं. १७७६) पौषशुक्लद्वादशीको ताडपत्र = महेशराज पन्त छापिन बाँकी घमा १० सङ्ख्याको १ पङ्क्ति) भेटिएको छ❷। दोस्रो उदाहरणमा अकारान्त नाममा अन्त्यको स्वरको बदलामा स्त्रीप्रत्यय इनी लागेको छ ।

⑦ यसको अपवाद मालाकारिनी (ने.सं. ६०३ (वि.सं. १५४०) आश्विनकृष्णनवमीको ताडपत्र = उही २०६०:२ मा २ सङ्ख्याको १ पङ्क्ति)मा देखिएको छ । यहाँ अकारान्त नाममा अन्त्यको स्वरको बदलामा स्त्रीप्रत्यय इनी लागेको छ ।

---

❶ यस ताडपत्रको मिति हेमराज शाक्य (२०३७:७)ले सम्वत् २३५ मार्गशिर कृष्ण चतुर्दश्याम् पढेकोमा धनवज्र वज्राचार्य (२०४१:१४)ले सम्वत २३५ मार्ग सिर कृष्ण चतुर्थ्या पढेका छन् । कमलप्रकाश मल्ल (२०४७:२०)ले सम्बत आ ल ह (२३५) मार्गसिर कृष्ण चतुर्दश्याम, मदनसेन वज्राचार्य (२०५६:६०)ले सम्वत् आ ल हृ मार्ग सिर कृष्ण चतुर्दश्याम र काशीनाथ तमोट (२०५८:६)ले सम्बत आ ल हृ (२३५) मार्गसिर कृष्ण चतु(र्द)श्या* छपाएका छन् । झीनामसिना कुरा छोड्ने हो भने धनवज्र वज्राचार्यबाहेक सबैले यसको मिति दिँदा तिथि चतुर्दशी र उनले चाहिँ चतुर्थी पढेको स्पष्ट छ । कमलप्रकाश मल्लले छपाएको, यस ताडपत्रको फ्याक्सिमिलि (२०४७:२७ पृष्ठअगाडिको)मा स्पष्ट नदेखिए पनि ने.ज.ह.ग्र.सं.प.को रील नं. ई १४०३/१३ बाट तयार गरिएको फोटोमा चतुर्थ्यासम्म स्पष्ट देखिने हुनाले त्यहाँ चतुर्दशीको अवकाश छैन ।

❷ संस्कृतेतर, आजभोलिको डंगोलको पूर्वरूप डंगुरको स्त्रीलिङ्ग डंगुरिनि ने.सं. ५१५ (वि.सं. १४५१) पौषशुक्लपञ्चमीको ताडपत्र (महेशराज पन्त २०५६ ख:६ = ७ सङ्ख्याको १ पङ्क्ति)मा देखिएको छ ।

★ "नियम परिभाषा पत्रिका" नेपाल भाषाया थौं तकं स्यूगु दक्वसिबय् पुलांगु ने.सं. २३५ थिंलागा ४ या ताडपत्र अभिलेखया नां खः (नियमपरिभाषापत्रिका नेवारीको आजसम्म थाहा भएको सबभन्दा पुरानो ने.सं. २३५ मार्गकृष्ण ४ को ताडपत्र-अभिलेखको नाउँ हो) भनी काशीनाथ तमोट (२०४८:२५)ले लेखेकाले १० वर्षअगाडि चाहिँ उनले पनि चतुर्थी नै पढेको कुरा स्पष्ट हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शब्द जस्तै विप्रमा नि जोडिएको विप्रनि शब्दको प्रयोग यहाँ भएको छ[५१]। संस्कृतमा पनि विप्र शब्दको स्त्रीलिङ्गी रूप त्यति चल्तीको नहुनाले[५२] विप्रमा नि जोडी विप्रनिले बाहुनी बुझाएको चाखलाग्दो छ।

१५१८) पौषशुक्लएकादशीको (उही २०५७ घ:१२-१३ = १५ सङ्ख्याको १ पङ्क्ति) र ने.सं. ६१८ (वि.सं. १५५४) फाल्गुनकृष्णचतुर्थीको (उही २०५० ख:४०-४१ = मूलको १ पङ्क्ति), ने.सं. ६३३ (वि.सं. १५७०) श्रावणशुक्लद्वादशीको (उही छापिन बाँकी घमा ६ सङ्ख्याको १ पङ्क्ति) ताडपत्र। पछिल्ला २ वटामा वास्तव्यनीपछि विसर्ग पनि छ।

५१. मानन्धरको ईकारान्त स्त्रीलिङ्गी रूप मानधरी ने.सं. ३५७ (वि.सं. १२९४) ज्येष्ठशुक्लद्वादशीको सुवर्णपत्र (मोहनप्रसाद खनाल २०४०:१६० = १८ सङ्ख्याको ५ पङ्क्ति)मा भेट्टाइन्छ।

५२. ओत्तो ब्योत्लिङ्क र रूदोल्फ रोथ (१९२८ मा विप्रभित्र **विप्रा**)ले विप्रको स्त्रीलिङ्ग भनी **विप्रा** दिई त्यो शब्द *महाभारत* (१२।५३४१), *मनुस्मृति* (८।३७८ र १०।१२) *भागवत* (६।१।६५) र *पञ्चतन्त्र* (१।४।४२।४४)मा आएको छ र *महाभारत*मा समस्तपदको अन्त्यमा **विप्रा** आएको छ भनी लेखेका छन्। *महाभारत*को र *पञ्चतन्त्र*को उनीहरूले दिएको सन्दर्भ आफ्नो पासमा भएका तत्तद्ग्रन्थसँग मैले मिलाउन सकिनँ। *मनुस्मृति* र *भागवत*मा चाहिँ **विप्रा** यसरी आएको रहेछ –

सहस्रं ब्राह्मणो दण्ड्यो **विप्रां** गुप्तां बलाद् व्रजन्।
शतानि पञ्च दण्ड्यः स्यादिच्छन्त्या सह संगतः॥

(*मनुस्मृति* ८।३७८)

(जोगाइएकी **विप्रा** (बाहुनी)को जबरदस्ती करणी गर्ने बाहुनलाई हजार [पण] दण्ड गर्नुपर्छ। राजीखुशी भएकी [बाहुनी]को करणी गर्ने [बाहुन]लाई पाँच सय [पण] दण्ड गर्नुपर्छ।)

शूद्रादायोगवः क्षत्ता चण्डालश्चाधमो नृणाम्।
वैश्यराजन्य**विप्रासु** जायन्ते वर्णसंकराः॥

(*मनुस्मृति* १०।१२)

(शूद्र लोग्नेमान्छेबाट वैश्य स्वास्नीमान्छेमा आयोगव, [शूद्र लोग्नेमान्छेबाट] छेत्रिनीमा क्षत्ता र शूद्र लोग्नेमान्छेबाट **विप्रा** (बाहुनी)मा मानिसहरूमा अधम चाण्डाल वर्णसङ्कर जन्मन्छन्।)

विप्रां स्वभार्यामप्रौढां कुले महति लम्भिताम्।
विससर्जाचिरात् पापः स्वैरिण्यापाङ्गविद्धधीः॥

(*भागवत* ६।१।६५)

(वेश्याको कटाक्षले बुद्धि छेडिएको, पापी [अजामिल]ले नछिप्पिएकी, ठूलो कुलमा लालनपालन गरिएकी, आफ्नी **विप्रा** (बाहुनी) स्वास्नीलाई झट्टै छोडिदियो।)

विप्रको स्त्रीलिङ्गी रूपको विषयमा लिभ्अर्पूलको इन्डलजि वेब्साइटमा वि.सं. २०६६।१२।१६।२ मा छलफल गर्दा तलका सन्दर्भ कुनै डोमिनिक गुडाल र कुनै आन्ड्र्यु ओलेटबाट पाइएको हो –

अम्बष्ठाद् **विप्रायां** नाविकः समुद्रपण्यमत्स्यजीवी समुद्रलङ्घनं नावं प्लावयति।

(*वैखानसगृह्यसूत्रको अन्त्यमा*)[①]

(अम्बष्ठ (बाहुन बाबु र वैश्य आमा भएको) लोग्नेमान्छेबाट **विप्रा** (बाहुनी)मा [जन्मेको], समुद्र[मा पाइने] वस्तु बेचेर र माछाबाट जीविका चलाउने, माझीले समुद्र नाघ्ने नाउ चलाउँछ।)

अम्बष्ठस्य तु **विप्रायां** जातो वापकवृत्तिकः।

(*सुप्रभेदागम क्रियापाद* २।६०)[①]

---

① यो पुस्तक आफ्नो पासमा नहुनाले यो लेख लेख्दा काम लिइएका कृतिको तालिकामा यसलाई राख्न सकिएन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस ताडपत्रको फ्याक्सिमिलि तल ५६ पृष्ठमा छ ।

मूलपाठ

१. १ ॐ अद्य ब्रह्मणो द्वितीयपराद्धे श्वेतवराहकल्पे वैवस्वतमन्वंतरे अष्यविंशतितमे चतुर्युगस्य कलेः प्रथमपादे जम्बुदीपे भरतखण्डे भारतवर्षे हिमवत्दक्षिणपादे नेपालदेशे श्रीपशुपतिसन्निधाने वासुकिक्षत्रे वाग्मत्याः प(श्च)[५३]मकुले विष्णुमत्याः पु(र्व्वकुले) ...

२. श्रीगांगुलपट्टने आर्य्यावर्त्तदेशे काष्ठमण्डपनगरे इहैव पूण्यभूमौ ॥ सम्वत् ८४६ आश्विनमासे शुक्लपक्षे ॥ एकादस्यां तिथौ ॥ आदित्यवासरे ॥ तस्मिं दिने ˎ ङततोल र यौता छे विप्रनि ˎ ललितालक्ष्मीनाम्नेन संप्रदत्तं ॥ थासमन्दु इराछेतोर ˎ खलछेननि इता छेस चो(ङ)[५४] ....

३. दामोदर भ्रायात दशदानस थ्व बु संकल्प बिया ˎ थओ पुरुखया नामन बिया ॥ स्थानस्य उर्त्तरदिशि ओसिखु गाम को बु द्विरोपनिकं ॥ तिरंवकेन पश्चिर[५५] रिमजुक्षेत्रेन उत्तर नद्यायां पूर्वत ˎ राज्ञा क्षेत्रेन दक्षिन एतेखा मध्ये थ्व चत्राघातन दु बु रो २ साक्षि दातारया कनेष्टभ्रात्य ...[५६]

४. द्रतपत्र भट्ट जा -[५७] ॥ ---[५८] ब्रार्क ˎ-दि-[५९] ॥ शुभ ॥[६०]

(अम्बष्ठ (बाहुन बाबु र वैश्य आमा भएको) लोग्नेमान्छेबाट **विप्रा** (बाहुनी) मा जन्मेको लोग्नेमान्छेको वृत्ति नाउको हुन्छ ।)

संस्कृतमा विप्रको स्त्रीलिङ्गी रूप आकारान्त विप्रा भएकोमा प्राकृतमा चाहिँ ईकारान्त विप्पी भएको चाखलाग्दो छ –

तेरह लहुआ **विप्पी** एआईसेहिँ खत्तिणी भणिआ ।
सत्ताईसा वेसी सेसा सा सुद्दिणी होइ ॥

(*प्राकृतपैङ्गल* १।६४)

(तेह्र [अक्षर] लघु भएको गाथा **विप्पी** (बाहुनी) [हुन्छ] । एक्काइस [लघु अक्षर]द्वारा खत्तिणी (छेत्रिनी) भनिन्छ । सत्ताइस [लघु अक्षर भएको] वेसी (वैश्य स्वास्नीमान्छे) [हुन्छ] । बाँकी भएको त्यो सुद्दिणी (शूद्र स्वास्नीमान्छे) भनिन्छ ।

बारह लहुआ **विप्पी** तह बाईसेहिँ खत्तिणी भणिआ ।
बत्तीस होइ वेसी जा इअरा सुद्दिणी होइ ॥

(उही १।८३)

(बाह्र लघु [अक्षर] लघु भएको [दोहा] **विप्पी** (बाहुनी) [हुन्छ] । त्यस्तै बाइस [लघु अक्षर]द्वारा खत्तिणी (छेत्रिनी) भनिन्छ । बत्तीस [लघु अक्षर भएको] वेसी (वैश्य स्वास्नीमान्छे) [हुन्छ] । जुन अरू छ, त्यो सुद्दिणी (शूद्र स्वास्नीमान्छे) हुन्छ ।)

५३. बाइमात्राभन्दा पछिको अक्षरको दायाँपट्टिको अलिकति अंश देखिन्छ ।

५४. चोभन्दा पछिको अक्षरको बायाँपट्टिको अलिकति अंश देखिन्छ ।

५५. पश्चिम हुनुपर्ने । सँगैको अक्षरको प्रभावमा परेर यो गल्ती भएको हो । यस्तो गल्तीका प्रकार र उदाहरणको लागि महेशराज पन्त २०५७: § १.८.१० = १५४-१६४ हेर्नू ।

५६. त्यपछिको अक्षरको बायाँपट्टिको धेरै नै अंश देखिए पनि त्यो अक्षर के हो, खुट्ट्याउन सकिएन ।

५७. जापछिको अक्षर **र** जस्तो देखिन्छ ।

५८. यी ३ अक्षरमध्ये पछिल्ला २ को केही अंश देखिए पनि ती अक्षर के हुन्, खुट्ट्याउन सकिएन ।

५९. दिभन्दा अगाडिपछाडिका अक्षरको धेरै नै भाग देखिए पनि खुट्ट्याउन सकिएन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(पछाडिपट्टि)

दा   नपत्र

उल्था

ॐ आज ब्रह्माको दोस्रो परार्धमा, श्वेतवराहकल्पमा, वैवस्वतमन्वन्तरमा, अट्ठाइसौँ [युग]मा, चार युगमध्ये कलिको पहिलो पाउमा ।

जम्बूद्वीपमा, भरतखण्डमा, भारतवर्षमा, हिमालयको दक्षिणपट्टिको सानो पर्वतमा, नेपालदेशमा, श्रीपशुपतिनजीकै, वासुकिक्षेत्रमा, वाग्वतीको पश्चिम किनारामा, विष्णुमतीको पूर्व किनारामा, ... श्रीगाङ्गुलपट्टनमा, आर्यावर्तदेशमा, काष्ठमण्डप शहरमा, यही पुण्यभूमिमा ।

संवत् ८४६ मा, असोज महीनामा, शुक्लपक्षमा, एकादशी तिथिमा, आदित्यवारमा, त्यस दिन ।

नरदेवीटेलमा, बाटो[देखि] पश्चिमपट्टिको घर[की], ब्राह्मणी ललितालक्ष्मीको नाउँले दिइयो ।

बाङ्गेमुढा, इराछेयेल, खलछेननीमा, दक्षिणपट्टिको घरमा बस्ने ... दामोदर झालाई दशदानमा यो खेत संकल्प [गरी] दिइयो । आफ्ना लोग्नेको नाउँले दिइयो ।

स्थानको उत्तरदिशामा, ओसिखु गाउँको तल, खेत २ रोपनी । कुलोदेखि पश्चिम, रिमजुको खेतदेखि उत्तर, नदीदेखि पूर्व, राजाको खेतदेखि दक्षिण । यिनको बीचमा यो चारकिल्लाभित्र भएको २ रोपनी खेत ।

साक्षी दाताको भाइ ...

दत्तपत्र भट्ट ...

शुभ ॥

दानपत्र

२ सङ्ख्या

ने.सं ८५५ (वि.सं. १७९१) फाल्गुनशुक्लषष्ठीको ताडपत्र

१. यस ताडपत्रको लम्बाइ ३१.४ अङ्गुल र चौडाइ १.६ अङ्गुल छ ।

यस ताडपत्रमा बायाँपट्टि फट्केको छेउमा माटोको ढिकोमाथि गोलो छाप लगाइएको छ । त्यस ढिकोको लम्बाइ ०.९ अङ्गुल, चौडाइ १ अङ्गुल र मोटाइ ०.३ अङ्गुल छ । छापको छेउमा वरिपरि वृत्तरूपमा थोप्ला छन् । ती थोप्लामध्ये दायाँपट्टिका निकै थोप्ला मेटिएकाले ३५ वटा थोप्ला मात्र देखिन्छन् तापनि यस्तो छापमा ४८ वटा थोप्ला हुने कुरा अरू ताडपत्रबाट पनि थाहा भएकोले[६१] यसमा पनि त्यति नै थोप्ला थिए भनी ठोकेर भन्न

६०. चौथो पङ्क्ति लेख्न ठाउँ ज्यादै कम भएकोले अघिल्ला ३ पङ्क्तिका अक्षरको दाँजोमा यस पङ्क्तिका अक्षर निकै नै साना छन् । ती अक्षर पनि कुनै पूरै उडेका र कुनैको धेरै अंश उडेकोले यस पङ्क्तिको माथि दिइएको पाठ पूरै असन्दिग्ध छैन ।

६१. महेशराज पन्त छापिन बाँकी छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सकिन्छ। त्यसपछि वृत्त छ। त्यस वृत्तभित्र बीचमा त्रिशूल छ। त्रिशूलको ठीक बीचमा माथि **श्री** अक्षर छ। **श्री**को दायाँबायाँ दुवैतिर चन्द्र छन्। त्रिशूलको माथिल्लो भागको बायाँपट्टि, बायाँ चन्द्रभन्दा तल **३**; दायाँपट्टि, दायाँ चन्द्रभन्दा तल **वा**; ३ भन्दा तल **दि** र वाभन्दा तल **नि** छ। सबभन्दा मुनि त्रिशूलको दायाँपट्टि २ वटा र बायाँपट्टि २ वटा कमल छन्।

२. कान्तिपुरी महानगरमा (**कान्तिपूलिमहानगरे**), **यंबुक्रमामा**, **गाङ्गुरङ्गमा**, नरदेवीटोल (**ङ्ततोर**)को बाटो (**र**)देखि उत्तरपट्टिको घर (**यंन्ता छे**)मा बस्ने नारायण भट्टलाई किलागलटोल (**किसिह्लागरतोर**) **ङ्तपिथ्या**[६२]को बाटो (**र**)देखि पूर्वपट्टिको घर (**ओन्ता छे**)मा बस्ने हाकुजुले आफ्नो हकभोगको ५ रोपनी ८ आना (**२ चुल**)[६३] खेत (**बु**) ने.सं. ८५५ (वि.सं. १७९१) फाल्गुनशुक्लषष्ठीको दिन छोडेको कुरा यस ताडपत्रमा छ। यसमा हाकुजुका भतिजा र छोरा गरी २ जना दृष्टसाक्षी राखिएका छन्। सट्टाभर्ना[६४] लिने गरी त्यस खेतको ताडपत्र अर्थात् दसी नारायण भट्टलाई बुझाई उनीसँग १४० टङ्का लिई हाकुजुले त्यो खेत उनलाई छोडेको यहाँको लेखाइबाट बुझिन्छ।

३. माथि छापिएको १ सङ्ख्याको ताडपत्रमा दान गरिएको खेत **ओसिखु**को भए जस्तै यो खेत पनि त्यही ठाउँ (२ पङ्क्तिमा **ओसिषु**, २ पङ्क्तिमै **ओशिषु**)कै भएको र नदीको पूर्वपट्टि भएको कुरा यताबाट बुझिन्छ।

४. यस ताडपत्रभन्दा ११ वर्षअघिको, नारायण भट्टलाई नै जग्गा बेचेको, अर्को ताडपत्र प्रकाशमा आएको छ।[६५] त्यसअनुसार ने.सं. ८४४ (वि.सं. १७८०) फाल्गुनपूर्णिमाको दिन राजा जगज्जय मल्लले कान्तिपुरमहानगरमा (**कान्तिपुरमहानगरे**), यम्बुमा, नरदेवीटोल (**ङ्तटोल**)मा, बाटो (**लं**)मा पश्चिमपट्टिको घर (**यौता छे**)मा बस्ने ब्राह्मण (**विप्र**) नारायण भट्टलाई ५ रोपनी खेत ४९४ टङ्कामा बेचेको बुझिन्छ। ने.सं. ८४४ (वि.सं. १७८०)को त्यस ताडपत्रमा नारायण भट्टलाई नरदेवीको बाटोमा पश्चिमपट्टिको घरमा बस्ने र हाम्रो यस ताडपत्रमा चाहिँ नरदेवीको बाटोमा उत्तरपट्टिको घरमा बस्ने भने पनि यी नारायण भट्ट भिन्नाभिन्नै नभई एकै हुनु धेरै सम्भव छ।

नारायण भट्टले राखेको, भुलुखा देग: अर्थात् अर्का सन्तानेश्वर महादेवको मन्दिरअगाडि सडकपारि भट्टचोकको शिलापत्रबाट पनि नारायण भट्टको विषयमा हामीलाई केही कुरा थाहा हुन्छ। नारायण भट्टको गोत्र वसिष्ठ र उनको अभिजन राडदेश भन्ने त्यस शिलापत्रबाट थाहा हुन्छ। रघुनाथ शर्माका नाति, महादेवका छोरा नारायण भट्टले आफ्ना छोरा यदुनन्दन भट्टसहित भई लक्ष्मीनारायणको मूर्ति प्रतिष्ठा गरी ने.सं. ८७३ (वि.सं. १८०९) माघकृष्णचतुर्दशीको दिन नरदेवीको बाटोदेखि पश्चिमपट्टिको घर र ३ ठाउँका गरी ३६ रोपनीभन्दा बढी खेत दत्त राखेको कुरा त्यस शिलापत्रमा छ।[६६] नरदेवीको बाटोमा पश्चिमपट्टिको घर गूठी राखी त्यही

६२. ङ्तपिथ्याको विषयमा महेशराज पन्त २०६७ हेर्नू।

६३. चुल = जवा = $\frac{1}{4}$ रोपनी।

६४. **सट्टाभर्ना** भन्न यहाँ **पादसि** लेखिएको छ। **पादसि** र यसका रूपभेदबारे महेशराज पन्त छापिन बाँकी जमा लेखिएको छ।

६५. हेमराज शाक्य र तुलसीराम वैद्य २०२७:४८ = २२ सङ्ख्याको अभिलेख।

६६. महेशराज पन्त छापिन बाँकी गमा ७ सङ्ख्या।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

टोलमा शिलापत्र राख्ने यी नारायण भट्ट र ने.सं. ८४४ (वि.सं. १७८०)मा रदेवीको बाटोदेखि पश्चिमपट्टिको घरमा बस्ने नारायण भट्ट एकै हुनु धेरै सम्भव छ। आफू बसी रहेको घर नै ने.सं. ८७३ (वि.सं. १८०९)मा गूठी राखेको पनि यताबाट देखिएको छ।

५. माथि १ सङ्ख्याको दानपत्रकी, ब्राह्मणी ललितालक्ष्मी कुन थरकी थिइन् भन्ने कुरा स्पष्ट नभए पनि यस निबन्धमा चर्चा गरिएका अरू भट्टहरूको जस्तै उनको घर पनि नरदेवीटोलमा भएकोले र त्यो दानपत्र पनि नरदेवीकै भट्टको घरबाट निस्केकोले यिनी पनि भट्ट खलककै हुनु धेरै सम्भव छ। त्यसमाथि त्यस दानपत्रको पछिल्लो पङ्क्तिमा भएको, **भट्ट** शब्दलाई पनि यस प्रसङ्गमा बिर्सनु हुँदैन।

यस ताडपत्रको फ्याक्सिमिलि तल ५७ पृष्ठमा छ।

मूलपाठ

१. ꣸ शुभ ।। श्रेयोऽस्तु ।। संम्वत ८५५ फाल्गुणमास्व कृष्णपक्ष ।। षस्तम्यांन्तिथौ ।। श्रीमत्कान्तिपूलिमहानगरे ।। श्रीयंबुक्रमायां ।। श्रीगाङ्गुरञ्ने ।। यंबु ङततोर र यंन्ता छे श्रीनारायनभट्टभाजुकस्य नाम्ना सकासात ।। किसिह्लागरतोर ङतपिथ्या र ओन्ता छे हाकुजुंकस्य नाम्नेन शुक्रीयं सुभूज्यमानिकं ।।

२. ओसिषुबुक्षेत्रनामसंग्यकं ।। श्री २ राजया बुः पश्चिमतः ग्राहाकया बुनः उत्तरतः षुसिः पूर्व्वत श्रीदेवाक्र भाजुया बुनः दक्षिनतः ।। ओशिषु बु रो ५ चु २ जुरो ।। तत्क्षेत्रस्य जथादेशकारप्रवतमानत[६७] तथा संचाराघेन शुवर्ण्णमुरेमादाय स्वादिनेन नवतुकन्यायन क्रीव्रीक्रीयंटं भवति ।। तदा

३. धारनकनिमित्ति जदि संकृत्तव्यावादपिदा स्याद तदा धारनके परिश्वधयञ्व ।। अत्र पत्राथे दृष्टसाक्षि भ्रातापुत्र जगमोहोसिं स्वपुत्र मनोरथसिं ।। तरपति पु १ मुर टंका १४० प्रत्ति पादसि काययात शुक्रीबिक्री हेङ्ग जुरो ।। ।। शुभ ।।

उल्था

शुभ ।। कल्याण होओस्। संवत् ८५५ मा, फागुन महीनामा, कृष्णपक्षमा, षष्ठी तिथिमा।

श्रीकान्तिपुरी महानगरमा, श्रीयंबुक्रमामा, श्रीगाङ्गुरञ्ञमा, यंबुमा, नरदेवीटोलमा, बाटो[देखि] उत्तरपट्टिको घर[का] श्रीनारायण भट्ट भाजु नाउँ भएकालाई

किलागल ङतपिथ्यामा बाटोदेखि पूर्वपट्टिको घर[का] हाकुजुको नाउँले

आफ्नो, आफैँले भोगचलन गरेको, ओसिखु खेत भन्ने नाउँ भएको, श्रीश्रीराजाको खेतदेखि पश्चिम, ग्राहकको खेतदेखि उत्तर, खोलादेखि पूर्व, श्रीदिवाकर भाजुको खेतदेखि दक्षिणमा ओसिखु खेत रोपनी ५, जवा २ भयो।

---

६७. मूलमा °मातन भएकोमा नको शिरमा **१** र तको शिरमा **२** लेखी उल्टेपुल्टे भएका अक्षरको क्रम सच्याइएको छ। सार्दा हुने वर्णविपर्ययका प्रकार र उदाहरणको लागि महेशराज पन्त २०५७: § १.८.७ = १५०-१५३ हेर्नू। उल्टेपुल्टे परेका अक्षरको शिरमा अङ्क हाली सच्याउने क्रमको विषयमा उही: § १.३.४.२.२.४ = ८७ मा लेखिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यस खेतको जसरी ठाउँ र समयअनुसार चलेको छ, त्यसरी चलेको मोलद्वारा सुनको मोल लिएर आफ्नो अधीनमा रहने, नफर्काउने गरी किनबेच भयो ।

जब ऋणीको निमित्तले सङ्कट विवाद दुःख भयो भने त्यस वेला ऋणीले चुक्ता गर्नुपर्छ ।

यस पत्रको बेहोरामा दृष्टसाक्षी भतिजा जगमोहनसिंह, आफ्नो छोरा मनोरथसिंह ।

ताडपत्र थान १ । मोल टंका १४० ।

बापत – सट्टाभर्ना लिनको लागि सुक्रीबिक्री गरेको भयो ।

यो लेख लेख्दा काम लिइएका कृतिको

छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको[६८] वर्णक्रमअनुसारको तालिका

अन्त्यकर्मदीपक

= नित्यानन्द पन्त पर्वतीयमा हेर्नू ।

अन्त्यकर्मपद्धति

= दधिराम मरासिनिमा हेर्नू ।

अन्वितार्थप्रकाशिका

= गङ्गासहायमा हेर्नू ।

अष्टाध्यायी

= पाणिनिमा हेर्नू ।

ओत्तो ब्योत्लिङ्क र रूदोल्फ रोथ १९२१

= ई.सं. १८६५ (वि.सं. १९२१)मा सेन्ट पिटर्सबर्गबाट बूख्द्रुकेराइ देर कैजर्लिषेन आकादेमी देर विस्सेन्शाफ्त्एनद्वारा प्रकाशित, ओत्तो ब्योत्लिङ्क र रूदोल्फ रोथको *सन्स्क्रित्-वोर्तेर्बूख्* (संस्कृत-कोष) ४ भाग ।

ओत्तो ब्योत्लिङ्क र रूदोल्फ रोथ १९२८

= ई.सं. १८७१ (वि.सं. १९२८)मा सेन्ट पिटर्सबर्गबाट बूख्द्रुकेराइ देर कैजर्लिषेन आकादेमी देर विस्सेन्शाफ्त्एनद्वारा प्रकाशित, ओत्तो ब्योत्लिङ्क र रूदोल्फ रोथको *सन्स्क्रित्-वोर्तेर्बूख्* ६ भाग ।

ओत्तो ब्योत्लिङ्क र रूदोल्फ रोथ १९३२

= ई.सं. १८७५ (वि.सं. १९३२)मा सेन्ट पिटर्सबर्गबाट बूख्द्रुकेराइ देर कैजर्लिषेन आकादेमी देर विस्सेन्शाफ्त्एनद्वारा प्रकाशित, ओत्तो ब्योत्लिङ्क र रूदोल्फ रोथको *सन्स्क्रित्-वोर्तेर्बूख्* ७ भाग ।

---

६८. रचयिताको नाउँको वर्णक्रमअनुसारको तालिका भनी माथि लेखिए पनि यसको अपवाद नभएको होइन । ऋषिमुनिको नाउँमा दर्ता भएको ग्रन्थको हकमा ग्रन्थनाम वर्णक्रमअनुसार यहाँ राखिएको छ । कुनै कृतिमा रचयिता वा सम्पादक आदिको नाउँ नदिइएको हकमा कृतिको नाउँ वर्णक्रमअनुसार यस तालिकामा राखिएको छ । प्राचीन शैलीको ग्रन्थको हकमा चाहिँ रचयिताको नाउँ र ग्रन्थनाम दुवै वर्णक्रमअनुसार राखिएको छ । प्राचीन संस्कृत ग्रन्थका, यहाँ नाउँ लिइएका प्रकाशित पुस्तकबाट यस लेखमा उद्धरण गर्दा महेशराज पन्त २०५७: § ७.१६=४६७ मा लेखिएको रीतिको अनुसरण गरिएको छ । माइक्रोफिल्मका रीलको विषयमा माथि लेखमै खुलाएर लेखिसकेकोले तिनलाई यहाँ चढाइएको छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कमलप्रकाश मल्ल २०४७

= ई.सं. १९९० (वि.सं. २०४७)मा काठमाडौँबाट रत्नपुस्तकभण्डारद्वारा प्रकाशित *कैलाश*[६९] १६ ठेली १-२ अङ्कका १५-२६ पृष्ठमा छापिएको, कमलप्रकाश मल्लको *दि अर्लिएस्ट् डेट्इड् डक्युमन्ट् इन् नेवारी : द पाम्लीफ् फ्रम् उकु बहा : एनएस् २३५/एडी ११११४* (नेवारीको, सबभन्दा पुरानो, मिति भएको अभिलेख – उकुबहाको ताडपत्र – ने.सं. २३५/ई.सं. १११४) ।

कमलाकर भट्ट *निर्णयसिन्धु*

= वि.सं. १९८४ मा बम्बईबाट श्रीवेङ्कटेश्वर प्रेसद्वारा प्रकाशित, शिवदत्तको *निर्णयसिन्धु : । पदवाक्यप्रमाणपारावारीणमहामहोपाध्याय-काशीस्थ-श्रीकमलाकरभट्टविरचित: । जयपुरवासिदाधीचकुलोत्पन्नमहामहोपाध्यायपं. शिवदत्तेन संशोधित: टिप्पण्यालंकृत:* (*निर्णयसिन्धु* – पद, वाक्य र प्रमाणमा पूरै दक्ष; महामहोपाध्याय; काशीमा बस्ने; श्रीकमलाकर भट्टले बनाएको । जयपुरमा बस्ने, दधीचिको कुलमा उत्पन्न, महामहोपाध्याय, पं. शिवदत्तले संशोधन गरेको र टिप्पणीले सिँगारेको) ।

कर्क्प्याट्रिक १८६८

= ई.सं. १८११ (वि.सं. १८६८)मा लन्डनबाट विलियम मिल्अरद्वारा प्रकाशित, कर्क्प्याट्रिकको *यान् अकाउन्ट् अफ् द किङ्डम् अफ् नेपाउल्, बीइङ् द सब्स्टन्स् अफ् दि अब्ज़र्व़ेशन्ज़् मेड् ड्यूरिङ् अ मिश्अन् टु द्याट् कन्ट्रि इन् द यर् १७९३* (नेपाल राज्यको वर्णन – वि.सं. १८४९ मा त्यस देशमा गएको दूतमण्डलले त्यहाँ देखेका कुराको सार) ।

कल्पना श्रेष्ठ २०५१

= ई.सं. १९९४ (वि.सं. २०५१)मा ललितपुरबाट दीपकराम जोशीद्वारा प्रकाशित *रोलम्ब* १४ ठेली २ अङ्कको नेपाली खण्डका १-९ पृष्ठमा छापिएको, कल्पना श्रेष्ठको *काठमाडौं कंग पाया: एक अध्ययन* ।

कालचक्रतन्त्र

= पुण्डरीकमा हेर्नू ।

काशीनाथ उपाध्याय *धर्मसिन्धु*

= शाके १८५८ (वि.सं. १९९३)मा बम्बईबाट निर्णयसागरप्रेसद्वारा प्रकाशित, वासुदेव लक्ष्मण पणशीकरको *धर्मसिन्धु :- विद्वद्वर्यकाशीनाथोपाध्यायविरचित:* (*धर्मसिन्धु* – विद्वान्हरूमा श्रेष्ठ काशीनाथ उपाध्यायले बनाएको) ।

काशीनाथ तमोट २०४८

= वि.सं. २०४८ मा ललितपुरबाट पाटन संयुक्त क्याम्पसको कुलां साहित्य पा:ला:द्वारा प्रकाशित *कुलां* (क्षितिज) ११ अङ्कका २५-२८ पृष्ठमा छापिएको, काशीनाथ तमोटको *नियम परिभाषा पत्रिका म्हसीकें* (नियमपरिभाषापत्रिका चिनौँ) ।

काशीनाथ तमोट २०५८

= ने.सं. ११२१ (वि.सं. २०५८)मा काठमाडौँबाट मञ्जु पिथँद्वारा प्रकाशित, काशीनाथ तमोटको *पुलांगु नेपालभाषा वाङ्मय-मुना* (पुरानो नेवारी वाङ्मयसङ्ग्रह) ।

गङ्गासहाय *अन्वितार्थप्रकाशिका*

= ई.सं. २००४ (वि.सं. २०६०/६१)मा दिल्लीबाट नाग पब्लिशर्सद्वारा फेरि प्रकाशित, *श्रीमद्‌भागवतमहापुराणम्* (*अन्वितार्थ प्रकाशिकाख्यव्याख्या समेतं*) (*श्रीमद्‌भागवतमहापुराण अन्वितार्थप्रकाशिका* भन्ने व्याख्यासहित) १ भाग । बम्बईबाट श्रीवेङ्कटेश्वर प्रेसद्वारा प्रकाशित संस्करणको पुनर्मुद्रण ।

गरुडपुराण

= ई.सं. २००४ (वि.सं. २०६१)मा काशीबाट चौखम्बा विद्याभवनद्वारा प्रकाशित, शिवराज आचार्य कौण्डिन्न्यायनले सम्पादन र उल्था गरेको[७०] *वेदव्यास-कृष्णद्वैपायनमुनिकृतं सूतप्रोक्तम् गरुडपुराणम् उत्तरखण्डस्थ-द्वितीयांशरूप-धर्मकाण्डनामक-प्रेतकल्पात्मकम्*

---

६९. **कैलासको स** दन्त्य हुनुपर्नेमा तालव्य **श** भएकोले पाश्चात्त्यहरूको र तिनका पिछलग्गूहरूको संस्कृतज्ञानको इयत्ता देखिएको छ ।

७०. यसमा सहायक आमोदवर्धन कौण्डिन्न्यायन, प्रमोदवर्धन कौण्डिन्न्यायन र सुमोदवर्धन कौण्डिन्न्यायन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(वेदव्यास कृष्णद्वैपायन मुनिले बनाएको, सूतले भनेको *गरुडपुराण* – उत्तरखण्डमा रहेको, दोस्रो अंशरूपको, *धर्मकाण्ड* नाउँ भएको, *प्रेतकल्पात्मक*) ।

गोपथब्राह्मण

= ई.सं. २००८ (वि.सं. २०६४/६५)मा दिल्लीबाट चौखम्बा संस्कृतप्रतिष्ठानद्वारा प्रकाशित, प्रज्ञादेवी र मेधादेवीको *गोपथब्राह्मण-भाष्यम् आर्यभाषायामनुवादः– भाषानुवादसहितम् श्री पं. क्षेमकरणदासत्रिवेदी* (*गोपथब्राह्मणभाष्य*– आर्यभाषामा उल्था, श्रीपण्डित क्षेमकरणदास त्रिवेदीको भाषानुवादसहित) ।

वि.सं. १९८१ मा प्रकाशित क्षेमकरणदास त्रिवेदीको संस्करणको पुनर्मुद्रित संस्करणको रूपमा प्रज्ञादेवी र मेधादेवीको वि.सं. २०३४ मा प्रकाशित संस्करणको पुनर्मुद्रण ।

गोविन्द टण्डन २०४४

= ई. सं. १९८७ (वि.सं. २०४४)मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाली इतिहास, संस्कृति र पुरातत्त्वको मुख्य शिक्षणविभागद्वारा प्रकाशित *नेपालीज् कल्चर्* (नेपाली संस्कृति) ६ ठेलीको नेपाली खण्डका ८-२३ पृष्ठमा छापिएको; गोविन्द टण्डनको *देवपाटनको प्राचीनता र महत्व*[७१] ।

गोविन्द टण्डन २०५६

= वि.सं. २०५६ मा काठमाडौँबाट भरेन्द्र शम्शेर ज.ब.रा. र मञ्जु राणाद्वारा प्रकाशित, गोविन्द टण्डनको *पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन* २ भाग।

गौतमवज्र वज्राचार्य २०३१

= वि.सं. २०३१ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययनसंस्थानद्वारा प्रकाशित *कन्ट्रिब्युशन्ज् टु नेपालीज् स्टड्इज्* (नेपालविषयका विद्यासम्बन्धी लेख) १ ठेली २ सङ्ख्याका ९०-९८ पृष्ठमा छापिएको, गौतमवज्र वज्राचार्यको *यङ्गल, यम्बु* ।

गौतमवज्र वज्राचार्य २०३३

= वि.सं. २०३३ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययनसंस्थानद्वारा प्रकाशित, गौतमवज्र वज्राचार्यको *हनूमान्ढोका राजदरबार* ।

जगदीशचन्द्र रेग्मी २०५१

= वि.सं. २०५१ मा काठमाडौँबाट अफिस अफ नेपाल एण्टीक्वेरीद्वारा प्रकाशित, जगदीशचन्द्र रेग्मीको *काठमाण्डू शहर : सांस्कृतिक अध्ययन* ।

जान कर लाक २०४१/४२

= ई.सं. १९८५ (वि.सं. २०४१/४२)मा काठमाडौँबाट सहयोगी प्रेसद्वारा प्रकाशित, जान कर लाकको *बुड्इस्ट् मनुअसट्रिज् अफ् नेपाल् : अ सर्‌भ्रे अफ् द बाहाज् यान्ड् बहीज् अफ् द काठ्मान्डू भ्याल्इ* (नेपालका विहार– काठमाडौँदूनका बाहा र बहीको निरीक्षण) ।

ज्ञानमणि नेपाल २०४०

= वि.सं. २०४० मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, ज्ञानमणि नेपालको *नेपाल निरुक्त* ।

डिल्लीरमण रेग्मी २०२२

= ई.सं. १९६५ (वि.सं. २०२२)[७२]मा कलकत्ताबाट फर्मा के.एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको *मेड्इईभ्ल् नेपाल्* (मध्यकालको नेपाल) १ भाग।

---

७१. यस्तै छ।

७२. त्यहाँ पुस्तक छापिएको मिति ई.सं. १९६५ दिइए पनि वि.सं. २०२३ को बर्खामा मात्र यो बजारमा आएको हो (*हाम्रो वक्तव्य* २०२३: १०१) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

डिल्लीरमण रेग्मी २०२३

= ई.सं. १९६६ (वि.सं. २०२३)मा पटनाबाट डिल्लीरमण रेग्मीद्वारा प्रकाशित, उनैको *मेड्इईभ़ल् नेपाल्* ४ भाग।

दधिराम मरासिनि *अन्त्यकर्मपद्धति*

= वि.सं. २०५६ मा दाङबाट महेन्द्रसंस्कृतविश्वविद्यालयद्वारा प्रकाशित, दधिराम मरासिनिको[७३] *अन्त्यकर्मपद्धतिः* ।

दिनेशराज पन्त २०३०

= वि.सं. २०३० मा प्रकाशित *पूर्णिमा* ३० पूर्णाङ्कका ११६-१३१ पृष्ठमा छापिएको, दिनेशराज पन्तको *राजा निर्भयदेव, रुद्रदेव, भोजदेव, लक्ष्मीकामदेव* ।

दिनेशराज पन्त २०५३

= वि.सं. २०५३ मा प्रकाशित *पूर्णिमा* ८९ पूर्णाङ्कका ३९-४० पृष्ठमा छापिएको, दिनेशराज पन्तको *भूपालेन्द्र मल्लले वीरभद्र उपाध्यायको नाममा गरिदिएको अप्रकाशित ताम्रपत्र* ।

धनवज्र वज्राचार्य २०४१

= वि.सं. २०४१ मा काठमाडौँबाट देविचन्द्र श्रेष्ठको सम्पादकत्वमा प्रकाशित *आर्थिक नेपाल* २ वर्ष ३ अङ्कका १०-१४ पृष्ठमा छपिएको, धनवज्र वज्राचार्यको *ताडपत्रहरूको ऐतिहासिक महत्त्व* ।

धर्मसिन्धु

= काशीनाथ उपाध्यायमा हेर्नू।

नरहरिनाथ २०१०

= वि.सं. २०१० मा काठमाडौँबाट नरहरिनाथ र बुद्धिसागर पराजुलीको सम्पादकत्वमा प्रकाशित *संस्कृत-सन्देश* १ वर्ष ४ अङ्कका २६-२७ पृष्ठमा छापिएको, नरहरिनाथको *(श्रीपशुपतिनाथदक्षिणद्वारि प्रतापमल्लदेवस्य) तुलादानशिलास्तम्भतोरणलेखाः* ((श्रीपशुपतिनाथको दक्षिणढोकामा प्रताप मल्लदेवको) तुलादानको ढुङ्गे खामोको तोरणका लेखहरू)।

नरहरिनाथ २०१३

= वि.सं. २०१३ मा काठमाडौँबाट इतिहासप्रकाशसंघद्वारा प्रकाशित *इतिहासप्रकाश* २ अङ्क ३ भागका ४५२-४५६ पृष्ठमा छापिएको, नरहरिनाथको *गो.रा. नेपाल सिद्धाचल मृगस्थली गोरक्षपीठका ताम्रपत्रहरू*।

नित्यानन्द पन्त पर्वतीय *अन्त्यकर्मदीपक*

= वि.सं. २०५४ मा काशीबाट चौखम्भा संस्कृतसंस्थानद्वारा प्रकाशित, नित्यानन्द पन्त पर्वतीयको *अन्त्यकर्मदीपक* ४ संस्करण।

निर्णयसिन्धु

= कमलाकर भट्टमा हेर्नू।

पन्नाप्रसाद जोशी २०१२

= ने.सं. १०७६ (वि.सं. २०१२)मा काठमाडौँबाट रत्नप्रसाद जोशीद्वारा प्रकाशित, पन्नाप्रसाद जोशीको *संक्षिप्त नेपाल भाषा शब्द-कोश (नेपाल भाषां नेपाली अर्थ)*। (संक्षिप्त नेवारी कोष (नेवारीको नेपाली अर्थ))।

पाणिनि *अष्टाध्यायी*

= वि.सं. २००९ मा काशीबाट चौखम्वा-संस्कृत-पुस्तकालयद्वारा प्रकाशित, शोभित मिश्रको *पाणिनीयव्याकरणसूत्रवृत्तिः काशिका विद्वद्वरवामनजयादित्यविरचिता* (पाणिनीय व्याकरणका सूत्रको वृत्ति *काशिका* – विद्वान्हरूमा श्रेष्ठ वामन र जयादित्यले बनाएको) ३ संस्करण।

पाण्डुरङ्ग वामन काणे २०३०

= ई.सं. १९७३ (वि.सं. २०३०)मा पूनाबाट भाण्डारकरप्राच्यविद्यासंशोधनमन्दिरद्वारा प्रकाशित, पाण्डुरङ्ग वामन काणेको *हिस्टरि*

---

७३. यसमा टिप्पणीकार ऋषिराम शर्मा घिमिरे।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अफ् धर्मशास्त्र (एन्शन्ट् यान्ड् मेड्इईभल् रिलिजुअस् यान्ड् सिभिल् ल) (धर्मशास्त्र (प्राचीन र मध्यकालको धर्मसम्बन्धी र देवानी कानून)को इतिहास) ४ ठेली, २ संस्करण।

पुण्डरीक *विमलप्रभा*

= ई.सं. १९९४ (वि.सं. २०५०)मा सारनाथबाट केन्द्रीय उच्च तिब्बती शिक्षासंस्थानको दुर्लभबौद्धग्रन्थशोधयोजनाद्वारा प्रकाशित, सम्दोङ् रिन्पोछेको प्रधानसम्पादकत्वमा व्रजवल्लभ द्विवेदी र एस.एस. बहुलकरद्वारा सम्पादित,[७४] *श्रीमञ्जुश्रीयशोविरचितस्य परमादिबुद्धोद्धृतस्य श्रीलघुकालचक्रतन्त्रराजस्य कल्किना श्रीपुण्डरीकेण विरचिता टीका विमलप्रभा* (श्रीमञ्जुश्रीयशाले बनाएको, परमादिबुद्धबाट उद्धरण गरिएको, *श्रीलघुकालचक्रतन्त्रराज*को कल्की श्रीपुण्डरीकले बनाएको टीका *विमलप्रभा*)।

पूर्णरत्न वज्राचार्य २०२३

= वि.सं. २०२३ मा काठमाडौँबाट वीरपुस्तकालयद्वारा प्रकाशित, पूर्णरत्न वज्राचार्यको *नेपाल राजकीय–वीरपुस्तकालयस्थपुस्तकानां बृहत्सूचीपत्रम्* (नेपाल राजकीय वीरपुस्तकालयमा रहेका पुस्तकहरूको ठूलो सूचीपत्र) ७ भाग २ खण्ड।

प्रश्नोपनिषद्

= ई.सं. १९९८ (वि.सं. २०५५)मा न्यू यर्कबाट अक्स्फर्ड यूनिभर्सिटि प्रेसद्वारा प्रकाशित, प्याट्रिक ओलिवेलको *दि अर्लि उपनिषद्ज्* (पुराना उपनिषद्हरू)का ४५७-४७१ पृष्ठमा छापिएको *प्रश्नोपनिषद्* ।

नयाँ दिल्लीबाट मुन्शीराम मनोहरलालद्वारा फेरि प्रकाशित।[७५]

प्राकृतपैङ्गल

= वि.सं. २०१६ मा काशीबाट प्राकृतग्रन्थपरिषद्द्वारा प्रकाशित, भोलाशंकर व्यासको *प्राकृतपैंगलम्* १ भाग।

बेर्न्हार्त कोल्फर र हेमराज शाक्य २०४२

= ई.सं. १९८५ (वि.सं. २०४२)मा जाङ्क्त आउगूस्तीनबाट फाउगेहाविस्सेनशाफ्तफेर्लागद्वारा प्रकाशित, बेर्न्हार्त कोल्फर र हेमराज शाक्यको *डक्युमन्ट्स् फ्रम् द रुद्रवर्ण-महाविहार, पाटन्* (पाटनको रुद्रवर्णमहाविहारका लिखत)।

भागवत

= वि.सं. २०६० मा गोरखपुरबाट गीताप्रेसद्वारा प्रकाशित *महर्षि वेदव्यास-प्रणीत श्रीमद्भागवतमहापुराण* १ खण्ड, ५० संस्करण।

भावार्थदीपिका

= श्रीधरमा हेर्नू।

मदनसेन वज्राचार्य २०५६

= ने.सं. १११९ (वि.सं. २०५६)मा काठमाडौँबाट पद्मकन्या क्याम्पस पलेस्वां साहित्य पुचःद्वारा प्रकाशित *पलेस्वां* (कमल) १० वर्ष ४ अङ्कका ५९-७८ पृष्ठमा छापिएको, मदनसेन वज्राचार्यको *पुलांगु वाङ्मय व थुकिया भाषा अध्ययन–चीहाकलं विवेचना* (पुरानो वाङ्मय र त्यसको भाषापरिशीलन – छोटो विवेचना)।

मनुस्मृति

= ई.सं. २००५ (वि.सं. २०६२)मा अक्सफर्डबाट अक्स्फर्ड यूनिभर्सिटि प्रेसद्वारा प्रकाशित, प्याट्रिक ओलिवेलको *मनु'ज् कोड् अफ् ल: अ क्रिट्इक्ल् एडिशन् यान्ड् ट्रान्स्लेशन् अफ्* द *मानव-धर्मशास्त्र* (मनुको कानून– *मानव-धर्मशास्त्र*को मूलपाठको परीक्षा गरी तयार गरिएको संस्करण र उल्था)।

मल्लवंशावली

= वि.सं. २०१३ मा काशीबाट योगप्रचारिणीद्वारा प्रकाशित; नरहरिनाथ, लोकराज सत्याल, चन्द्रनाथ र लक्ष्मीनारायण चौडिलागाइले

---

७४. यसमा सहायक जनार्दन पाण्डेय, बनारसी लाल, ठिनलेराम शाशनी, ठाकुरसेन नेगी, टशी सम्फेल र विजयराज वज्राचार्य।

७५. यो पुस्तक नयाँ दिल्लीबाट कहिले छापिएको हो, त्यो यस पुस्तकबाट खुल्दैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सम्पादन गरेको र राधानाथ लोहनी आदि ४४ जनाले उल्था गरेको *हिमवत्खण्डः (स्कन्दपुराणमध्ये)* (हिमवत्खण्ड (स्कन्दपुराणमा [रहेको])को *हिमवत्खण्डपरिशिष्ट* १४७-१५० पृष्ठमा छापिएको *तलेजु-आगम = मल्ल-वंशावली* ।

महेशराज पन्त २०४५

= वि.सं. २०४५ मा प्रकाशित *पूर्णिमा* ७४ पूर्णाङ्कका २८-३० पृष्ठमा छापिएको, महेशराज पन्तको *शिवसिंहका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका तीनवटा लिखतपत्र (वि.सं. १६३९, १६४०, १६४१)* ।[७६]

महेशराज पन्त २०४७

= वि.सं. २०४७ मा प्रकाशित *पूर्णिमा* ७७ पूर्णाङ्कका १-१४ पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका, विक्रमको चौधौँ शताब्दीका १५ वटा लिखतपत्र* ।

महेशराज पन्त २०५०

= वि.सं. २०५० मा प्रकाशित *पूर्णिमा* ८४ पूर्णाङ्कका ४९-६२ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्य र ब्राह्मण* ।

महेशराज पन्त २०५० क

= वि.सं. २०५० मा प्रकाशित *पूर्णिमा* ८५ पूर्णाङ्कका ९-४० पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्य र ब्राह्मण* ।

महेशराज पन्त २०५० ख

= *पूर्णिमा* ८५ पूर्णाङ्कका ४०-४१ पृष्ठमा छापिएको, महेशराज पन्तको *ने.सं. ६१८ [वि.सं. १५५४]* फाल्गुनकृष्णचतुर्थीको, *ताडपत्रमा लेखिएको लिखतपत्र* ।

महेशराज पन्त २०५० ग

= वि.सं. २०५० मा प्रकाशित *पूर्णिमा* ८६ पूर्णाङ्कका १-६५ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्य र ब्राह्मण* ।

महेशराज पन्त २०५२

= वि.सं. २०५२ मा प्रकाशित *पूर्णिमा* ८८ पूर्णाङ्कका १-३८ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्य र ब्राह्मण* ।

महेशराज पन्त २०५२ क

= वि.सं. २०५२ मा प्रकाशित *पूर्णिमा* ९० पूर्णाङ्कका १-५३ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्य र ब्राह्मण* ।

महेशराज पन्त २०५३

= ई.सं. १९९६ (वि.सं. २०५३)मा प्यारिसबाट सँत्र नासिओनल दे ला रशेर्शे साँतिफिक, लन्डनबाट स्कुल अफ अरइएन्टल स्टड्इज़ र हाइडलबर्गबाट साउथ एशिया इन्स्टिट्युटद्वारा प्रकाशित: *युरपिअन् बुल्इटिन् अफ् हिमालयन् रिसर्च्* (हिमालय[क्षेत्रको]अन्वेषण [छापिने], युरोपियन पत्रिका) ११ अङ्कका २७-३६ पृष्ठमा छापिएको; महेशराज पन्तको *दि अप्स् यान्ड् डाउन्ज् अफ् यान् इन्टलेक्च्युअल् पर्स्यूट्: टुवर्ड्ज़् अ हिस्टरि अफ् द हिस्टरिक्ल् जर्नल् पूर्णिमा* (ज्ञानसम्बन्धी कुनै अनुष्ठानको तलमाथि – इतिहाससम्बन्धी पत्रिका *पूर्णिमा*को इतिहासतिर)।

महेशराज पन्त २०५३ क

= वि.सं. २०५३ मा प्रकाशित *पूर्णिमा* ८९ पूर्णाङ्कका २३-३१ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्य र ब्राह्मण* ।

महेशराज पन्त २०५३ ख

= ई.सं. १९९७ (वि.सं. २०५३)मा म्युनिखबाट एर. ओल्डेनबुर्ग फेर्लागद्वारा प्रकाशित, एलीसाबेथ म्यूलर-लुक्नरसँग मिली बेर्न्हार्त कोल्फरले सम्पादन गरेको *रेख्त्, स्तात् उन्द् फेर्वल्तुङ् इम् क्लासिशेन् इन्दिएन्/द स्टेट्, द ल, यान्ड् याड्मिनिस्ट्रेशन् इन् क्ल्यासिक्ल् इन्डिअ* (भारतवर्षमा राज्य, कानून र शासन)का १५९-१९४ पृष्ठमा छापिएको, महेशराज पन्तको *सिक्स्*

---

७६. तेस्रो ताडपत्रको मिति सम्वत् ७०५ भान्दवशुद्धि ५ पढी यस लेखको मूलभागमा यस पत्रको मिति, ने.सं. ७०५ [वि.सं. १६४२] भाद्रशुक्लपञ्चमी (२९ पृष्ठ) लेखेको अशुद्ध हुन गए (माथि २७ सङ्ख्याको टिप्पणीको उपटिप्पणी हेर्नू) पनि शीर्षकमा कोष्ठभित्र राखिएको अंशमा तेस्रो पत्रको मिति वि.सं. मा दिँदा १६४१ नै लेखिएकोले त्यसको संशोधन गर्नुपरेन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१५न्थ् - यान्ड् १६थ्-सेन्ट्युरइ डीड्ज् फ्रम् तिर्हुत् रिकर्ईइङ् द पर्चस् अफ् स्लेभ्ज् ([ई.सं.का] पन्ध्रौँ र सोह्रौँ शताब्दीका, कमाराहरू किन्दा लेखिएका, तिरहुतका ६ वटा लिखतपत्र) ।

महेशराज पन्त २०५५

= वि.सं. २०५५ मा प्रकाशित *पूर्णिमा* ९४ पूर्णाङ्कका १-६० पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रमा लेखिएका, विक्रमको पन्ध्रौँदेखि अठाह्रौँ शताब्दीभित्रका, अहिलेसम्म प्रकाशमा नआएका ७५ वटा लिखतपत्र* ।

महेशराज पन्त २०५५ क

= वि.सं. २०५५ मा प्रकाशित *पूर्णिमा* ९५ पूर्णाङ्कका ३३-४४ पृष्ठमा छापिएको, महेशराज पन्तको *ब्राह्मणसम्बन्धी, नेवारराज्यका, अहिलेसम्म प्रकाशमा नआएका पन्ध्रवटा ताम्रपत्र* ।

महेशराज पन्त २०५५ ख

= *पूर्णिमा* ९५ पूर्णाङ्कका ४९-५१ पृष्ठमा छापिएको, महेशराज पन्तको *ब्राह्मणको चर्चा परेका, नेवारराज्यका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका तीनवटा लिखतपत्र* ।

महेशराज पन्त २०५५ ग

= वि.सं. २०५५ मा प्रकाशित *पूर्णिमा* ९६ पूर्णाङ्कका ३८-३९ पृष्ठमा छापिएको, महेशराज पन्तको *ब्राह्मणसम्बन्धी, नेवारराज्यका, अहिलेसम्म प्रकाशमा नआएका तीनवटा ताम्रपत्र* ।

महेशराज पन्त २०५५ घ

= *पूर्णिमा* ९६ पूर्णाङ्कका ४१-४२ पृष्ठमा छापिएको, महेशराज पन्तको *ब्राह्मणको उल्लेख परेको, अहिलेसम्म प्रकाशमा नआएको, एउटा लिखतपत्र* ।

महेशराज पन्त २०५५ ङ

= *पूर्णिमा* ९६ पूर्णाङ्कका ५१-५२ पृष्ठमा छापिएको, महेशराज पन्तको *आत्मसंशोधन* ।

महेशराज पन्त २०५६

= *पूर्णिमा* ९७ पूर्णाङ्कका ४२-५१ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यमा ब्राह्मण – ताडपत्रमा लेखिएका, १३ वटा थप लिखतपत्र* ।

महेशराज पन्त २०५६ क

= *पूर्णिमा* ९७ पूर्णाङ्कका ५२-५५ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यमा ब्राह्मण – चारवटा थप ताम्रपत्र* ।

महेशराज पन्त २०५६ ख

= वि.सं. २०५६ मा प्रकाशित *पूर्णिमा* ९८ पूर्णाङ्कका १-१५ पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रमा लेखिएका, वि.सं. १४३९ देखि १४६० सम्मका, अहिलेसम्म प्रकाशमा नआएका, २० वटा लिखतपत्र* ।

महेशराज पन्त २०५७

= ई.सं. २००० (वि.सं. २०५७)मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, महेशराज पन्तको *जातरूप'ज् कमेन्टरि अन् दि अमरकोष* (अमरकोषमा जातरूपको टीका) १ भाग।

महेशराज पन्त २०५७ क

= वि.सं. २०५७ मा प्रकाशित *पूर्णिमा* ९९ पूर्णाङ्कका ३-३१ पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रमा लेखिएका, वि.सं. १४६३ देखि १४८६ सम्मका, अहिलेसम्म प्रकाशमा नआएका, ३८ वटा लिखतपत्र* ।

महेशराज पन्त २०५७ ख

= वि.सं. २०५७ मा प्रकाशित *पूर्णिमा* ९९ पूर्णाङ्कका ३२-४८ पृष्ठमा छापिएको, महेशराज पन्तको *काठमाडौँका राजाहरूका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका, २६ वटा लिखतपत्र (वि.सं. १५७५-१७५२)* ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महेशराज पन्त २०५७ ग

= वि.सं. २०५७ मा प्रकाशित *पूर्णिमा* १०० पूर्णाङ्कका १-३७ पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रमा लेखिएका, वि.सं. १४८७ देखि १५१२ सम्मका, अहिलेसम्म प्रकाशमा नआएका, ५२ वटा लिखतपत्र* ।

महेशराज पन्त २०५७ घ

= वि.सं. २०५७ मा प्रकाशित *पूर्णिमा* १०१ पूर्णाङ्कका १-४४ पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रमा लेखिएका, वि.सं. १५१२ देखि १५३६ सम्मका, अहिलेसम्म प्रकाशमा नआएका, ५७ वटा लिखतपत्र* ।

महेशराज पन्त २०५७ ङ

= *पूर्णिमा* १०१ पूर्णाङ्कका ६०-६१ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यमा ब्राह्मण – दुइवटा थप ताम्रपत्र* ।

महेशराज पन्त २०५७ च

= *पूर्णिमा* १०२ पूर्णाङ्कका ५५-६१ पृष्ठमा छापिएको, महेशराज पन्तको *साक्षीहरूमा लालमती पनि भएका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका, १० वटा लिखतपत्र* ।

महेशराज पन्त २०६०

= वि.सं. २०६० मा प्रकाशित *पूर्णिमा* १०८ पूर्णाङ्कका १-१५ पृष्ठमा छापिएको, महेशराज पन्तको *वि.सं. १५३६ देखि १५५६ सम्मका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका १४ वटा लिखतपत्र* ।

महेशराज पन्त २०६० क

= वि.सं. २०६० मा प्रकाशित *पूर्णिमा* १११ पूर्णाङ्कका ३०-४२ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यमा ब्राह्मण – थप १० वटा लिखतपत्र* ।

महेशराज पन्त २०६२

= वि.सं. २०६२ मा प्रकाशित *पूर्णिमा* ११८ पूर्णाङ्कका ३१-५२ पृष्ठमा छापिएको, महेशराज पन्तको *वि.सं. १५३८ देखि १८३६ भित्रका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका ११ वटा लिखतपत्र* ।

महेशराज पन्त २०६३

= वि.सं. २०६३ मा प्रकाशित *पूर्णिमा* १२३ पूर्णाङ्कका १-६६ पृष्ठमा छापिएको, महेशराज पन्तको *संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्र* ।

महेशराज पन्त २०६४

= वि.सं. २०६४ मा प्रकाशित *पूर्णिमा* १२६ पूर्णाङ्कका १०४-१२२ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यमा ब्राह्मण – २ वटा थप पत्र* ।

महेशराज पन्त २०६४ क

= *पूर्णिमा* १२६ पूर्णाङ्कका १२५-१५९ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यमा ब्राह्मण – वि.सं. १९७४ वैशाख ३० गतेको फैसला* ।

महेशराज पन्त २०६४ ख

= वि.सं. २०६४ मा प्रकाशित *पूर्णिमा* १२७ पूर्णाङ्कका १९०-२०९ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यमा ब्राह्मण – अर्को एउटा पत्र - भूपालेन्द्र मल्लको ने.सं. ८२० (वि.सं. १७५६) चैत्रपूर्णिमाको पत्र* ।

महेशराज पन्त २०६६

= वि.सं. २०६६ मा प्रकाशित *पूर्णिमा* १२९ पूर्णाङ्कका ३७-४७ पृष्ठमा छापिएको, महेशराज पन्तको *थबुटोलमा ब्राह्मण* ।

महेशराज पन्त २०६६ क

= *पूर्णिमा* १२९ पूर्णाङ्कका ६६-८२ पृष्ठमा छापिएको, महेशराज पन्तको *सबभन्दा पहिले प्रचारमा आएको ठ्यासफूको विषयमा* ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महेशराज पन्त २०६७

= *पूर्णिमा*को यही अङ्कका १८-२६ पृष्ठमा छापिएको, महेशराज पन्तको *इतपिथ्या* ।

महेशराज पन्त छापिन बाँकी

= *बाङ्गेमुढा इराछेटेलको उल्लेख परेका अरू २ ताडपत्र* ।

महेशराज पन्त छापिन बाँकी क

= *थाबहिरिको कुरा आएको एउटा लिखत* ।

महेशराज पन्त छापिन बाँकी ख

= *खारबाहारको कुरा आएको एउटा ताडपत्र* ।

महेशराज पन्त छापिन बाँकी ग

= *नेवारराज्यमा ब्राह्मण – नरदेवीका भट्टका ८ वटा अभिलेख* ।

महेशराज पन्त छापिन बाँकी घ

= *स्त्रीलिङ्गी प्रत्यय आएका, १५ वटा अभिलेख* ।

महेशराज पन्त छापिन बाँकी ङ

= *कार्जीसम्बन्धी लिखत* ।

महेशराज पन्त छापिन बाँकी च

= *चित्रकार शब्द परेको एउटा लिखत* ।

महेशराज पन्त छापिन बाँकी छ

= *नेवारराज्यमा ब्राह्मण – अरू २ वटा लिखत* ।

महेशराज पन्त छापिन बाँकी ज

= *पारदोषिक, यसको अर्थ र यसका रूपभेदको विषयमा* ।

मोनियर मोनियर-विलियम्ज़ [१९५५/५६] २०२६/२७

= ई.सं. १८९९ (वि.सं. १९५५/५६)मा लन्डनबाट अक्स्फर्ड यूनिभर्सिटि प्रेसद्वारा प्रकाशित, कार्ल कापेलर, एर्न्स्त लोइमान र अरूहरूसँग मिली मोनियर मोनियर-विलियम्ज़ले तयार गरेको *अ स्यान्स्क्रिट्-इङ्ग्लिश् डिक्शन्अरि* (संस्कृत-अङ्ग्रेजी कोष) ।

मोहनप्रसाद खनाल २०२८

= वि.सं. २०२८ मा ललितपुरबाट साझा प्रकाशनद्वारा प्रकाशित, मोहनप्रसाद खनालको *अभिलेख-संकलन* ।

मोहनप्रसाद खनाल २०४०

= वि.सं. २०४० मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, मोहनप्रसाद खनालको *चाँगुनारायणका ऐतिहासिक सामग्री* ।

याज्ञवल्क्यस्मृति

= शाके १८१३ (वि.सं. १९४८)मा बम्बईबाट निर्णयसागरप्रेसद्वारा प्रकाशित, बापू शास्त्री मोघेको *याज्ञवल्क्यस्मृतिः योगीश्वरेण महर्षिणा याज्ञवल्क्येन प्रणीता विज्ञानेश्वरकृतमिताक्षराव्याख्यासंवलिता* (योगीश्वर महर्षि याज्ञवल्क्यले बनाएको *याज्ञवल्क्यस्मृति*–विज्ञानेश्वरले बनाएको *मिताक्षरा* व्याख्यासहित) ।

रत्नकाजी वज्राचार्य र विजयरत्न वज्राचार्य २०३९

= वि.सं. २०३९ मा काठमाडौँबाट रत्नकाजी वज्राचार्य र विजयरत्न वज्राचार्यद्वारा प्रकाशित, उनीहरूकै *नेपाः देःया विहारया ताःचा* (नेपाल देशका विहारको साँचो) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राष्ट्रिय अभिलेखालय २०५१

= ई.सं. १९९५ (वि.सं.२०५१)मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा, संस्कृति र समाजकल्याणमन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रस्तुत *अ रिपोर्ट् अन् द सर्‌भे यान्ड् स्टड्इ अफ् नेवारी स्क्रिप्ट्* (नेवारी लिपिको निरीक्षण र परिशीलनसम्बन्धी जाहेरी) [टइप भएको]।

लूछ्याह्लो पेतेक २०१५

= ई.सं. १९५८ (वि.सं. २०१५)मा रोमबाट ईस्‌तीतूतो ईताह्ल्याह्लो पेर ईल मेद्यो एद एस्‌त्रेमो ओर्‌येन्तेद्वारा प्रकाशित, लूछ्याह्लो पेतेकको *मेड्इईभ्‌ल् हिस्ट्‌रि अफ् नेपाल् (सी. ७५०-१४८०)* (नेपालको मध्यकालको इतिहास (अन्दाजि वि.सं. ८०७-१५३७))।

लूछ्याह्लो पेतेक २०४०

= ई.सं. १९८४ (वि.सं. २०४०)मा रोमबाट ईस्‌तीतूतो ईताह्ल्याह्लो पेर ईल मेद्यो एद एस्‌त्रेमो ओर्‌येन्तेद्वारा प्रकाशित, लूछ्याह्लो पेतेकको *मेड्इईभ्‌ल् हिस्ट्‌रि अफ् नेपाल् (सी. ७५०-१४८२)* (नेपालको मध्यकालको इतिहास (अन्दाजि वि.सं. ८०७-१५३८))।

वासुदेव लक्ष्मण पणशीकर १९९३

= काशीनाथ उपाध्यायमा हेर्नू।

विमलप्रभा

= पुण्डरीकमा हेर्नू।

शङ्कर *शाङ्करभाष्य प्रश्नोपनिषद्को*

= वि.सं. १९९३ मा गोरखपुरबाट गीताप्रेसद्वारा प्रकाशित *प्रश्नोपनिषद् सानुवाद शाङ्करभाष्यसहित* २ संस्करण।

शङ्करमान राजवंशी २०२१

= वि.सं. २०२१ मा प्रकाशित *पूर्णिमा* १ पूर्णाङ्कका ३०-३३ पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *कर्षको अर्थ*।

शतपथब्राह्मण

= शाके १८६१ (वि.सं. १९९६)मा बम्बईबाट रङ्गनाथ क्षेमराज र श्रीनिवास क्षेमराजद्वारा प्रकाशित, श्रीधर शर्मा वारेको *श्रीमद्वाजसनेयिमाध्यन्दिनशतपथ-ब्राह्मणम्। श्रीमत्त्रयीभाष्यकार-सायणाचार्यविरचितवेदार्थ-प्रकाशाख्याभाष्यसमेतम्। उपर्युक्त-भाष्यानुपलब्धिस्थाने- सर्वविद्यानिधानकवीन्द्राचार्यसरस्वती-श्रीहरिस्वामिभाष्यसमेतं* च (*श्रीमद्वाजसनेयिमाध्यन्दिनशतपथब्राह्मण* - श्रीवेदका भाष्यकार सायणाचार्यले बनाएको, *वेदार्थप्रकाश* भन्ने भाष्यसहित। माथि भनिएको भाष्य नपाइएको ठाउँमा सबै विद्याका रास, कवीन्द्राचार्य सरस्वती श्रीहरिस्वामीको *भाष्य*सहित) ४ भाग।

ई.सं. २००२ (वि.सं. २०५८/५९)मा दिल्लीबाट नाग पब्लिशर्सद्वारा दोस्रोपटक प्रकाशित।

शाङ्करभाष्य

= शङ्करमा हेर्नू।

शिवदत्त १९८४

= कमलाकर भट्टमा हेर्नू।

शिवराज आचार्य कौण्डिन्न्यायन २०६२

= वि.सं. २०६२ मा काठमाडौँबाट स्वाद्ध्यायशालाद्वारा प्रकाशित; शिवराज आचार्य कौण्डिन्न्यायनद्वारा रचित; आमोदवर्धन कौण्डिन्न्यायन, प्रमोदवर्धन कौण्डिन्न्यायन र सुमोदवर्धन कौण्डिन्न्यायनद्वारा सम्पादित *वैदिक धर्म मूल रूपमा*।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शिवराज आचार्य कौण्डिन्न्यायन २०६५

= वि.सं. २०६५ मा काठमाडौँबाट रत्नपुस्तकभण्डारद्वारा प्रकाशित; शिवराज आचार्य कौण्डिन्न्यायनद्वारा रचित; आमोदवर्धन कौण्डिन्न्यायन, प्रमोदवर्धन कौण्डिन्न्यायन र सुमोदवर्धन कौण्डिन्न्यायनद्वारा सम्पादित *अन्त्यकर्मपद्धति* ।

श्रीधर भावार्थदीपिका

= लक्ष्मीपति-नयराजसङ्ग्रहमा रहेको, देवनागरी लिपिको, लेखोट, *भावार्थदीपिका*सहितको *भागवत* ।

संकल्परत्नावली

= हरिनाथ प्याकुर्‍यालमा हेर्नू ।

सम्दोङ् रिन्पोछे २०५१

= पुण्डरीकमा हेर्नू ।

साफल्य अमात्य २०५३

= वि.सं. २०५३ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, साफल्य अमात्यको *काठमाडौं नगरायण*[७७] *(काठमाडौँ नगरको उद्‌भव, नगरायण र संस्कृतिको इतिहास)* ।

---

७७. पसीना चाँडै आउने प्वाल भन्ने अर्थमा क्षिप्रायण, नैमिष(रण्य) नै आश्रय भएको भन्ने अर्थमा नैमिषायन,[①] पुरुष नै गति भएको भन्ने अर्थमा पुरुषायण, शान्ति नै आश्रय भएको भन्ने अर्थमा प्रशमायन, समुद्र नै गति भएको भन्ने अर्थमा समुद्रायण र पसीना आउने प्वाल भन्ने अर्थमा स्वेदायन जस्ता, उत्तरपद अयन भएका, रामायणकै परम्पराका शब्द चलेका छन् –

यावन्ति **स्वेदायनानि** तावन्ति **क्षिप्रायणानि** । यावन्ति **क्षिप्रायणानि** तावन्तो रोमकूपाः । यावन्तो रोमकूपाः पञ्चदशकृत्वस्तावत्यो वर्षतो धारास्तदेतत् क्रोशशतिकं परिमाणम् ।

(*गोपथब्राह्मण* १।५।५।२३-२५)

एवमुग्रश्रवाः पृष्ट ऋषिभिर्**नैमिषायनैः** ।
भगवत्यर्पिताध्यात्मस्तानाह श्रूयतामिति ॥

(*भागवत* ३।२०।७)[②]

एवमेवास्य परिद्रष्टुरिमाः षोडश कलाः **पुरुषायणाः** पुरुषं प्राप्यास्तं गच्छन्ति भिद्येते चासां नामरूपे पुरुष इत्येवं प्रोच्यते स एषोऽकलोऽमृतो भवति तदेष श्लोकः ।

(*प्रश्नोपनिषद्* ६।५)[③]

---

① यहाँ णत्व भएको छैन । यस विषयमा ओत्तो ब्योत्लिङ्क र रूदोल्फ रोथ १९२१ मा नैमिषमा हेर्नू ।

② [...] उग्रश्रवा रोमहर्षणपुत्रो नैमिषमयनमाश्रयो येषामर्पितमध्यात्मं मनो येन ।

(माथिको श्लोकमा *भावार्थदीपिका*)

[...] भगवत्यर्पितमध्यात्मं मनो येन स उग्रश्रवाः सूतः नैमिषमयनं तेसां तै ऋषिभिरेवं पृष्टः [...]

(माथिको श्लोकमा *अन्वितार्थप्रकाशिका*)

③ [...] एवं यथायं दृष्यन्त उक्तलक्षणस्य प्रकृतस्यास्य पुरुषस्य परिद्रष्टुः परि समन्ताद् द्रष्टुर्दर्शनस्य कर्तुः स्वरूपभूतस्य यथार्कः स्वात्मप्रकाशस्य कर्ता सर्वतः तद्वदिमाः षोडश कलाः प्राणाद्या उक्ताः कलाः **पुरुषायणा** नदीनामिव समुद्रः पुरुषोऽयनमात्मभावगमनं यासां कलानां ताः **पुरुषायणाः** पुरुषं प्राप्य पुरुषात्मभावमुपगम्य तथैवास्तं गच्छन्ति ।[...]

(माथिको वाक्यमा *शाङ्करभाष्य*)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सिद्धिरत्न शाक्यभिक्षु २०६०

= वि.सं. २०६० मा काठमाडौँबाट श्री ५ को सरकार संस्कृति, पर्यटन तथा नागरिक-उड्डयनमन्त्रालय, पुरातत्त्वविभाग, राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित; *अभिलेख* २१ पूर्णाङ्कका ८८-१०३ पृष्ठमा छापिएको; सिद्धिरत्न शाक्यभिक्षुको *भूमि सम्बन्धी केही तमसुक ताडपत्रहरू* ।

सूर्यकान्त

= ई.सं. १९८१ (वि.सं. २०३७)मा दिल्लीबाट अक्स्फर्ड यूनिभर्सिटि प्रेसद्वारा प्रकाशित, सूर्यकान्तको *अ प्र्याक्टिक्ल् भेडिक् डिक्शन्अरि* (व्यावहारिक वैदिक कोष) ।

सेसिल बेन्डल १९६०/६१

= ई.सं. १९०४ (वि.सं. १९६०/६१)मा कलकत्ताबाट छापिएको, *जर्नल् अफ् द एशियाटिक् ससाइटि अफ् बेन्गल्* (एशियासम्बन्धी बङ्गालको सभाको पत्रिका) ७२ ठेली १-२ अङ्कका १-३२ पृष्ठमा छापिएको सेसिल बेन्डलको द *हिस्टरि अफ् नेपाल् यान्ड सराउन्ड्इङ् किङ्डम्ज् (१०००-१६०० ए.डी.)* (वि.सं. १०५७ देखि १६५७ सम्मको नेपाल र वरपरका राज्यको इतिहास) ।

यत्पादसंश्रयाः सूत मुनयः **प्रशमायनाः** ।
सद्यः पुनन्त्युपस्पृष्टः स्वर्धुन्यापोऽनुसेवया ।।

(*भागवत* १।१।१५)[④]

स यथेमा नद्यः स्यन्दमानाः **समुद्रायणाः** समुद्रं प्राप्यास्तं गच्छन्ति भिद्येते तासां नामरूपे समुद्र इत्येवं प्रोच्यते ।

(*प्रश्नोपनिषद्* ६।५)[⑤]

दश च वै सहस्राण्यष्टौ च शतानि । संवत्सरस्य मुहूर्ता यावन्तो मुहूर्तास्तावन्ति पञ्चदशकृत्वः क्षिप्राणि यावन्ति क्षिप्राणि तावन्ति पञ्चदशकृत्व एतर्हीणि यावन्त्येतर्हीणि तावन्ति पञ्चदशकृत्व इदानीनि यावन्तीदानीनि तावन्तः पञ्चदशकृत्वः प्राणा यावन्तः प्राणास्तावन्तोऽक्तना यावन्तोऽक्तनास्तावन्तो निमेषा यावन्तो निमेषास्तावन्तो लोमगर्ता यावन्तो लोमगर्तास्तावन्ति **स्वेदायनानि** यावन्ति **स्वेदायनानि** तावन्त एते स्तोका वर्षन्ति ।।[⑥]

(*शतपथब्राह्मण* १२।३।२।५)

दश च ह वै सहस्राण्यष्टौ च शतानि संवत्सरस्य मुहूर्ता इत्येतावन्त एव पुरुषस्य पेशशमरा इत्यत्र तत्समम् । यावन्तो मुहूर्ताः पञ्चदशकृत्वस्तावन्तः प्राणाः । यावन्तः प्राणाः पञ्चदशकृत्वस्तावन्तोऽपानाः । यावन्तोऽपानाः पञ्चदशकृत्वस्तावन्तो व्यानाः । यावन्तो व्यानाः पञ्चदशकृत्वस्तावन्तः समानाः । यावन्तः समानाः पञ्चदशकृत्वस्तावन्त उदानाः । यावन्त उदानाः पञ्चदशकृत्वस्तावन्त्येतादीनि । यावन्त्येतादीनि तावन्त्येतर्हीणि । यावन्त्येतर्हीणि तावन्ति **स्वेदायनानि** ।

(*गोपथब्राह्मण* १।५।५।१४-२२)

रोम्णां कोट्यस्तु पञ्चाशच्चतस्रः कोट्य एव च ।
सप्तषष्टिस्तथा लक्षाः सार्धाः स्वेदायनैः सह ।।

(*याज्ञवल्क्यस्मृति* ३।१०३)

नगरायण यो शब्द चलेको छैन र यसले साफल्य अमात्यको अभिप्रेत अर्थ पनि दिँदैन ।

---

④ [...] यस्य पादः संश्रयो येषाम् अत एव प्रशमोऽयनं वर्त्म आश्रयो वा एषां ते मुनयः [...]

(माथिको श्लोकमा *भावार्थदीपिका*)

[...] यस्य पादः संश्रयो येषाम् अत एव प्रशमोऽयनं वर्त्म आश्रयो वा येषां ते मुनयः [...]

(माथिको श्लोकमा *अन्वितार्थप्रकाशिका*)

⑤ स दृष्यन्तो यथा लोक इमा नद्यः स्यन्दमानाः स्रवन्त्यः **समुद्रायणाः** समुद्रोऽयनं गतिः आत्मभावो यासां ताः **समुद्रायणाः** समुद्रं प्राप्योपगम्यास्तं नामरूपतिरस्कारं गच्छन्ति । [...]

(माथिको वाक्यमा *शाङ्करभाष्य*)

⑥ वैदिक उच्चारणका चिह्न यहाँ हालिएका छैनन् र द्वित्व पनि गरिएको छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सेसिल बेन्डल १९६१/६२

= ई.सं. १९०५ (वि.सं. १९६१/६२)मा कलकत्ताबाट प्रकशित, हरप्रसाद शास्त्रीको *अ क्याट्अलग् अफ् पाम्-लीफ् यान्ड् सिलेक्ट्इड् पेपर् म्यानुयुस्क्रिप्ट्स् बिलङ्इङ् टु द डर्बार् लाइब्ररि नेपाल्* (नेपाल राजकीय पुस्तकालयका, ताडपत्रका पुस्तक र कागतका छनौट पुस्तकहरूको सूचीपत्र) १ भागमा १-३२ पृष्ठसङ्ख्या हाली गाँसिएको *हिस्ट्रइक्ल् इन्ट्रडक्शन्* (ऐतिहासिक उपोद्घात)।

स्वयम्भूलाल श्रेष्ठ २०२०

= वि.सं. २०२० मा ललितपुरबाट मदनपुरस्कारगूठीद्वारा प्रकाशित *नेपाली (त्रैमासिक)* १८ अङ्कका २८-३३ पृष्ठमा छापिएको, स्वयम्भूलाल श्रेष्ठको *देवपाटनको प्राचीन नाम– एक छलफल*।

हरप्रसाद शास्त्री १९७१/७२

= ई.सं. १९१५ (वि.सं. १९७१/७२)मा कलकत्ताबाट प्रकशित, हरप्रसाद शास्त्रीको *अ क्याट्अलग् अफ् पाम्-लीफ् यान्ड् सिलेक्ट्इड् पेपर् म्यानुयुस्क्रिप्ट्स् बिलङ्इङ् टु द डर्बार् लाइब्ररि नेपाल्* २ भाग।

हरिनाथ प्याकुर्‍याल २०४०

= वि.सं. २०४० मा काठमाडौँबाट योगनाथ प्याकुर्‍यालद्वारा प्रकाशित, हरिनाथ प्याकुर्‍यालको *संकल्परत्नावली* २ आवृत्ति।

हरिराम जोशी २०४१[७८]

= ई.सं. १९८४ (वि.सं. २०४१)मा ललितपुरबाट जोशी रिसर्च इन्स्टिट्युटद्वारा प्रकाशित *रोलम्ब* ४ ठेली ४ अङ्कको नेपाल खण्ड २० पृष्ठमा छापिएको हरिराम जोशीको *रामकोटको अभिलेख*।

हाम्रो वक्तव्य २०२३

= वि.सं. २०२३ मा प्रकाशित *पूर्णिमा* ११ पूर्णाङ्कका १०१-११८ पृष्ठमा छापिएको *हाम्रो वक्तव्य – श्रीडिल्लीरमण रेग्मीज्यूको छटेलपन*।

हेमराज शाक्य २०३७

= वि.सं. २०३७ मा ललितपुरबाट २५२४ बुद्धजयन्तीसमारोहसमितिद्वारा प्रकाशित, हेमराज शाक्यको *शिवदेव संस्कारित श्री रुद्रवर्ण महाविहार स्थित तालपत्र-अभिलेख*।

हेमराज शाक्य र तुलसीराम वैद्य २०२७

= ई.सं. १९७० (वि.सं. २०२७)मा काठमाडौँबाट तुलसीराम वैद्यद्वारा प्रकाशित, हेमराज शाक्य र तुलसीराम वैद्यको *मेड्इईभ्ल् नेपाल् (कल्अफन्ज्[७९] यान्ड् इन्स्क्रिप्शन्ज्)* (मध्यकालको नेपालका पुष्पिकाहरू र उत्कीर्ण लेखहरू)।

---

७८. कसले यो अभिलेख प्रस्तुत गरेको हो, त्यो त्यहाँ खुलाइएको छैन। [...] **प्रस्तुत अभिलेखको प्रतिलिपि मेरा मित्र श्री भीमबर थापाले केही दिन अधि मलाई ल्याइदिनु भएको थियो** भनी त्यहाँ लेखिएकोले र त्यस पत्रिकाका सम्पादक हरिराम जोशी भएकाले यहाँ मेरा भनी हरिराम जोशीले आफूलाई नै बुझाएका हुन् भन्ने ठह्र्याई उनको नाउँ माथि दिइएको हो।

७९. यस पुस्तकमा कल्अफन्ज्भित्र कल्अफन् अर्थात् पुष्पिका मात्र नराखी टिपोट (१४, १७ सङ्ख्या), लिखत (१५, १९, २१, २२, २४ सङ्ख्या) र पौभा (१६ सङ्ख्या) पनि राखिएकाले ग्रन्थकारलाई कल्अफन्को अर्थ नलागेको देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१ सङ्ख्याको पत्रको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि ३९-४० पृष्ठमा छ ।

१.
२.
३.
४.



१.
२.
३.



पछाडिपट्टि



CC-0. Nepal Sanskrit Academy, Kathmandu

२ सङ्ख्याको पत्रको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि ४२ पृष्ठमा छ ।



१. २. ३.

१. २. ३.

१. २. ३.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेवारराज्यमा ब्राह्मण नरदेवीका भट्टहरूको विषयमा

– महेशराज पन्त

१. वि.सं. २०४८ मा लम्बकर्ण भट्टको विषयमा लेख्दा नरदेवीका अरू भट्टहरूबारे पनि प्रकाशमा आएका आकरको आधारमा आफूले जानेबुझे जति कुरा जगदीशचन्द्र रेग्मीले लेखेका थिए ।[1] तर त्यस वेलासम्म प्रकाशमा आएका आकर पनि उनले राम्रोसँग नकेलाएकाले त्यो लेख अपूरो छ भन्ने कुरा आकर केलाउनेहरूको लागि नौलो छैन । लम्बकर्ण भट्टको विषयमा त मलाई त्यति थाहा छैन, तर वि.सं. १८९५ को शिरोपाउको क्रमअनुसार पशुपतिका मूलभट्ट बराबरको मर्यादा भएका, देगुतलेका पुजारी,[2] नरदेवीका यी भट्टहरूको विषयमा खोजीको क्रममा भेटिएका कुरा यहाँ पेश गर्दैछु ।

---

१. श्री ५ को सरकार सञ्चारमन्त्रालय, सूचनाविभागद्वारा प्रकाशित *नेपाल* पत्रिकाको वि.सं. २०४८ को कुनै अङ्कमा यो लेख सबभन्दा पहिले छापिएको हो । त्यो अङ्क आफ्नो पासमा नहुँदा जगदीशचन्द्र रेग्मी २०६२ बाट काम चलाएको छु ।

२. नरदेवीका भट्ट देगुतलेको पुजारी भइआएको विषयमा जगदीशचन्द्र रेग्मी २०६२:४०७-४०८ हेर्नू । वि.सं. १८९५ मार्गशुक्लषष्ठी बृहस्पतिवारको लालमोहर (कृष्णबहादुर थापा २०४६:२९-३५)अनुसार शिरोपाउको क्रममा पहिलो नम्बरमा **बडागुरुज्यू** (मूलमा **श्रीगुरु**), **मुख्तियार** र **चौतरिया**; दोस्रोमा **धर्माधिकार** र **काजीहरू**; तेस्रोमा **मूलपुरोहित**, **खजाञ्ची**, **कपरदार** र **सरदार**; चौथोमा **पशुपतिका मूलभट्ट**, **देगुतलेका भट्ट**, **मुलुकी मुन्शी** र **जङ्गी सुब्बा** परेका छन् –

श्रीगुरुके

८० हात्या पगरि थान १ के	
साल १ के	४२५

मुषतियारके

८० हात्या पगरि थान १ के	
साल जोडा १ के	४००
ढाल १ के	१५
तरोवार १ के	२०
कार्चोपी कामको द्वाल १ के	२४
लाल विहारी हात ४ के	

चौतरियाके

८० हात्या पगरि थान १ के	
साल जोडा १ के	३२५
ढाल जोडा १ के	१०
तरोवार १ के	१५

धर्माधिकारके

७० हात्या पगरि थान १ के	
साल जोडा १ के	२७५

अरु काजीके

७० हात्या① पगरि थान १ के	
साल जोडा १ के	२७५
ढाल १ के	१०
तरोवार १ के	१५
द्वाल १ के	१५
लाल विहारी हात ४ के	

मूल प्रोहितके

६० हात्या पगरि थान १ के	
साल जोडा १ के	२५०

षजांचीके

६० हात्या पगरि थान १ के

---

① प्रूफको गल्तीले तात्या भएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२. ने.सं. ८०१ (वि.सं. १७३८) आषाढशुक्लचतुर्थी बृहस्पतिवारको दिन देगुतलेको कौसीमा र यसको ५ दिनपछि देगुतलेकै पश्चिमपट्टिको छानामा गिद्ध बस्दा यसको ७ दिनपछि नरदेवी (ङ्त)का लक्ष्मीनारायण भट्टले कह्लेलचोक (**कनेओरसि**)मा यज्ञ गरी शान्ति गरेको कुरा ठ्यासफूमा लेखिएको, तात्कालिक टिपोटमा आएको छ ।[३]

३. नरदेवीका वीरेश्वर भट्टसम्बन्धी केही कुरा पनि यस प्रसङ्गमा गर्नुपर्छ । सबभन्दा पहिले ने.सं. ८०३ (वि.सं. १७३९) फाल्गुनकृष्णषष्ठीको, ताडपत्रबाटै शुरू गरौँ । नुवाकोट (**नवक्वाथ) देवहेता** भन्ने ठाउँको, आफ्नो हकभोगको ३२ रोपनी खेतमध्ये ३ खण्डको १ खण्ड देवदेव उभालाई भोगबन्धकी दिइराखेकोमा उनीसँग छुटाई **कान्तिपुर महानगरमा, यम्बुबुमामा, गाङ्गुलंक**मा, नरदेवीटोलमा (**ङ्ततोलुके**), लाछि (**राछे**)मा, पश्चिमपट्टिको घर (**यौता छे**)मा बस्ने, ब्राह्मण (**विप्र**), राजगुरु वीरेश्वर (**वीलुस्वल**) भट्टलाई **ब्रह्मादिगाम** (बर्मण्डी?)मा बस्ने वीरु उपाध्यायले ने.सं. ८०३ (वि.सं. १७३९) फाल्गुनकृष्णषष्ठीको दिन साढे ३४८ टङ्कामा बेचेको कुरा त्यस ताडपत्रमा छ ।[४]

ने.सं. ८०४ (वि.सं. १७४०) फाल्गुनशुक्लपञ्चमीको दिन भक्तपुरका युवराज भूपतीन्द्र मल्लको चूडाकर्म हुँदा[५] भोजको भाग पाउने ब्राह्मणहरूमा नरदेवी (ङ्त)का वीरेश्वर भट्ट पनि थिए भन्ने कुरा तात्कालिक बहीबाट थाहा पाइन्छ । उनको विषयमा **श्रीवीरेश्वर भट्ट २ ङ्त** भनी त्यस बहीमा लेखिएकोले उनीसमेत २ जनाले भाग पाएको हो कि जस्तो देखिन्छ ।[६]

द्वाल १ के १५
लाल विहारी हात ४ के

कपर्दारके
६० हात्या पगरि थान १ के
साल जोडा १ के २५०

सर्दारके
६० हात्या पगरि थान १ के
साल जोडा १ के १७५
ढाल १ के ५
तरोवार १ के ७
द्वाल १ के ५
लाल षासा हात ४ के

श्रीपशुपतिका मूल पूजाहारि भट्टके
५० हात्या पगरि थान १ के
साल जोडा १ के १५०
साल जोडा १ के २५०

श्रीदेगुतलेज्यूका पूजाहारि भट्टके
५० हात्या पगरि थान १ के
साल जोडा १ के १५०

मुलुकी मुन्सीके
५० हात्या पगरि थान १ के
साल जोडा १ के १५०

जंगी सुबाके
५० हात्या पगरि थान १ के
साल जोडा १ के १५०
ढाल १ के ४
तरोवार १ के ६
द्वाल १ के ४
लाल षासा हात ४ के

३. महेशराज पन्त २०६६:२०१ = मूलको ३१ पृष्ठ ।
४. उही छापिन बाँकीमा ४ सङ्ख्याको १ पङ्क्ति ।
५. चुन्दा वज्राचार्य २०५३:१८९ = मूलको २४२ ख पत्र ।
६. उही:१९६ = मूलको २४७ क पत्र । प्रूफको गल्तीले होला, **वीरेश्वर भट्ट** हुनुपर्नेमा **वीरेदवर भट्ट** छापिएको छ । **बजि**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यहीँ अलि तल **श्रीवीरेश्वर भाजुया का छय २ ङत** अर्थात् **श्रीवीरेश्वर भाजुका छोरापट्टिका** २ जना नाति, **नरदेवी** भनी लेखिएकोले नरदेवीका, वीरेश्वर भाजुका २ जना नातिले पनि भाग पाएको देखिन्छ ।[७] बहीमा माथि **श्रीवीरेश्वर भट्ट** र तल **श्रीवीरेश्वर भाजु** लेखेकोले झ्वाट्ट हेर्दा नरदेवीकै भए पनि यी २ मानिस भिन्नाभिन्नै जस्तो देखिन्छन् । तर यी भट्टहरूलाई तात्कालिक अभिलेखहरूमा **भाजु** पनि लेख्ने गरेको कुराको प्रमाणको रूपमा तीनै शहरका राजा अर्थात् योगनरेन्द्र मल्ल, भूपालेन्द्र मल्ल र भूपतीन्द्र मल्लको ने.सं. ८१८ (वि.सं. १७५५) सन्धिपत्रमा **श्रीहरिशङ्कर भट्ट भाजु**[८] र ने.सं. ८५५ (वि.सं. १७९१) फाल्गुनशुक्लषष्ठीको ताडपत्रमा **श्रीनारायन भट्ट भाजु**[९] भनी लेखेकोलाई औँल्याउन सकिन्छ ।

यस कारण बहीमा नाउँ काढिएका **वीरेश्वर भट्ट र वीरेश्वर भाजु** तथा ने.सं. ८०३ (वि.सं. १७३९)मा खेत किन्ने वीरेश्वर भट्ट एकै हुन् भन्नेमा शङ्का छैन ।

ने.सं. ७७९ (वि.सं. १७१६) श्रावणशुक्लचतुर्थीको ताडपत्रअनुसार **कान्तिपुरमहानगरमा, यम्बुबुमामा, ग्र्गागुरक**[१०]मा, यट्खाटोल (**यंताखातोर**) अट्खुबही (**अतरखुबहीरि**)को पछाडिको घर (**रीपछे**)का जिनिदेव भन्नेलाई त्यही टोलकी र त्यही घरकी,[११] गङ्गा ब्राह्मणी (**श्रीगर्गाजु ब्रह्मुनि**)ले आफ्नो त्यही घर बेच्दा वीरेश्वर भट्ट (**श्रीविरश्वर भर्त्तजु**) साक्षी बसेका छन् ।[१२] यी वीरेश्वर भट्ट नरदेवीका तिनै वीरेश्वर भट्ट हुनु सम्भव छ ।

ने.सं. ८०६ (वि.सं. १७४२) माघकृष्णपञ्चमीको दिन भूपतीन्द्र मल्लको व्रतबन्ध हुँदा[१३] [भक्तपुर आएका?],

---

फं २ अर्थात् **२ पाथी चिउरा** लेखी त्यसपछि वीरेश्वर भट्ट र अरू ब्राह्मणहरूको नाउँ दिइएकोले उनीहरूलाई भोजको भाग दिएको देखिन्छ ।

७. उही ।

८. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्य २०२१:२२-२४= ५ सङ्ख्याको १७ पङ्क्ति ।

९. महेशराज पन्त २०६७:४२ = २ सङ्ख्याको १ पङ्क्ति ।

१०. नाउँको अगाडि श्री जोडी मूलमा सप्तम्यन्त **श्रीग्र्गागुरके** छ ।

११. घर किन्ने जिनिदेवको वतन खुलाएपछि घर बेच्ने गङ्गा ब्राह्मणीको वतन खुलाउँदा **स यव तोरं स यव छें** अर्थात् त्यही टोल, त्यही घर भनी यहाँ लेखिएकोले एउटै घरको कुनै खण्ड जिनिदेवको भागमा र कुनै खण्ड गङ्गाको भागमा भएको बुझिन्छ ।

१२. महेशराज पन्त २०५०:२६ = १११ सङ्ख्या । यसको फ्याक्सिमिलिको लागि महेशराज पन्त छापिन बाँकीमा ३ सङ्ख्या हेर्नू ।

यस ताडपत्रमा **अत पत्रार्थे दृष्टसाक्षि धारनया ـ श्रीविरश्वर भर्त्तजु** (मूलको २ पङ्क्ति) मात्र लेखिएकोले **धारनया** अर्थात् **ऋणीको** पछाडि आउनुपर्ने, नाता बुझाउने शब्द यहाँ टुटेको स्पष्ट छ । यसो भए पनि घर बिक्री गर्ने गङ्गा ब्राह्मणी र साक्षी बस्ने वीरेश्वर भट्टको नाता धेरै नजीकको भएको यताबाट अनुमान हुन्छ । नरदेवीटोलमा भट्टहरूको घरको ठीक पूर्वमा सडकपारि रहेको भुलुखा देग: अर्थात् सन्तानेश्वर महादेवको मन्दिरबाट १० पाइला जति दक्षिणबाट अट्खुबही शुरू हुने भएकोले र त्यहाँ घर भएकी गङ्गा ब्राह्मणीले घर बिक्री गर्दा वीरेश्वर भट्ट साक्षी बसेकाले गङ्गा ब्राह्मणी पनि भट्ट खलककै हुनु धेरै सम्भव छ ।

१३. चुन्दा वज्राचार्य २०५३:२८३ = मूलको ३०७ ख पत्र ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

काठमाडौँका पुजारी ब्राह्मणहरूको फेहरिस्तमा नाउँ परेका **श्रीवीरेश्वर भट्ट**[१४] नरदेवीका यिनै **श्रीवीरेश्वर भट्ट** हुनु सम्भव छ ।

४. ने.सं. ८०४ (वि.सं. १७४०) फाल्गुनशुक्लपञ्चमीको दिन भूपतीन्द्र मल्लको चूडाकर्म हुँदा भोजको भाग पाउने ब्राह्मणहरूमा नरदेवी (ङ्त)का नरसिंह भट्ट पनि थिए भन्ने कुरा बहीमा **श्रीनरसिं भट्ट, ङ्त** भनी लेखेकोबाट थाहा पाइन्छ ।[१५]

ने.सं. ८०६ (वि.सं. १७४२) माघकृष्णपञ्चमीको दिन भूपतीन्द्र मल्लको व्रतबन्ध हुँदा [भक्तपुर आएका?], काठमाडौँका पुजारी ब्राह्मणहरूको फेहरिस्तमा नाउँ परेका **श्रीनरसिंदेव भट्ट**[१६] नरदेवीका यिनै **नरसिंह भट्ट** हुनु सम्भव छ ।

ने.सं. ८१८ (वि.सं. १७५५) आश्विनशुक्लदशमीको दिन नरदेवी (**ङ्त**)का यिनै नरसिंह भट्टले गरुडसहितको लक्ष्मीनारायणको धातुको मूर्तिस्थापना गरेको कुरा त्यही मूर्तिको पादपीठमा कुँदिएको अभिलेखबाट थाहा हुन्छ ।[१७]

ने.सं. ८१९ (वि.सं. १७५६) श्रावणकृष्णदशमीको दिन कान्तिपुरीमहानगरमा (**कान्तिपुलिमहानगरे**) **यंबुब्रुमामा**, नरदेवीमा (**ङ्ततोर**), **क्वाठदोरमा**, उत्तरपट्टिको घर (**यन्ता छे**)मा बस्ने नरसिंह भट्टलाई नरदेवी **यंकुरबाहार**[१८]को दक्षिणपट्टिको घर (**यिता छे**)मा बस्ने तुलाधर चिकुतिले त्यही बहालको घर बेचेका थिए ।

५. बेचेको घरको चारकिल्ला खुलाउँदा लेखिएको त्यस ताडपत्रमा **श्रीहरिशंकर भट्टया गृहेन उत्ररतः** अर्थात् **श्रीहरिशंकर भट्टको घरदेखि उत्तरपट्टि** भनेकोले त्यहाँ अर्का भट्टको पनि घर भएको देखिन्छ ।[१९]

---

१४. उही:२९२ = मूलको ३१५ क पत्र ।

१५. उही:१९७ = मूलको २४७ क पत्र ।

१६. उही:२९२ = मूलको ३१५ क पत्र ।

१७. ईअन एल्सप २०४१:३४ ।

१८. नरदेवीको यंकुलिबहालको कुरा अरू ५ वटा अभिलेखमा आएको मैले देखेको छु । तिनमा पहिलो ने.सं. ५९९ (वि.सं. १५३६) श्रावणकृष्णदशमीको हो । त्यहाँ किन्नेको वतन खुलाउँदा **श्रीङ्ततोलके यंकुलिबाहारछेगृहाद्विवाशीन** (महेशराज पन्त २०५७ ग:४४ = ५७ सङ्ख्याको १ पङ्क्ति) लेखिएको छ । दोस्रो ने.सं. ७८७ (वि.सं. १७२३) कार्तिककृष्णत्रयोदशीको शिलालेख हो । त्यहाँ दानपतिको वतन खुलाउँदा **कान्तिपुरमहानगरे ङ्ततोर यंकुलि बहार यौकुल छेंया तोराधर** (राष्ट्रिय अभिलेखालय २०५१:३७ सङ्ख्याको ३ पङ्क्ति) । तेस्रो ने.सं. ८४५ (वि.सं. १७८२) भाद्रशुक्लसप्तमीको हो । त्यहाँ किन्नेको वतन खुलाउँदा **ङ्ततोल यंकुलिबाहाल यिता छेया** (महेशराज पन्त २०५७ ख:५७ = ७ सङ्ख्याको २ पङ्क्ति) लेखिएको छ । तेस्रोचाहिँ ने.सं. ८५९ (वि.सं. १७९६) ज्येष्ठशुक्लत्रयोदशीको हो । त्यहाँ पनि किन्नेको वतन खुलाउँदा **श्रीमत्कान्तिपुलिमहानगल्ये श्रीयम्बूब्रुमायां ङ्ततोरके यंकूरबाहार यिता छे** (उही २०५२:२५-२६ = २७४ सङ्ख्याको १ पङ्क्ति) लेखिएको छ । ने.सं. ८६९ (वि.सं. १८०५) चैत्रकृष्णचतुर्थीको लिखतपत्रमा **श्रीमत्कान्तिपूरिमाहानगरे ।। श्रीयंबुब्रुमायां ।। गाङ्गलजे ।। यंबु ङ्ततोरकु यंकुबाहार** (महेशराज पन्त छापिन बाँकी कमा मूलको १ पङ्क्ति) लेखिएको छ । जान कर लाँक २०४१/४२ मा यो बहाल पनि चढेको छैन ।

१९. महेशराज पन्त २०५६:४९-५० = ११ सङ्ख्या । यसको फ्याक्सिमिलिको लागि महेशराज पन्त छापिन बाँकीमा ५ सङ्ख्या हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तीनै शहरका राजा अर्थात् योगनरेन्द्र मल्ल, भूपालेन्द्र मल्ल र भूपतीन्द्र मल्लको ने.सं. ८१८ (वि.सं. १७५५)को, ताडपत्रमा कुँदिएको सन्धिपत्रमा साक्षी बस्नेहरूमध्ये **श्रीहरिशङ्कर भट्ट भाजु**[२०] यिनै हरिशङ्कर भट्ट हुनु धेरै सम्भव छ ।

६. हरिशङ्कर भट्टले मङ्गलबजारमा शिवजीको मन्दिर बनाई ने.सं. ८२५ (वि.सं. १७६२) वैशाखशुक्लद्वितीयाको दिन गजुर चढाएको कुरा त्यसै वेला राखिएको शिलापत्रबाट थाहा पाइन्छ । त्यहाँ उनले आफूलाई लक्ष्मीनारायण भट्टका छोरा भनेका छन् र लक्ष्मीनारायण भट्टभन्दा अगाडिका २ पुस्ताको नाउँ पनि दिएका छन् । त्यसअनुसार उनका बाजेको नाउँ महादेव भट्ट र बराजुको नाउँ नारायण भट्ट हो । त्यहाँ नारायण भट्टको नाउँको अगाडि **सद्द्रविडान्वयोद्भवतनुः** अर्थात् **असल द्रविड वंशमा जन्मेका** भन्ने विशेषण जोडिएको छ र **जसले राजा श्रीशिवसिंहलाई सारा नेपाल देशको आधिपत्य दिलाई आफूले पनि अतुल सम्पत्ति जोडे (येन श्रीशिवसिंहनामनृपतेर्नेपालदेशा-खिलाधीशत्वं परिकल्प्य भूतिरतुला स्वस्यापि संपादिता)** भनी लेखिएको छ ।[२१]

७. यिनै नारायण भट्टले ने.सं. ७३४ (वि.सं. १६७१) भाद्रशुक्लदशमीको दिन भृङ्गारेश्वरको मन्दिरमा त्रिशूल चढाएको, ने.सं. ७३५ (वि.सं. १६७२) चैत्रपूर्णिमाको दिन त्यही मन्दिरनजीकै महादेव, कुमार र गणेशको स्थापना गरेको; सुनको त्रिशूलको आरोहण गर्न र भृङ्गारेश्वरमा नैवेद्य चढाउनको लागि खेत र फूल चढाउनको लागि फूलबारी अर्पेको; त्यहाँ कार्तिकपूर्णिमामा बत्ती बाल्न तथा गणेश, कुमार र महादेवको ध्वजारोहण गरी जात्रा गर्न भनी खेत गूठी राखेको कुरा बाबु बितेपछि उनका छोरा महादेव भट्टले राखेको, त्यहींको शिलापत्रबाट बुझिन्छ ।[२२] कावेरी नदीको तीरको रालदेशका नारायण भट्ट नेपाल आई राजा शिवसिंहका गुरु भएको कुरा त्यस शिलापत्रमा लेखिएको छ । त्यहाँ यिनको नाउँ लिँदा पहिलोपल्ट **यज्ञनारायण** (मूलको ५ पङ्क्ति) र पछि पछि **नारायण** (मूलका १२, १५ पङ्क्ति) मात्र लेखिएकोले यिनको पूरा नाउँ **यज्ञनारायण** देखिन्छ ।[२३]

राजाका गुरु नारायण शर्मा ने.सं. ७३८ (वि.सं. १६७४) पौषशुक्लद्वितीयाको दिन देवपट्टनमा वाग्वतीमा परलोक हुँदा उनको मुक्तिको लागि उनका छोरा महादेवले पशुपतिलाई सुनको कण्ठी र आफ्ना दिवंगत बाबुको मुक्तिको लागि पशुपतिको मन्दिरमा विष्णुको सुनको मूर्ति स्थापना गरेको कुरा कुनै बेला पशुपतिको मन्दिरको भित्तामा कीला ठोकी टाँसिएको र अहिले पशुपतिको गूठीअड्डामा सन्दूकभित्र राखिएको एउटा ताम्रपत्रमा लेखिएको छ ।[२४] यी नारायण शर्मा माथि चर्चा गरिएका, चापागाउँको ने.सं. ७३५ (वि.सं. १६७२) चैत्रपूर्णिमापछिको र मङ्गलबजारको ने.सं. ८२५ (वि.सं. १७६२) वैशाखशुक्लद्वितीयाको शिलापत्रमा आएका

---

२०. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्य २०२१:२२-२४ = ५ सङ्ख्याको १७ पङ्क्ति ।

२१. महेशराज पन्त छापिन बाँकीमा ६ सङ्ख्या ।

२२. ने.सं. ७३५ (वि.सं. १६७१) फाल्गुनशुक्लनवमीको दिन राजा शिवसिंहले भृङ्गारेश्वरलाई ५ रोपनी जग्गा चढाएको यस प्रसङ्गमा उल्लेखनीय छ (सुरेशज्योति शाक्य २०५६:६ = ३२ सङ्ख्या) ।

२३. महेशराज पन्त छापिन बाँकीमा १ सङ्ख्या ।

२४. उही २०५५:३३ = १ सङ्ख्या । यसको फ्याक्सिमिलिको लागि महेशराज पन्त छापिन बाँकीमा २ सङ्ख्या हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नारायण भट्ट नै हुन् भन्ने कुरा यस ताम्रपत्रमा र ती दुवै शिलापत्रमा उनलाई राजाका गुरु भनी लेखिएको र पछिल्लो शिलापत्रबाट नारायण भट्टका छोरा भनी चिनिएका महादेव भट्ट यस ताम्रपत्रमा नारायण शर्माका छोरा भनी लेखिएकाले पनि पुष्ट हुन्छ ।

८. यी सबै कुराबाट तात्कालिक टिपोटमा लेखिएअनुसार देगुतलेमा गिद्ध बस्दा शान्तिस्वस्ति गर्ने, नरदेवीका लक्ष्मीनारायण भट्ट र चापागाउँमा शिलापत्र राख्ने हरिशङ्कर भट्टका बाबु लक्ष्मीनारायण भट्ट उही र एउटा ताडपत्रअनुसार नरदेवीका हरिशङ्कर भट्ट र तीन शहरका राजाहरूको सन्धिपत्रमा साक्षी बस्ने तथा चापागाउँमा शिलापत्र राख्ने हरिशङ्कर भट्ट उही हुनु धेरै सम्भव छ ।

९. ने.सं. ८३५ (वि.सं. १७७१) कार्तिककृष्णसप्तमीको, ताम्रपत्रअनुसार काठमाडौँका राजा भास्कर मल्लले मण्डनका रामेश्वर जोशीको, त्यहीँको खेत लिई उनलाई यहाँको महांकालको ५५ रोपनी खेत सट्टाभर्ना दिएका थिए । सट्टापट्टा गरेको त्यस खेतसँगै २ कर्ष डिही, २ कर्ष घडेरी र डाँडाकटेरी खर्क (**दानाकयलि खलक**) पनि भास्कर मल्लबाट रामेश्वर जोशीले पाएको पनि त्यही ताम्रपत्रबाट बुझिन्छ । त्यस खर्कको चारकिल्ला खुलाउँदा **श्रीङतया भाजुपनिसन पूर्व्वत**[२५] अर्थात् **श्रीनरदेवीका भाजुहरूकोदेखि पूर्वपट्टि** भनी त्यस ताम्रपत्रमा लेखिएकोले र भट्टहरू **भाजु** भनी कहलिएको प्रमाण हामीले पाइसकेकोले[२६] महांकालमा तिनीहरूको जग्गा भएको बुझिन्छ । **खलक जोको ‿श्रीलक्ष्मीनारायनओ बच्छिबच्छि**[२७] अर्थात् **खर्क जति श्रीलक्ष्मीनारायणको पनि आधा आधा**[२८] भनी त्यही ताम्रपत्रमा लेखिएकोले डाँडाकटेरी खर्कको आधा हिस्साका हकदार, रामेश्वर जोशी र अर्को आधा हिस्साका हकदार लक्ष्मीनारायण देखिन्छन् । लक्ष्मीनारायणको नाउँको अगाडि **श्री** जोडिएकोले र रामेश्वर जोशीले पाएको खर्कको पूर्वपट्टि नरदेवीका भाजुहरूको खर्क भएकोले यी लक्ष्मीनारायण नरदेवीकै लक्ष्मीनारायण भट्ट हुनु धेरै सम्भव छ ।

१०. ने.सं. ७३८ (वि.सं. १६७४) पौषशुक्लद्वितीयाको दिन परलोक भएका नारायण भट्टकै नाउँ भएका अर्का भट्ट १०६ वर्षपछि देखा पर्छन् । खुलाएर भन्दा राजा जगज्जय मल्लले नरदेवीका नारायण भट्टलाई

---

२५. देवीप्रसाद भण्डारी २०५८:३८-३९ मा मूलका ७-८ पङ्क्ति ।
२६. माथि § ५ = ६२ पृष्ठ र तल § १२ = ६४-६५ पृष्ठ हेर्नू ।
२७. देवीप्रसाद भण्डारी २०५८: मूलको १० पङ्क्ति ।
२८. कुलमान गुभाजु[①] (महेशराज पन्त २०५३:३१)ले **खलकहरु जत्ति श्रीलक्ष्मीनारायणको आधि आधि** र देवीप्रसाद भण्डारी (२०५८:३९)ले **खर्क जति श्रीलक्ष्मीनारायण र राजाको आधाआधा** भनी यस वाक्यको अर्थ गरेका छन् । कुलमान गुभाजुको अर्थअनुसार आधा हिस्साको हकदार को भन्ने खुल्दैन । मूलमा ओ भएको र त्यसको अर्थ **र** हुने हुनाले देवीप्रसाद भण्डारीले आधा हिस्साको हकदार राजालाई बनाई दिएका छन् । राजाले रामेश्वर जोशीलाई डाँडाकटेरी खर्क पनि दिएकाले बाँकी आधा हिस्साको हकदार लक्ष्मीनारायण हुन् भन्ने अर्थ यताबाट आउँछ भन्ने मैले ठानेको छु ।

---

① यो उल्था कुलमान गुभाजुले गरेका हुन् भन्ने कुराको प्रगाणको लागि महेशराज पन्त २०६४:१०७ मा १ सङ्ख्याको उपटिप्पणीको पनि टिप्पणी हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ८४४ (वि.सं. १७८०) फाल्गुनपूर्णिमाको दिन ५ रोपनी खेत ४९४ टङ्कामा बेचेका थिए ।[२९] यिनै नारायण भट्टले ने.सं. ८५५ (वि.सं. १७९१) फाल्गुनशुक्लषष्ठीको दिन ५ रोपनी ८ आना जग्गा किनेका थिए ।[३०] नारायण भट्टको नरदेवी भट्टचोकको ने.सं. ८७३ (वि.सं. १८०९) माघकृष्णचतुर्दशीको शिलापत्रबाट यिनी वसिष्ठगोत्री तथा यिनका बाजेको नाउँ रघुनाथ शर्मा र बाबुको चाहिँ महादेव भन्ने कुरा थाहा हुन्छ। यिनले आफ्ना छोरा यदुनन्दन भट्टसहित लक्ष्मीनारायणको मूर्तिप्रतिष्ठा गरी घरजग्गा गूठी राखेको कुरा पनि त्यही शिलापत्रबाट थाहा हुन्छ ।[३१]

११. त्यही शिलापत्रमा नारायण भट्टका बाबु महादेवलाई **राडदेशमा जन्मेका (राडदेशज)**[३२] भनी लेखिएको छ। यस शिलापत्रभन्दा डेढ सय वर्ष जति पुरानो शिलापत्रमा अघिल्ला नारायण भट्टलाई **नदीहरूमा श्रेष्ठ, काबेरीले चिनिएको ठूलो रालदेशमा बस्ने (कावेरीसरिताम्वरांकितमहद्रालाख्यदेशश्रितो)**[३३] भनी लेखिएको कुराको सम्फना यस प्रसङ्गमा हुन्छ। उच्चारण गर्दा **ड** र **ल**मा भेद नमान्ने परम्परा[३४]अनुसार दुवै नारायण भट्टको थातथलो उही भएको देखिन गएको छ[३५] ।

१२. नारायण भट्ट अर्थात् यस लिखतका **श्रीनारायन भट्ट भाजुले** किनेको खेतको चारकिल्ला खुलाउँदा **श्रीदेवाक्र भाजुया बुनः दक्षिनतः** अर्थात् **श्रीदिवाकर भाजुको खेतदेखि दक्षिणपट्टि** भनी ने.सं. ८५५ (वि.सं. १७९१) फाल्गुनकृष्णषष्ठीको ताडपत्रमा लेखिएको छ। सँधियार **दिवाकर**को नाउँमा **नारायण**को नाउँमा जस्तै **भट्ट**

---

२९. महेशराज पन्त २०६७:२ सङ्ख्याको § ४ = ४१ ।
३०. उही:२ सङ्ख्याको § २ = ४१ ।
३१. उही:२ सङ्ख्याको § ४ = ४१-४२ । महेशराज पन्त छापिन बाँकीमा ७ सङ्ख्या ।
३२. उही छापिन बाँकीमा ७ सङ्ख्याको ४ पङ्क्ति ।
३३. उहीमा १ सङ्ख्याको १० पङ्क्ति ।
३४. उदाहरणको लागि

कव्यवाडनलः (ओत्तो ब्योत्लिङ्क र रूदोल्फ रोथ १९९५: कव्यवाह्मा उद्धृत) ।

ॐ कव्यवाडनलस्तृप्यताम् (खिलविलास पन्त २०४९:३६ मा उद्धृत) ।

कव्यवालनलादयः पितरः (*अमरकोष* १।१।५८ मा जातरूपको टीका = महेशराज पन्त २०५७ क:४९) ।

ईड स्तुताविति धातुः। डकारस्य ळकारो बह्वृचाध्येतृसंप्रदायप्राप्तः। तथा च पठ्यते–

अज्मध्यस्थडकारस्य ळकारं बह्वृचा जगुः ।
अज्मध्यस्थढकारस्य ळ्हकारं वै यथाक्रमम् ।।

इति ।।

(*ऋग्वेदसंहिता* १।१।१ मा *वेदार्थप्रकाश*)

हाम्रो भाषामा 'पाळो, चळेको, बळेको, घळा' इत्यादि शब्दमा 'ळ' को उच्चारण हुने ळ अक्षर पनी मान्नु आवश्यक छ. अथवा हिन्दीमा भैँ ड ढ का मनिबाट बिन्दु दिए पनी हुन्छ (हेमराज पण्डितज्यू १९६९:§१६ = ६ मा १ सङ्ख्याको टिप्पणी) ।

३५. कावेरी नदीको किनारामा रहेको राल/राडदेश पत्ता लाउन आफ्नो पासमा भएका, भारतवर्षको पुरानो भुवनकोश, दक्षिण भारतको इतिहास र त्यहाँका अभिलेखका पुस्तक पल्टाउँदा केही सीप लागेन । अनि लिभ्अर्पूलको इन्डलजि र प्यारिसको तामिल वेब्साइटमा यस विषयमा छलफल गर्दा पनि चित्तबुझ्दो जवाफ आएन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नआए पनि भट्टहरूको नाउँमा वारंवार जोडिएको देखिने, **भाजु** शब्द **नारायण** र **दिवाकर** दुवैको नाउँमा यहाँ जोडिएकोले यी **दिवाकर भाजु** पनि त्यही भट्ट परिवारका हुनु धेरै सम्भव छ।

श्वेतकालीलाई पित्तलको सिक्रीमा २० वटा सुकी उनिएको र गोल जन्त्र लट्किएको सुकीमाला ने.सं. ८९० (वि.सं. १८२६) फाल्गुनकृष्णचतुर्दशीको दिन नरदेवीलाई दिवाकर (मूलमा **देवाकर**) भट्टले चढाएको कुरा गूठीअड्डाको लगतमा चढेको कुराको सम्झना यसै प्रसङ्गमा हुन्छ।[३६] श्वेतकालीलाई गहना चढाउने यी **देवाकर भट्ट** र ने.सं. ८४५ (वि.सं. १७८२) आश्विनशुक्लद्वितीयाको ताडपत्रमा देखिएका **देवाक्र भाजु** उही हुनु धेरै सम्भव छ।

प्रतापसिंह शाहको वि.सं. १८३३ को एउटा लालमोहरमा देगुतलेलाई गूठी राख्नेहरूको नामनमेसी दिँदा सबभन्दा पुछारमा **देवाकर भट्** भन्ने नाउँ आएको छ।[३७] नरदेवीका भट्टहरूको सम्बन्ध देगुतलेसँग भएकोले यी **देवाकर भट्** अर्थात् **दिवाकर भट्ट** नरदेवीकै हुनु धेरै सम्भव छ।

१३. यसै प्रसङ्गमा **ङत** भाजुहरूको विषयमा पनि लेख्नुपरेको छ। यसको सन्दर्भ मैले २ पटक भेट्टाएको छु।

१३.१. ने.सं. ८२२ (वि.सं. १७५९) ज्येष्ठशुक्लनवमीको दिन भक्तपुरको राजा भूपतीन्द्र मल्लले कोटिहोम थाल्दा अग्निस्थापनमा सिधा पाउने ब्राह्मणहरूमा अरू ब्राह्मणहरूसँगै **श्रीङत भाजु २ ।।** अर्थात् **श्रीनरदेवीका भाजु २** पनि थिए भन्ने कुरा तात्कालिक बहीबाट थाहा पाइन्छ।[३८]

१३.२. ने.सं. ८४५ (वि.सं. १७८२) आश्विनशुक्लद्वितीयाको, ताडपत्रअनुसार बेचिएको, पाटनको एउटा जग्गाको चारकिल्ला खुलाउँदा दक्षिणपट्टिको सँधियार देखाउँदा **द्विजवरश्रीङतभाजुभट्टशर्म्मणः क्षेत्रादुत्तरतः**[३९] अर्थात् **ब्राह्मणमा श्रेष्ठ, श्रीनरदेवीका भाजु भट्ट शर्माको खेतदेखि उत्तरतर्फ** भनी लेखेको कुराको सम्झना हुन्छ।

१३.३. भूपतीन्द्र मल्लले गरेको कोटिहोमको अग्निस्थापनमा सिधा पाउने ब्राह्मणहरूको फेहरिस्त दिनुभन्दा ठीकअगाडि त्यस बहीमा **१ यलाया ҁ निश्राव बिया गण ।।**[४०] अर्थात् **पाटनका, सिधा दिइएका गण** भनी लेखिएकोले सिधा पाउने २ जना **ङत भाजु** पनि पाटनका रहेछन् भन्ने देखिन गएको छ। पाटनमा बसोबास भए पनि यिनीहरू **नरदेवीका** भनी कहलिएका थिए भन्ने यताबाट देखिन्छ।

१३.४. नरदेवीका एक थरी भट्टहरूका मूल पुर्खाले ललितपुर राज्यमा पर्ने भृङ्गारेश्वरमा कीर्ति राखेको[४१] र उनका पनातिले मङ्गलबजारमा शिवमन्दिर बनाएका[४२]ले दुवै शहरमा यी भट्टहरूको रस्तीबस्ती भएको देखिन

३६. महेशराज पन्त छापिन बाँकीमा ८ सङ्ख्या।
३७. गौतमवज्र वज्राचार्य २०३३:७२ मा १ सङ्ख्याको टिप्पणी हेर्नू।
३८. मूल बहीको ९ ख पत्रको ७ पङ्क्ति = जनकलाल वैद्य २०६१: मूलपाठ १२।
३९. बेर्न्हार्त कोल्फर र हेमराज शाक्य २०४२:१६८-१६९ = ३९ सङ्ख्याको ३ पङ्क्ति।
४०. मूल बहीको ९ ख पत्रको ७ पङ्क्ति = जनकलाल वैद्य २०६१: मूलपाठ १२।
४१. माथि § ७ = ६२ हेर्नू।
४२. माथि § ६ = ६२ हेर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गएको छ। काठमाडौँ र पाटन दुवै राज्यका राजा शिवसिंहको पालामा यी भट्टहरूका मूल पुर्खा नेपाल पसेकाले पनि दुवै शहरमा यिनीहरूको बसोबास भएको देखिन्छ ।

१३.५. ने.सं. ८४५ (वि.सं. १७८२)को, भरखरै माथि चर्चा गरिएको, पाटनको, एउटा ताडपत्रअनुसार **द्विजवरश्रीङतभाजुभट्टशर्म्मा**को जग्गा पाटनको इलाकामा भएकोबाट पनि भरखरै माथि लेखेको कुराको पुष्टि हुन्छ ।

१३.६. भूपतीन्द्र मल्लको ने.सं. ८०४ (वि.सं. १७४०)मा चूडाकर्म र ने.सं. ८०६ (वि.सं. १७४२)मा व्रतबन्ध हुँदा नरदेवीमै बस्ने भट्टहरूले भाग पाएकोमा[४३] अहिले भूपतीन्द्र मल्लले कोटिहोम गर्दा भने नरदेवीमै बस्ने भट्टहरूलाई नबोलाई, नरदेवीका भनी कहलिएका, बस्न भने पाटनमा बस्ने भट्टहरूलाई बोलाएको देख्दा त्यसताका भक्तपुर राज्य र काठमाडौँ राज्यबीच सम्बन्ध बिग्रिएकोले[४४] काठमाडौँका राजा भास्कर मल्ललाई त्यस उत्सवमा नबोलाए[४५] जस्तै काठमाडौँका बासिन्दा, नरदेवीका भट्टहरूलाई नबोलाई पाटनका बासिन्दा, नरदेवीका भट्टहरूलाई बोलाई काम चलाएको देखिन्छ ।

१४. यतिसम्मको खोजीबाट नरदेवीमा २ थरी भट्टहरूको बसोबास भएको देखिन गएको छ। जोड्न सकिएसम्म ती २ परिवारको वंशावली र तिनको समय यस्तो छ –



४३. माथि § ३ का दोस्रो र तेस्रो कण्डिका र § ४ को पहिलो कण्डिका = ५९-६०, ६१ हेर्नू ।

४४. उदाहरणको लागि ने.सं. ८२२ (वि.सं. १७५८) मार्गकृष्णनवमीको, भूपतीन्द्र मल्ल र योगनरेन्द्र मल्लको सन्धिपत्र (रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्य २०२१:४०-४२ = ६ सङ्ख्या) हेर्नू ।

४५. जनकलाल वैद्य २०६१:११-१२ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो लेख लेख्दा काम लिइएका कृतिको छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको[४६] वर्णक्रमअनुसारको तालिका

अमरकोष

= अमरसिंहमा हेर्नू ।

अमरकोषमा जातरूपको टीका

= अमरसिंहमा हेर्नू ।

अमरसिंह *अमरकोष*

= ई.सं. २००० (वि.सं. २०५७)मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, महेशराज पन्तको *जातरूप'ज़् कमेन्टरि अन् दि अमरकोष* (*अमरकोषमा* जातरूपको टीका) १ भाग ।

ईअन एल्सप २०४१

= वि.सं. २०४१ मा कीर्तिपुरबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित *कन्ट्रिब्युशन्ज़् टु नेपालीज़् स्टड्इज़्* (नेपालविषयका विद्यासम्बन्धी लेख) १२ ठेली १ सङ्ख्याका २३-४९ पृष्ठमा छापिएको, ईअन एल्सपको *प्रब्लेम्ज़् इन् डेट्इङ् नेपालीज़् मेट्ल् स्कल्प्चर्ः थ्री इम्इज्इज़् अफ् विष्णु* (नेपाली धातुमूर्तिको मिति तोक्दा पर्ने अप्ठ्यारा – विष्णुका ३ वटा मूर्ति) ।

ऋग्वेदसंहिता

= शाके १८५५ (वि.सं. १९९०)मा पूनाबाट वैदिक-संशोधन-मण्डलद्वारा प्रकाशित *ऋग्वेदसंहिता श्रीमत्सायणाचार्यविरचित-भाष्यसमेता* (*ऋग्वेदसंहिता* श्रीमान् सायणाचार्यले बनाएको भाष्यसमेत) ।

ओत्तो ब्योत्लिङ्क र रूदोल्फ रोथ १९१५

= ई.सं. १८५८ (वि.सं. १९१५)मा सेन्ट पिटर्स्बर्गबाट बूख्द्रुकेराइ देर कैजर्लिषेन आकादेमी देर विस्सेन्शाफ्त्एनद्वारा प्रकाशित, ओत्तो ब्योत्लिङ्क र रूदोल्फ रोथको *सन्स्क्रित्-वोर्तेर्बूख्* (संस्कृत-कोष) २ भाग ।

कृष्णबहादुर थापा २०४६

= ई.सं. १९८९ (वि.सं २०४६)मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्वको मुख्य शिक्षणविभागद्वारा प्रकाशित *नेपालीज़् कल्चर्* (नेपाली संस्कृति) ७-८ ठेलीका २७-३५ पृष्ठमा छापिएको; कृष्णबहादुर थापाको *आधुनिक कालको पूर्वार्द्धतिरका प्रमुख प्रशासनिक पद र मर्यादाक्रम* ।

खिलविलास पन्त २०४९

= वि.सं २०४९ मा काठमाडौँबाट भरतविलास पन्तद्वारा प्रकाशित, खिलविलास पन्तको *श्राद्धविधान [नेपाली भाषामा निर्देशनसहित]* ।

गौतमवज्र वज्राचार्य २०३३

= वि.सं. २०३३ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययनसंस्थानद्वारा प्रकाशित, गौतमवज्र वज्राचार्यको *हनूमान्ढोका राजदरबार* ।

चुन्दा वज्राचार्य २०५३

= वि.सं. २०५३ कीर्तिपुरबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, चुन्दा वज्राचार्यको *जितामित्र मल्लकालीन*[४७] *धरःपौ* ।

---

४६. रचयिताको नाउँको वर्णक्रमअनुसारको तालिका भनी माथि लेखिए पनि यसको अपवाद नभएको होइन । अज्ञातकर्तृक ग्रन्थको हकमा ग्रन्थनाम वर्णक्रमअनुसार यहाँ राखिएको छ । प्राचीन शैलीको ग्रन्थको हकमा रचयिताको नाउँ र ग्रन्थनाम दुवै वर्णक्रमअनुसार राखिएको छ । प्राचीन संस्कृत ग्रन्थका, यहाँ नाउँ लिइएका प्रकाशित पुस्तकबाट यस लेखमा उद्धरण गर्दा महेशराज पन्त २०५७: § ७.१६=४६७ मा लेखिएको रीतिको अनुसरण गरिएको छ ।

४७. यस्तै छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जगदीशचन्द्र रेग्मी २०६२

= वि.सं. २०६२ मा काठमाडौँबाट अन्नपूर्णा उपाध्याय भट्टद्वारा प्रकाशित, विद्यानाथ उपाध्याय भट्टको *तन्त्रविद्यालोकका* ४०३-४१४ पृष्ठमा गाभिएको, जगदीशचन्द्र रेग्मीको *लम्बकर्ण भट्ट* ।

जनकलाल वैद्य २०६१

= वि.सं. २०६१ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानद्वारा प्रकाशित, जनकलाल वैद्यको *सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा – पाँचतले मन्दिर: न्यातपोलल देवलको* ।

जातरूप *अमरकोषटीका*

= अमरसिंहमा हेर्नू ।

जान कर लाक २०४१/४२

= ई.सं. १९८५ (वि.सं. २०४१/४२)मा काठमाडौँबाट सहयोगी प्रेसद्वारा प्रकाशित, जान कर लाकको *बुड्इस्ट् मनुअस्ट्रिज् अफ् नेपाल्: ए सर्भे अफ् द बाहाज् यान्ड् बहीज् अफ् द काठ्मान्डू भ्याल्इ* (नेपालका विहार– काठमाडौँनका वाहा र बहीको निरीक्षण) ।

देवीप्रसाद भण्डारी २०५८

= वि.सं. २०५८ मा प्रकाशित *पूर्णिमा* १०३ पूर्णाङ्कका ३८-४५ पृष्ठमा प्रकाशित, *भास्कर मल्लले गरिदिएको ताम्रपत्र* ।

बेर्न्हार्त कोल्फर र हेमराज शाक्य २०४२

= ई.सं. १९८५ (वि.सं. २०४२)मा जाङ्क्त आउगूस्तीनबाट फाउगेहाविस्सेनशाफ्तफेर्लागद्वारा प्रकाशित, बेर्न्हार्त कोल्फर र हेमराज शाक्यको *डक्युमन्ट्स् फ्रम् द रुद्रवर्ण-महाविहार, पाटन्* (पाटनको रुद्रवर्णमहाविहारका लिखत) ।

महेशराज पन्त २०५०

= वि.सं. २०५० मा प्रकाशित *पूर्णिमा* ८६ पूर्णाङ्कका १-६५ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्य र ब्राह्मण* ।

महेशराज पन्त २०५२

= वि.सं. २०५२ मा प्रकाशित *पूर्णिमा* ९० पूर्णाङ्कका १-५३ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्य र ब्राह्मण* ।

महेशराज पन्त २०५३

= वि.सं. २०५३ मा प्रकाशित *पूर्णिमा* ८९ पूर्णाङ्कका २३-३१ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्य र ब्राह्मण* ।

महेशराज पन्त २०५५

= वि.सं. २०५५ मा प्रकाशित *पूर्णिमा* ९५ पूर्णाङ्कका ३३-४४ पृष्ठमा छापिएको, महेशराज पन्तको *ब्राह्मणसम्बन्धी, नेवारराज्यका, अहिलेसम्म प्रकाशमा नआएका पन्ध्रवटा ताम्रपत्र* ।

महेशराज पन्त २०५६

= वि.सं. २०५६ मा प्रकाशित *पूर्णिमा* ९७ पूर्णाङ्कका ४२-५१ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यमा ब्राह्मण – ताडपत्रमा लेखिएका, १३ वटा थप लिखतपत्र* ।

महेशराज पन्त २०५७

= ई.सं. २००० (वि.सं. २०५७)मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, महेशराज पन्तको *जातरूप'ज् कमेन्टरि अन् दि अमरकोष* (*अमरकोषमा* जातरूपको टीका) १ भाग ।

महेशराज पन्त २०५७ क

= ई.सं. २००० (वि.सं. २०५७)मा दिल्लीवाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, महेशराज पन्तको *जातरूप'ज् कमेन्टरि अन् दि अमरकोष* २ भाग ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महेशराज पन्त २०५७ ख

= वि.सं. २०५७ मा प्रकाशित *पूर्णिमा* १०० पूर्णाङ्कका ५२-६४ पृष्ठमा छापिएको, महेशराज पन्तको *काठमाडौँका राजाहरूका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका, १८ वटा लिखतपत्र (वि.सं. १७७३-१८१६)* ।

महेशराज पन्त २०५७ ग

= वि.सं. २०५७ मा प्रकाशित *पूर्णिमा* १०१ पूर्णाङ्कका १-४४ पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रमा लेखिएका, वि.सं. १५१२ देखि १५३६ सम्मका, अहिलेसम्म प्रकाशमा नआएका, ५७ वटा लिखतपत्र* ।

महेशराज पन्त २०६४

= वि.सं. २०५६ मा प्रकाशित *पूर्णिमा* १२६ पूर्णाङ्कका १०४-१२२ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यमा ब्राह्मण – थप २ वटा पत्र* ।

महेशराज पन्त २०६६

= वि.सं. २०६६ मा प्रकाशित *पूर्णिमा* १३१ पूर्णाङ्कका १९३-२२५ पृष्ठमा छापिएको, महेशराज पन्तको *सबभन्दा पहिले प्रचारमा आएको ठ्यासफू २ खण्ड* ।

महेशराज पन्त २०६७

= *पूर्णिमा*को यही पूर्णाङ्कका २७-५७ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यका ब्राह्मण – नरदेवीका भट्टसम्बन्धी २ वटा लिखत* ।

महेशराज पन्त छापिन बाँकी

= *नेवारराज्यमा ब्राह्मण– नरदेवीका भट्टसम्बन्धी ८ वटा अभिलेख* ।

महेशराज पन्त छापिन बाँकी क

= *नरदेवीको यंकुलिबहालको कुरा आएको एउटा लिखत* ।

रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्य २०२१

= वि.सं.२०२१ मा काठमाडौँबाट नेपाल सांस्कृतिक परिषद्द्वारा प्रकाशित; रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्यको *ऐतिहासिक पत्रसंग्रह* २ भाग।

राष्ट्रिय अभिलेखालय २०५१

= ई.सं. १९९५ (वि.सं.२०५१)मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा, संस्कृति र समाजकल्याणमन्त्रालय पुरातत्त्वविभाग राष्ट्रियअभिलेखालयद्वारा प्रस्तुत *अ रिपोर्ट् अन् द सर्‌भे यान्ड् स्टड्इ अफ् नेवारी स्क्रिप्ट्* (नेवारी लिपिको निरीक्षण र परिशीलनसम्बन्धी जाहेरी) [टाइप भएको]।

वेदार्थप्रकाश

= *ऋग्वेदसंहिता*मा हेर्नू।

सायण *वेदार्थप्रकाश*

= *ऋग्वेदसंहिता*मा हेर्नू।

सुरेशज्योति शाक्य २०५६

= वि.सं. २०५६ मा भक्तपुरबाट सुथांद्वारा प्रकाशित *पासूका* (पञ्चसूत्रिका) ३ वर्ष ८ अङ्कको ६ पृष्ठमा छापिएको, सुरेशज्योति शाक्यको *केही अप्रकाशित लिखतपत्रहरु* ।

हेमराज पण्डितज्यू १९६९

= वि.सं. १९६९ मा काठमाडौँबाट प्रकाशित, हेमराज पण्डितज्यूको *चन्द्रिका. गोरखाभाषा-व्याकरण* १-२ प्रकाश।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

काशिकराजकीयसंस्कृतपाठशालाको पुरानो खालको प्रमाणपत्रको विषयमा

– महेशराज पन्त

१. काशीबाट छापिने *उदय* पत्रिकाका सबै अङ्क म हेर्न पाउँदिनँ । कारण के भने बाहिरबाट छापिने हुनाले होला, बजारमा नियत रूपले ती भेट्टाइँदैनन् । बागबजारको हिमालयन बुक सेन्टरमा *उदय*को, वि.सं. २०६६ वैशाखको अङ्क पोहर जेठतिर संयोगले भेट्टाएँ । विषयसूची पल्टाउँदा कमल दीक्षितको लेख (कमल दीक्षित २०६६) पनि त्यहाँ छापिएको देखियो । त्यस लेखको शीर्षकले नै मलाई तान्यो र त्यही पसलमै उभिएर एकसासले त्यो छोटो लेख पढिसिध्याएँ । त्यही साल प्रकाश गरिएको, कमल दीक्षितको लेखसङ्ग्रह (कमल दीक्षित २०६६ क)मा पनि सो लेख पछि गाभिएर आयो । काशिकराजकीयसंस्कृतपाठशालाको पुरानो खालको प्रमाणपत्रमा फलानो उपाधि पाएको भन्ने कुरा नलेखी फलानो फलानो ग्रन्थ पढेको भन्ने कुरा लेखिएको देख्दा छक्क परेर कमल दीक्षितले त्यो लेख लेखेको रहेछ ।

तल जे म लेख्दैछु; त्यो, त्यही लेख पहिलोपटक हेर्दा त्यही बेला मनमा खेलेको कुरालाई मिलाएर लिपिबद्ध गरेको मात्र हो ।

२. वि.सं. १८४८ मा[१] काशिकराजकीयसंस्कृतपाठशाला[२] खुले पनि परीक्षा पास गरेका विद्यार्थीहरूलाई यी यी

---

१. यस पाठशालासम्बन्धी वाङ्मय मैले धेरै हेरेको छैन । अरू त के कुरा, *जर्नल् अफ् द गङ्गानाथ् रिसर्च् इन्स्टियुट्*को ई.सं. १९४४ को मे महीनाको अङ्कमा छापिएको, एस. एन. सेनको *स्यान्स्क्रिट् कल्इज् याट् बनारस्* भन्ने लेख (मोतीचन्द्र २०४१/४२ मा उद्धृत) पनि मैले हेरेको छैन । यस कारण यस पाठशालाको विषयमा मैले लेखेको कुरा अपूरो हुनु धेरै सम्भव छ ।

यो पाठशाला ई.सं. १७९१ मा खुलेको हो भनी धेरैले लेखे पनि पूरा मितिचाहिँ बलदेव उपाध्याय (२०३९)ले छोडेर अरूले दिएको मैले देखेको छैन । उनले आफ्नो पुस्तकमा एक ठाउँ (२०३९:९१)मा यस्तो

> **काशी की पाण्डित्य परम्परा के इतिहास में २९ अक्टूबर १७९१ ई० (सं० १८४८ वि०) का दिनांक सुवर्णाक्षरों में अंकित करने योग्य है क्योंकि इसी दिन के मंगल प्रभात में काशि-राजकीय संस्कृत पाठशाला की स्थापना की गई थी ।**

र त्यही पुस्तकको अर्को ठाउँ (२०३९:१०९-११०)मा यस्तो

> **महीपनारायणसिंह राजा चेतसिंह के अपदस्थ किये जाने के अनन्तर १७८१ ई० में काशीराज की गद्दी पर आरूढ़ हुए । [...] काशिराजसंस्कृत-पाठशाला की स्थापना २१ मार्च १७९१ ई० में आपकी ही उदारता तथा विद्या-प्रेम की परिचायिका है ।**

लेखेकाले यस पाठशालाको स्थापनामिति एउटै ग्रन्थकारले २ थरी दिएको स्पष्ट छ । खालि साल मात्र दिँदा ई.सं. मा फरक नपर्ने भए पनि वि.सं. मा चाहिँ १ वर्षको अन्तर पर्न जान्छ भनी भनिरहनुपर्दैन[①] ।

---

① अ स्यान्स्क्रिट् कल्इज् वज् इन्स्टियुटइड् याट् बनारस् इन् १८०१, ह्वेन् मिस्टर् डीन्[❶] वज् जज् यान्ड् म्याजइस्ट्रेट् (जेम्ज़ प्रिन्सेप [१८८९/९०]२०५२/५३:१६)अर्थात् श्रीडीन जज र म्याजिस्ट्रेट हुँदा ई.सं. १८०१ मा काशीमा संस्कृत कलेज खडा

---

❶ DEANE ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२. यस पाठशालाको खास नाउँ के हो भनी निर्क्योल्न पनि गाह्रै छ। यस पाठशालाका तेस्रा भारतीय प्रिन्सिपल मङ्गलदेव शास्त्री (१९९९:९-१० = २००३:२३०)अनुसार उठानमा यसको नाउँ **बनारस पाठशाला** अथवा **हिन्डू कल्इज् थियो**; पछि **बनारस कल्इज्** अथवा **स्यान्स्क्रिट् कल्इज्, बनारस्** वा **काशिकराजकीयसंस्कृतपाठशाला** भन्ने नाउँले यो प्रसिद्ध भयो; यस पाठशालासम्बन्धी पुराना कागजातमा कहीँ **श्रीमद्वाराणसीस्थश्रीमत्कम्पनी-पाठशाला**, कहीँ **श्रीमत्सार्वभौमकम्पनीस्थापितवाराणसीस्थपाठशाला**, कहीँ **श्रीमद्रसाशुनासीरधीरधीरञ्जितजितसापत्नवीरसार्वभौम-कम्पनीप्रभुनियोजितकाशीराजधानीस्थसंस्कृतपाठशाला**, कहीँ **श्रीमन्महीमघवकम्पनीप्रभुवरनियोजिताधिकाशिसंस्कृतविद्या-पाठशाला** लेखिएको देखिन्छ।

यस पाठशालासम्बन्धी, आफ्नो पहुँचमा भएका, प्रकाशित कागजात हेर्दा आएको नतीजा पनि यस प्रसङ्गमा दिनु राम्रै होला –

वि.सं. १९०१ वैशाखशुक्लतृतीयाको, कागजपत्रमा यसलाई **काशीस्थविद्यालय** मात्र लेखिएको छ (उही १९९९:१७-१८ = २००३:२३५-२३६)। ई.सं. १८४५ जनवरी २१ तारीखको कागजपत्रमा भने **वाराणसीस्थपाठशाला** लेखिएको छ (उही १९९९:२२=२००३:२३९)। ई.सं. १८४६ अगस्ट ५ तारीखको कागजपत्रमा भने **संस्कृतपाठशाला** मात्र भनेर काम चलाइएको छ (उही १९९९:२३=२००३:२४०)।② ठाकुर ओझाको, ई.सं. १८७६ अगस्ट ४ को प्रमाणपत्रमा संस्कृतमा **काशीस्थराजकीयपाठशाला**, अङ्ग्रेजीमा चाहिँ एक ठाउँमा **स्यान्स्क्रिट् कल्इज् बनारस्** र अर्को ठाउँमा **बनारस् कलेज्** लेखिएको छ (बलदेव उपाध्याय २०३९:१०४ अगाडिको फोटो)। हाम्रा कलाधर रिमालको प्रमाणपत्रमा संस्कृतमा **वाराणसेयराजकीयप्रधानपाठशाला** र अङ्ग्रेजीमा **क्वीन्'ज् कल्इज्** लेखिएको छ (कमल दीक्षित २०६६:९ = २०६६ क:१६)। बाल शास्त्रीले ठाकुर ओझालाई अलग्गै लेखेर दिएको प्रमाणपत्रमा उनले आफूलाई **काशीस्थसंस्कृतपाठालय**का अध्यापक भनेका छन् (बलदेव उपाध्याय २०३९:४ सङ्ख्याको चित्र)। वि.सं. १९३५ माघकृष्णषष्ठीको, कीर्तिनाथ झाको प्रमाणपत्रमा **काशीस्थराजकीयप्रधानपाठशाला** र भट्टू शास्त्रीको, मिति नभएको प्रमाणपत्रमा चाहिँ **काशिकराजकीयप्रधानपाठशाला** लेखिएको छ (मङ्गलदेव शास्त्री १९९९:२६ = २००३:२४३)। गङ्गाधर शास्त्रीको, ई.सं. १८७९ जनवरी १५ तारीखको प्रमाणपत्रमा **काशिकराजकीयपाठशाला** लेखिएको छ (उही १९९९:२७=२००३:२४३-२४४ = बलदेव उपाध्याय २०३९:२५९)।

पछिपछिका प्रमाणपत्रमा चाहिँ **काशीस्थराजकीयप्रधानसंस्कृतपाठशाला** (भूपहरि पौडेल २०५१:२६, ३०, ११३ चित्रसङ्ख्या), **बनारस् स्यान्स्क्रिट् कल्इज्** (उही:२७ चित्रसङ्ख्या), **बनारस् गभ्अर्मन्ट् स्यान्स्क्रिट् कल्इज्** (उही:११४ चित्रसङ्ख्या) र **गभ्अर्मन्ट् स्यान्स्क्रिट् कल्इज्** (उही:९२, ९३ चित्रसङ्ख्या) लेखिएको छ।

बलदेव उपाध्याय (२०३९)ले यस पाठशालाको चर्चा गर्दा यसको नाउँ सर्वत्र **काशिराजकीयसंस्कृतपाठशाला** लेखेका छन्। त्यो नाउँ मैले अन्यत्र देखेको छैन। त्यस कारण यस विषयमा अलि खुलाएर लेख्नुपरेको छ।

त्यस पाठशालाका प्रसिद्ध अध्यापक गङ्गाधर शास्त्रीले आर्यसमाजीलाई पढाउने गरेका थिएनन्। तर भाइसराय कर्ज़नले आफ्ना कृपापात्र, राजस्थानी एउटा रियासतका राजाको आग्रहमा उनका आर्यसमाजी पुरोहितलाई

गरिएको थियो भनी काशीमा वि.सं. १८७७ देखि १८८६ सम्म टक्सारी भएका जेम्ज़ प्रिन्सेप (वि.सं. १८५६-१८९७)❷ले आफ्नो काशीसम्बन्धी पुस्तकमा लेखेकाले त्यस कलेजको स्थापनाको मिति दिँदा उनले १० वर्ष फरक पारेको देखिन्छ।

② वि.सं. १९०१ श्रावणकृष्णतृतीया बुधवारको, महानन्दको प्रमाणपत्रमा पद्यमा

भूमण्डलाखण्डलकम्पनीशप्रवर्तिताधीतिगृहेधिकाशि

लेखिएको (मङ्गलदेव शास्त्री १९९९:१५ = २००३:२३४)लाई यहाँ गनिएको छैन।

---

❷ यिनीबारे ओ.पी. केजरीवाल २०५२/५३:७, ९, १७, २६ को आधारमा माथि लेखिएको हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ग्रन्थ पढेको भनी प्रमाणपत्र दिने निधो भने वि.सं. १८७७ (ई.सं. १८२०)मा मात्र गरियो ।[३] त्यस्तो खालको प्रमाणपत्र दिने चलन पछिसम्म थियो, वि.सं. १९३७ (ई.सं. १८८०)मा गेओर्ग थीबो प्रिन्सिपल भएपछि मात्र प्रथमा, मध्यमा र आचार्य उपाधिको चलन त्यस पाठशालामा चलेको हो ।[४]

२.१. पण्डित डमरुवल्लभ पन्त (वि.सं. १९०१-१९६०)[५]**ले काशीमा राजाराम शास्त्रीहरूसंग पढेका हुन् भन्ने [डमरुवल्लभका नाति] खगेन्द्रवल्लभको भनाई थियो । डमरुवल्लभले पढेको प्रमाणपत्र पनि खगेन्द्रवल्लभसँग थियो । सो प्रमाणपत्र**[६]**मा आजभोलिको जस्तो फलानो परीक्षामा उत्तीर्ण भयो भन्ने लेखिएको थिएन । यिनले फलाना फलाना ग्रन्थ पढेका छन् । यिनी पण्डितको काम गर्न समर्थ भए भनी काशिकराजकीयसंस्कृतपाठशालाका पण्डितहरू र अध्यक्षले लेखिदिएको सो प्रमाणपत्र**[६] **थियो** भनी नयराज पन्त (२०२४:१७२)ले लेखेको कुराको सम्झना यस प्रसङ्गमा हुन्छ ।

२.२. राजगुरु नगेन्द्रराज पण्डित (वि.सं. १८९१-१९३५)ले पाएको प्रमाणपत्र उनका जनाति प्रकाश ए. राज (२०५३:२५)ले छपाएका छन् । त्यसअनुसार उनले व्याकरणमा *सिद्धान्तकौमुदी, मनोरमा, शब्दरत्न, परिभाषेन्दुशेखर* र *महाभाष्य*; काव्य र साहित्यमा *रघुवंश, माघ, किरातार्जुनीय, नैषध* र *कुवलयानन्द*; धर्मशास्त्रमा *मनुस्मृति* र *मिताक्षरा*को दायभाग; न्यायमा *कारिकावली, मुक्तावली, व्याप्तिपञ्चक, व्यधिकरणधर्मावच्छिन्नाभाव* र *सिद्धान्तलक्षणी* राम्रोसँग पढेको कुरा बापूदेव शास्त्री, राजाराम शास्त्री र बाल शास्त्रीले प्रमाणित गरेका छन् । तर त्यस प्रमाणपत्रमा काशिकराजकीयसंस्कृतपाठशालाको चर्चै छैन, कहिले उनले पढ्न थालेका हुन्, त्यो कुरा पनि त्यहाँ खुलाइएको छैन र त्यसमा हाम्रा कलाधर रिमालको प्रमाणपत्रमा जस्तै मिति पनि छैन । प्रकाश ए. राजले त्यस प्रमाणपत्रको सकलको होइन कि नकलको फ्याक्सिमिलि छपाएकाले कतै सार्नेले टुटाएको हो कि भन्ने शङ्का गर्ने ठाउँ पनि नभएको होइन । **१९२१ मा विजयराज काशीवास गर्न गएपछि १९३५ मा देहान्त होउन्जेल सम्म वडागुरूज्यू भएका** (प्रकाश ए. राज २०५३:२५) नगेन्द्रराजको प्रमाणपत्रमा **अथ च नेपालनृपालतोऽधिगतेन राजगुरुधर्माधिकारीतिपदवीद्वितयेनालङ्कृतो महान् कोविदः**

गङ्गाधर शास्त्रीसँग पढ्ने व्यवस्था गराउन खोजे । तर यसमा गङ्गाधर शास्त्री अडिग रहे । यस पाठशालाको नाउँमा राजकीय शब्द जोडिएकोले भाइसरायले आग्रह गर्दा गर्दै पनि गङ्गाधर शास्त्रीले ती आर्यसमाजीलाई नपढाएको देखेर उनले कर्तव्य पूरा नगरेको भन्ने ठानी आफू काशी आउँदा उनलाई भेट्ने विचार गरे । तदनुसार कर्ज़नको र गङ्गाधर शास्त्रीको भेट पनि भयो । तपाईँ जस्तो सनातनी पण्डितले अङ्ग्रेजसरकारसँग तलब थाप्नु सनातनधर्मविरोधी भएन र भनी कर्ज़नले त्यस भेटमा उनलाई भन्दा मेरो पाठशालाको नाउँ **काशिराजकीयपाठशाला** हो, यसको अर्थ काशीमा राजकीय अर्थात् सरकारी पाठशाला नभई **काशिराजकीय** अर्थात् **काशीका राजाको** पाठशाला हो, काशीका राजाले राखेको जगगाको गूठीबाट यो पाठशाला चलेको छ, यो पाठशाला जहाँ खडा छ, त्यो पनि काशीका राजाले नै दिएको हो, अङ्ग्रेजसरकारले त यसको व्यवस्था गरेको मात्र हो, उसको अधिकारमा यो छैन, यसका मालिक त काशीका राजा हुन्, यस कारण मैले सनातनधर्मी राजाबाटै तलब थापेको हुँ, विधर्मी शासकसँग होइन भनी उनले जवाफ दिए भनी बलदेव उपाध्याय (२०३९:२५९-२६३)ले लेखेका छन् ।

३. मङ्गलदेव शास्त्री १९९९:१४ = २००३:२३४ ।

४. उही:२७-३० = २००३:२४४-२४६ ।

५. प्रपन्नाचार्य २०४९:७६-७७ ।

६. प्रूफको गल्तीले त्यहाँ **प्रमाणप्रत्र** छापिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कुलीनश्चास्तीति शिवम् अर्थात् अनि नेपालका राजाबाट पाएका, राजगुरु र धर्माधिकारी भन्ने २ वय पदवीले सिँगारिएका [उहाँ], ठूला विद्वान् र कुलीन हुनुहुन्छ, शुभम् भनी लेखिएकोले राजगुरु भइसकेपछि उनले यो प्रमाणपत्र लिएको देखिन गएको छ ।

२.३. कलाधर रिमालले पाएको जस्तो, ५ वटा अरू प्रमाणपत्र प्रकाशमा आएको पनि मैले देखेको छु ।[७] तिनमा सबभन्दा प्राचीन वि.सं. १९०१ को[८] र अर्वाचीन वि.सं. १९३५ को[९] छ ।

३. वाराणसेयराजकीयप्रधानपाठशाला वा **क्वीन्'ज़् कलेइज्**मा नेपालका कलाधर रिमाल ई.सं. १८६७ मा पढ्न आई फलाना फलाना ग्रन्थ पढी जाँच दिएपछि यो प्रशंसापत्र दिइयो भनी उनको प्रमाणपत्रमा लेखिएको छ ।[१०] त्यही सालमा त्यस पाठशालामा पढ्न गएका अर्का विद्यार्थीको पनि त्यस्तै प्रमाणपत्र प्रकाशमा आएको छ । खुलाएर भन्दा **काशीस्थराजकीयपाठशाला** वा **स्यान्स्क्रिट् कलेइज् बनारस्**मा ठाकुर ओझा ई.सं. १८६७ मा पढ्न आई फलाना फलाना ग्रन्थ पढी जाँच दिएपछि आफूले पढेका ग्रन्थ पढाउन सक्ने भए भनी त्यस प्रमाणपत्रमा लेखिएको छ ।[११] यी दुवै प्रमाणपत्रमा अघिबाट संस्कृतमा र त्यसपछि अङ्ग्रेजीमा विवरण लेखिएको छ । कलाधर रिमालको प्रमाणपत्रमा त्यो प्रमाणपत्र दिएको मिति छैन, ठाकुर ओझाकोमा भने परीक्षकहरूले सही गरिसकेपछि मुनि अङ्ग्रेजीमा

बनारस् कलेइज्

अगस्ट् ४. १८७६.

लेखिएको छ । यस कारण कलाधर रिमालको प्रमाणपत्रमा पनि त्यसै गरी मिति दिइएको थियो, कालान्तरमा पुछारको भाग च्यातिएर गयो कि भन्ने शङ्का गर्ने ठाउँ नभएको होइन । ई.सं. १८६९ मा त्यस पाठशालामा भर्ना भएका भट्टू शास्त्रीको प्रमाणपत्रमा पनि हाम्रा कलाधर रिमालकोमा जस्तै मिति नभएको पनि यस प्रसङ्गमा सम्झनुपर्छ ।[१२]

एकै साल भर्ना भएका कलाधर रिमाल र ठाकुर ओझामध्ये अघिल्लाले काव्यमा *रघुवंश, माघ* र *नैषध*का केही सर्ग पढेकोमा पछिल्लाले *रघुवंश, कुमारसंभव, किरातार्जुनीय, माघ, नैषध* आदि महाकाव्य पढेको, व्याकरणमा अघिल्लाले *सिद्धान्तकौमुदी* र *परिभाषेन्दुशेखर* आदि पढेकोमा पछिल्लाले *सिद्धान्तकौमुदी,*

---

७. १) महानन्दको, वि.सं. १९०१ श्रावणकृष्णतृतीया बुधवारको (मङ्गलदेव शास्त्री १९९९:१५ = २००३:२३४) ।
२) ठाकुर ओझाको ई.सं. १८७६ अगस्ट ४ को (बलदेव उपाध्याय २०३९:१०४ पृष्ठअगाडिको फोटो) ।
३) कीर्तिनाथ झाको, वि.सं. १९३५ माघकृष्णषष्ठीको (मङ्गलदेव शास्त्री १९९९:२६ = २००३:२४३) ।
४) भट्टू शास्त्रीको, बेमितिको (मङ्गलदेव शास्त्री १९९९:२६ = २००३:२४३) ।
५) गङ्गाधर शास्त्रीको, ई.सं. १८७९ जनवरी १५ तारीखको (उही १९९९:२७ = २००३:२४३-२४४ = बलदेव उपाध्याय २०३९:२५९) ।

८. मङ्गलदेव शास्त्री १९९९:१५ = २००३:२३४ ।

९. उही १९९९:२६, २७ = २००३:२४३-२४४ ।

१०. कमल दीक्षित २०६६:८-९ = २०६६ क:१४-१६ ।

११. बलदेव उपाध्याय २०३९:१०४ पृष्ठअगाडिको फोटो ।

१२. मङ्गलदेव शास्त्री १९९९:२६ = २००३:२४३ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मनोरमा, शब्दरत्न, परिभाषेन्दुशेखर आदि पढेको कुरा बुझिन्छ । अघिल्लाले न्यायमा *सिद्धान्तमुक्तावली* र अलंकारमा *कुवलयानन्द* आदि पढेको कुरा छ त पछिल्लाले चाहिँ *लीलावती* आदि केही ज्यौतिषग्रन्थ पढेको कुरा छ ।[१३]

कलाधर रिमालको प्रमाणपत्रको संस्कृत खण्डमा व्याकरणमा *सिद्धान्तकौमुदी* र *परिभाषेन्दुशेखर* आदि (**सिद्धान्तकौमुदीं परिभाषेन्दुशेखरादीन्**) पढेको भनेकोमा त्यसैको अङ्ग्रेजी खण्डमा पछिल्लो ग्रन्थको चर्चै छैन र त्यहाँ **आदि** बुझाउने शब्द पनि परेको छैन । संस्कृत खण्डमा *सिद्धान्तकौमुदीपछि* ***परिभाषेन्दुशेखर*** **आदि** बुझाउने शब्द काकपद दिई माथि थपिनाले र अङ्ग्रेजी खण्डमा त्यो कुरा नपर्नाले त्यस थपुवा कुरामा शङ्का उठाउन नसकिने होइन । ठाकुर ओझाको प्रमाणपत्रको संस्कृत र अङ्ग्रेजी खण्ड एक अर्कोसँग व्यत्यास नखाने छ त कलाधर रिमालको प्रमाणपत्रको संस्कृत र अङ्ग्रेजी खण्डमा परेका कुरा ठ्याक्क मिल्दैनन् भन्ने कुरा ती २ प्रमाणपत्र दाँजेर हेर्दा स्पष्ट देखिन्छन् । त्रिरत्न मानन्धर (२०६६:६)ले भने जस्तै कलाधर रिमालको **सर्टिफिकेटको अङ्ग्रेजी अनुवाद चाहिँ केही हदसम्म अशुद्ध छन्** ।

कलाधर रिमालको प्रमाणपत्रमा प्रिन्सिपल एच. ग्रिफ़िथको सही छ[१४] त ठाकुर ओझाकोमा भने **अफिश्इएट्इङ्** अर्थात् **कायममुकायम** प्रिन्सिपल आर्किबाल्ड ई. गफ़को सही छ । ग्रिफ़िथ ई.सं. १८६१ देखि १८७८ सम्म त्यस पाठशालाका प्रिन्सिपल थिए र गफ़चाहिँ ई.सं. १८६८ देखि याङ्ग्लो-संस्कृतविभागका अध्यक्ष थिए ।[१५] ठाकुर ओझालाई प्रमाणपत्र दिएको समय अर्थात् ई.सं. १८७६ अगस्ट ४ ग्रिफ़िथको पालामै पर्ने भए पनि उनी छुट्टीमा बसेकाले होला, कायममुकायम प्रिन्सिपल भएका गफ़ले प्रमाणपत्रमा सही गरेको ।

ई.सं. १८६७ मा त्यस पाठशालामा भर्ना भएका कलाधर रिमालको प्रमाणपत्रमा मिति नभए पनि यसमा प्रिन्सिपलको हैसियतले ग्रिफ़िथले सही गरेकाले यसको मिति उनको कार्यकालको अन्त्य अर्थात् ई.सं. १८७८ भन्दा पर जान सक्दैन ।

---

१३. ठाकुर ओझाको प्रमाणपत्रमा सही गर्ने ११ जना पण्डितमध्ये एक बाल शास्त्रीले त्यो प्रमाणपत्र दिएको १ वर्षपछि अर्थात् वि.सं. १९३४ भाद्रशुक्लषष्ठी बुधवारको दिन ती ठाकुर ओझालाई अलग्गै दिएको प्रमाणपत्रमा यिनले काव्यमा *रघुवंश, माघ, नैषध* आदि; ज्यौतिषमा प्रश्न, मुहूर्त, जातक आदिसँग सम्बद्ध ग्रन्थ; व्याकरणमा *सिद्धान्तकौमुदी, मनोरमा, शब्दरत्न, परिभाषेन्दुशेखर* आदि व्याख्याग्रन्थ राम्ररी पढेका छन् र बेचल्तीका ग्रन्थमा पनि यिनको ज्यादै बयान गर्न लायकको व्युत्पत्ति छ; यसैले यिनी पढाउने आदि काम राम्ररी गर्न सक्छन् र नपढेका ग्रन्थ पनि यिनी लगाउन सक्छन्; *श्रीमद्भागवत* आदि गाह्रा पुराण भन्न पनि यिनी अनायासले सक्छन् भनी त्यस प्रमाणपत्रमा लेखिएको छ (बलदेव उपाध्याय २०३९:४ सङ्ख्याको चित्र) ।

१४. यिनको पूरा नाउँ **राल्फ थामस हच्किन ग्रिफ़िथ** (वीकिपेडिआ हेर्नू) हो । यस प्रमाणपत्रमा सही गर्दा भने अघिल्ला २ नाउँ छोडी यिनले तेस्रो नाउँको आद्याक्षर र थर लेखेका छन् । यिनको विषयमा लेख्दा कसैले (उदाहरणको लागि प्रपन्नाचार्य २०६४:४२) अघिल्लो नाउँ र थर मात्र पूरै तथा बीचका २ नाउँको आद्याक्षर मात्र— **राल्फ टी. एच्. ग्रिफ़िथ**— र कसैले (उदाहरणको लागि मङ्गलदेव शास्त्री १९९९:२५ = २००३:२४२) थर मात्र पूरै, ३ वटै नाउँको आद्याक्षर— **आर. टी. एच्. ग्रिफ़िथ**— लेखेको मैले देखेको छु ।

१५. उही १९९९:२६ पृष्ठअगाडिको फोटो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मैले देखेका अरू ४ थरी यस्ता प्रमाणपत्रमध्ये सबभन्दा पुरानो अर्थात् वि.सं. १९०१ को, महानन्दकोमा प्रिन्सिपल र अरू सभासद्हरूको सही छोडेर ६ जना पण्डितको[१६] र बेमितिको, भट्टू शास्त्रीकोमा १४ जनाको[१७] सही परेको छोडेर बाँकी ३ वटामा कलाधर रिमालको जस्तै ११ जनाले सही गरेका छन्[१८]।

कलाधर रिमाल र ठाकुर ओझा दुवैका प्रमाणपत्रमा **बाल शास्त्री, बापूदेव शास्त्री** र **देवकृष्ण शर्म्माले** सही गरेका छन्। कलाधर रिमालकोमा सही गर्नेमा **कैलासनाथ शर्म्मा** भएकोमा ठाकुर ओझाकोमा **कैलासचन्द्र शर्म्मा** र अघिल्लोमा **शीतलप्रसाद शर्म्मा** भएकोमा पछिल्लोमा **शीतलाप्रसाद त्रिपाठी** भएकोले २ थरी प्रमाणपत्रमा भएका यी विद्वान्हरू भिन्नाभिन्नै ४ जना नभई २ जना मात्र हुन्, नाममा सामान्य भेद मात्र पर्न गएको जस्तो लाग्छ।

प्रमाणपत्रहरूमा **कैलासचन्द्र शर्म्माको** सही कीर्तिनाथ झाको वि.सं. १९३५ माघकृष्णषष्ठीको,[१९] भट्टू शास्त्रीको बेमितिको,[२०] गङ्गाधर शास्त्रीको ई.सं. १८७९ जनवरी १५ को[२१]मा पनि छ[२२]। बङ्गाली पण्डित यी कैलासचन्द्र शर्मा (वि.सं. १८८७-१९६५) महामहोपाध्याय कैलासचन्द्र शिरोमणि भन्ने नाउँले प्रसिद्ध थिए र वि.सं. १९२५ देखि १९६४ सम्म काशिकराजकीयसंस्कृतपाठशालामा अध्यापक थिए।[२३] यस कारण कलाधर रिमालको प्रमाणपत्रमा **कैलासनाथ शर्मा** हुनु उदेकलाग्दो छ।

यसै गरी कीर्तिनाथ झा र गङ्गाधर शास्त्रीका प्रमाणपत्रमा **शीतलाप्रसाद शर्मा** भएकोमा[२४] कलाधर रिमालको प्रमाणपत्रमा **शीतलप्रसाद शर्म्मा** र भट्टू शास्त्रीको र ठाकुर ओझा[२५]को प्रमाणपत्रमा **शीतलाप्रसाद त्रिपाठी**[२६] छ। **शर्मा**ले ब्राह्मण जति सबैलाई बुझाउने भएकोले कुनैमा **शर्मा** र कुनैमा आफ्नो खास थर **शीतलाप्रसाद**ले लेखेको देखिन्छ।

कलाधर रिमालको प्रमाणपत्रमा सही गर्ने ११ जना पण्डितमध्ये २ जना अर्थात् **शनिप्रसाद**[२७] **शर्म्मा** र **कैलासनाथ शर्म्माले** बङ्गाली लिपिमा सही गरे जस्तै ठाकुर ओझाको प्रमाणपत्रमा सही गर्ने ११ पण्डितमध्ये **कालीप्रसाद शर्म्मा** र **कैलासचन्द्र शर्म्माले** त्यही लिपिमा सही गरेका छन्।

---

१६. उही १९९९:१५ = २००३:२३४।
१७. उही १९९९:२६ = २००३:२४३।
१८. उही १९९९:२६ = २००३:२४३, १९९९:२७ = २००३:२४४, बलदेव उपाध्याय २०३९:१०४ अगाडिको फोटे।
१९. उही १९९९:२६ = २००३:२४३।
२०. उही १९९९:२६ = २००३:२४३।
२१. उही १९९९:२७ = २००३:२४३-२४४।
२२. अन्यत्र **कैलासचन्द्र शर्म्मा** भएकोमा भट्टू शास्त्रीकोमा **कैलाशचन्द्र शर्मा** छ (उही १९९९:२६ = २००३:२४३)।
२३. नारायण शास्त्री खिस्ते १९८५:३७-५६।
बलदेव उपाध्याय २०३९:३०८-३१६।
२४. मङ्गलदेव शास्त्री १९९९:२६=२००३:२४३।
२५. बलदेव उपाध्याय २०३९:१०४ पृष्ठअगाडिको फोटो।
२६. उही १९९९:२६ = २००३:२४३।
२७. उनले गरेको सहीअनुसार **शनि°** नभई **शनी°** छ। सही गर्दा पण्डितले पनि अशुद्धि गरेको अर्को उदाहरण अर्थात् **दुर्गाप्रशाद** लेखेको कमल दीक्षित (२०६६:६-७ = २०६६ क:१३)ले औँल्याएका पनि छन्। ठाकुर ओझाको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४. अब कमल दीक्षितको यस लेखमा परेका गल्तीको पनि यसै प्रसङ्गमा चर्चा गर्नु उपयुक्त होला । लेखको शीर्षकमा भएका २ वटा पदमध्ये एउटा अर्थात् **विद्वद्समाज**मा टिप्पणी गरेरै शुरू गरौँ । कुरा के भने पूर्वपद **विद्वत्** र उत्तरपद **समाज**को समास हुँदा त्यहाँ कुनै परिवर्तन नभई समस्तपद **विद्वत्समाज** बन्छ भन्ने कुरा व्याकरणमा सामान्य गति भएका मानिसले पनि बुझ्ने कुरा हो । कमल दीक्षितको हालीमुहाली भएको, मदनपुरस्कारगूठीको समाचार त्यही गूठीको मुखपत्रमा छाप्दा यही गल्ती भएको कुरा[२८] मैले अघि पनि औँल्याइसकेको हो[२९] । यस्तो खालको समस्तपदमा कमल दीक्षितले गल्ती गर्ने गरेको कुराको नमूना **बाजेले यसलाई भगवद्कृपा** ठाने (कमल दीक्षित २०४५:१७)भनी लेखेकोमा पनि पाइन्छ ।

४.१. अब कमल दीक्षित (२०६६:६ = २०६६ क:१२)ले यस्तो

> **क्वीन्स कलेज भनेको त्यस बेलाको औपचारिक संस्कृत अध्ययनको मुख्य केन्द्र थियो भारतवर्षमा । महारानी भिक्टोरिया भारतको साम्राज्ञी (क्वीन एम्परर) भएपछि सन् १८६० (१९१७ साल) तिर तत्कालिन भाइसरायले बनाएको कलेज हो त्यो । भारत स्वतन्त्र भएपछि त्यो कलेज[३०] वाराणसेय संस्कृत विश्वविद्यालयमा परिणत भयो**

लेखेकोमा केही टिप्पणी गर्नुपर्छ ।

४.१.१. सबभन्दा पहिले **क्वीन्स कलेज**[३१] शब्द नै लिऔँ । **रानीको कलेज** भन्ने अर्थमा यो नाउँ चलेकोले अघिल्लो शब्दमा षष्ठी विभक्तिको एस् राख्नुभन्दा अगाडि अपसट्रफी राख्नुपर्ने हो, जुन कलाधर रिमालको प्रमाणपत्रमा भए पनि कमल दीक्षितले हेक्का नराखेका मात्र हुन् ।

४.१.२. त्यसै गरी महारानी भिक्टोरियालाई कमल दीक्षितले **भारतको साम्राज्ञी (क्विन एम्परर)** भनी लेखेका छन् । स्त्रीलिङ्गी **क्वीन्**पछि आउँदा **एम्पर्अर्**को पनि त्यसै गरी स्त्रीलिङ्गी **एम्प्रिस्** आउनुपर्ने हो । त्यस वेलाका आधिकारिक कागजातमा भिक्टोरियालाई **हर् मोस्ट् ग्रेशस् म्याजइस्टि द क्वीन्-एम्प्रिस् अफ् इन्डिअ**[३२] भनी लेखिन्थ्यो भन्ने कुरा पनि हामीलाई थाहा नभएको होइन ।

४.१.३. प्रमाणपत्रमा प्रिन्सिपलको सहीमा एच. ग्रिफ़िथलाई कमल दीक्षित (२०६६:६ = २०६६ क:१३) **जे. ग्रिफ़िथ** पढ्न पुगेका छन् । ग्रिफ़िथको पूरा नाउँको विषयमा भरखरै माथि लेखिसकेकोले त्यो दोहऱ्याइराख्नु नपर्ला ।[३३]

प्रमाणपत्रमा **वेङ्कटेश शम्म** भएको (बलदेव उपाध्याय २०३९:१०४ पृष्ठअगाडिको फोटो)लाई पनि यसको उदाहरणको रूपमा देखाउन सकिन्छ ।

२८. कार्यालयसचिव २०६१:४ ।

२९. महेशराज पन्त २०६२:१८ ।

३०. कमल दीक्षित २०६६ क:१२ मा प्रूफको गल्तीले वर्णविपर्यय भई कजेल छापिएको छ ।

३१. उही २०६६:६ = २०६६ क:१२ ।

३२. उदाहरणको लागि ई.सं. १८८७ फेब्रुअरी २३ को *क्याल्कटा गज़ेट् पार्ट् आई* एको २३ पृष्ठबाट बलदेव उपाध्याय २०३९:१४२ मा उद्धृत ।

३३. माथि १४ सङ्ख्याको टिप्पणी हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४.१.४. प्रमाणपत्रमा **कैलासनाथ** हुँदा हुँदै कमल दीक्षित (२०६६:७ = २०६६ क:१३) **कैलाशनाथ** लेख्न पुगेकोमा **कैलासको स दन्त्य हुनुपर्नेमा तालव्य श भएकोले पाश्चात्त्यहरूको र तिनका पिछलग्गूहरूको संस्कृतज्ञानको इयत्ता देखिएको छ**[३४] भनी मैले वारंवार लेख्ने गरेको कुरा नै दोहोऱ्याउनु पर्ला ।

४.१.५. कमल दीक्षितले **क्वीन्स कलेज** सन् १८६० (वि.सं. १९१७)तिर भाइसरायले बनाएका हुन् भनी लेखेका छन् । तर त्यसभन्दा ७ वर्ष जतिअगाडि नै भारतमा इस्ट इन्डिअ कम्पनीकै शासन भइरहेको समयमा ई.सं. १८५३ मा त्यस कलेजको लागि घर बनी त्यो नाम राखिसकिएको थियो ।[३५]

५. कमल दीक्षितले दिएको यस प्रमाणपत्रको उतार— खास गरी संस्कृत खण्डको— अशुद्धिबहुल छ । यस कारण त्यस खण्डको उतार दिई उनले कहाँ कहाँ बिगारेका छन्, त्यो टिप्पणीमा खुलाई यो लेख टुङ्ग्याइन्छ -

> **स्वस्ति[३६] श्रीमत्सुन्दरगुणगणालङ्कृत[३७]गवर्मेण्टसंस्थापितवाराणसेय[३८]राजकीयप्रधानपाठशालायां रिमालोपाह्व-रविनाथशर्मणः पुत्त्रः[३९] कलाधरशर्मा नेपालीयः स्वदेशे एव कोशादिकमधीत्याधिकपिपठिषया सप्तषट्युत्तराष्यदशशततमे ख्रीष्टशके प्रविष्टः[४०] काव्ये कतिपयरघु[४१]माघनैषधसर्गान् व्याकरणे सिद्धान्तकौमुदीं परिभाषेन्दुशेखरादीन्[४२] न्याये सिद्धान्तमुक्तावलीमलङ्कारे कुवलयानन्दादीँश्चाध्यैष्ट । अधीतेष्वेषु[४३] ग्रन्थेषु प्रतिवर्षं[४४] दत्तसम्यक्परीक्षो लब्धमासिकश्चेदानीं[४५] समीचीनः[४६] संपन्न इत्येतदर्थ[४७]बोधकमेतत्प्रशंसापत्र[४८]मस्मै सुशीलायाभ्यास[४९]शालिनेऽत्रत्यपण्डितवर्यैः साहिबवर्यैश्च वितीर्णमिति शिवम् ।।[५०]**

---

३४. उदाहरणको लागि महेशराज पन्त २०६६:२८७ मा १६९ सङ्ख्याको टिप्पणी ।

३५. अट्मोर म्याथ्यु शेरिङ [१९२५] २०४६/४७:३३१ ।
भ्निन्सेन्ट अर्थर स्मिथ १९६५/६६:४६९ ।
डायान एल. एक २०४९/५०:९०-९१ ।

३६. कमल दीक्षित २०६६:८ = २०६६ क:१४ - **श्री स्वस्ति** ।

३७. उही = उही - **श्रीमत् सुन्दरगुणगणालङ्कृत°** ।

३८. उही = उही - **वारणसेय°** ।

३९. उही = उही - **पुत्रः** ।

४०. उही = उही - **सप्तषठ्युत्तराष्ठदशशतमेखीष्टशके प्रविष्ठः** ।

४१. उही = उही - **°रधु°** ।

४२. उही = उही - **सिद्धान्त कौमुदीम् परिभाषेन्दशेखरादीन्** ।

४३. उही = २०६६ क:१५ - **कुवलयानन्दादीन्श्चाध्यैष्ट अधीतेषु** ।

४४. उही = उही - **प्रतिवर्ष** ।

४५. उही - **लब्धमासिदानीं**, उही - **लब्धमासिकेदानीं** ।

४६. उही = उही - **समीचिनः** ।

४७. उही = उही - **इत्येनदर्थ°** ।

४८. उही = उही - **°मेतत् प्रशंसापत्र°** ।

४९. उही = उही - **सुशीलाभ्यास°** ।

५०. उही २०६६ - **शिवम्** ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो लेख लेख्दा काम लिइएका कृतिको छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको[५१] वर्णक्रमअनुसारको तालिका

अट्मोर म्याथ्यु शेरिङ [१९२५] २०४६/४७

= ई.सं. १८६८ (वि.सं. १९२५)मा प्रकाशित, अट्मोर म्याथ्यु शेरिङको *बनारस्: द सेक्रिड् सिट्इ अफ् द हिन्डूज् इन् एन्शन्ट् यान्ड् मड्अर्न् टइम्ज्* (बनारस– प्राचीन र आधुनिक समयमा हिन्दूहरूको पवित्र शहर) ई.सं. १९९० (वि.सं. २०४६/२०४७)मा दिल्लीबाट लो प्राइस पब्लिकेशन्ज़द्वारा फेरि प्रकाशित ।

ओ.पी. केजरीवाल २०५२/५३

= ई.सं. १९९६ (वि.सं. २०५२/५३)मा काशीबाट विश्वविद्यालयप्रकाशनद्वारा फेरि प्रकाशित, जेम्ज़ प्रिन्सेपको *बनारस्, इल्अस्ट्रेट्इड् इन् अ सीर्इज् अफ् ड्रइङ्ज्* (आलेख्यहरूमा स्पष्ट पारिएको बनारस)का ७-२८ पृष्ठमा छापिएको, ओ.पी. केजरीवालको *जेम्ज़ प्रिन्सेप्: हिज् लाइफ् यान्ड् वर्क्* (जेम्ज़ प्रिन्सेप – उनको चरित्र र कृति) ।

कमल दीक्षित २०४५

= वि.सं. २०४५ मा भुवनेश्वरी भट्टराई, केशवदेव भट्टराई, तारादेव भट्टराई, नन्ददेव भट्टराई, गुणदेव भट्टराई र उर्मिला गर्गद्वारा प्रकाशित;[५२] अमोददेव भट्टराई र जयदेव भट्टराईद्वारा सम्पादित *वासुदेव भट्टराई: स्मृति-ग्रन्थ*का १४-१८ पृष्ठमा छापिएको; कमल दीक्षितको *कीर्ति-स्तम्भ* ।

कमल दीक्षित २०६६

= वि.सं. २०६६ मा काशीबाट दुर्गा प्रसाद श्रेष्ठद्वारा प्रकाशित *उदय* १३६ पूर्णाङ्कका ५-९ पृष्ठमा छापिएको, कमल दीक्षितको *नेपाली विद्वद्समाज* ✻ ![५३]

कमल दीक्षित २०६६ क

= वि.सं. २०६६ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित, कमल दीक्षितको *खुर्पाको बिँड (राणाकाल: झल्याकझुलुक)* का ११-१५ पृष्ठमा छापिएको, उनैको *नेपाली विद्वद्समाजको* ✻ !

कार्यालयसचिव २०६१

= वि.सं. २०६१ मा ललितपुरबाट मदनपुरस्कारगूठीद्वारा प्रकाशित *नेपाली (त्रैमासिक)* १८१ पूर्णाङ्कका १, ३-४३ पृष्ठमा, छापिएको कार्यालयसचिवको *गुठीको समाचार* ।

जेम्ज़ प्रिन्सेप [१८८९/९०]२०५२/५३

= ई.सं. १८३३ (वि.सं. १८८९/९०)मा कलकत्ताबाट प्रकाशित, जेम्ज़ प्रिन्सेपको *बनारस्, इल्अस्ट्रेट्इड् इन् अ सीर्इज् अफ् ड्रइङ्ज्* ।
ई.सं. १९९६ (वि.सं. २०५२/५३)मा काशीबाट विश्वविद्यालयप्रकाशनद्वारा फेरि प्रकाशित ।

डायान[५४] एल. एक २०४९/५०

= ई.सं. १९९३ (वि.सं. २०४९/५०)मा पेन्गुइन बुक्स इन्डिअद्वारा फेरि प्रकाशित, डायान एल. एकको *बनारस्: सिट्इ अफ् लाइट्* (बनारस– प्रकाशको शहर) ।

त्रिरत्न मानन्धर २०६६

= कमल दीक्षितको *खुर्पाको बिँड (राणाकाल: झल्याकझुलुक)*का ग-ज पृष्ठमा छापिएको, त्रिरत्न मानन्धरको *भूमिका* ।

---

५१. रचयिताको नाउँको वर्णक्रमअनुसारको तालिका भनी माथि लेखिए पनि यसको अपवाद नभएको होइन। कुनै कृतिमा रचयिता वा सम्पादक आदिको नाउँ नदिइएको हकमा कृतिको नाउँ वर्णक्रमअनुसार यस तालिकामा राखिएको छ।

५२. यो पुस्तक कहाँबाट छापिएको हो, त्यो यस पुस्तकबाट खुल्दैन।

५३. यस तालिकामा जहाँ जहाँ यस्तो ✻ चिह्न दिइएको छ, त्यसको अर्थ ती अशुद्ध शब्द जस्ताकोतस्तै सारिएको भन्ने हो।

५४. यस नाउँको उच्चारण हलन्त नगरी अजन्त गर्नुपर्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नयराज पन्त २०२४

= वि.सं. २०२४ मा प्रकाशित *पूर्णिमा* १४ पूर्णाङ्कका १७०-१७७ पृष्ठमा छापिएको, नयराज पन्तको *गल्लीमा पर्याँकिएका कसिङ्गरको दोस्रो भाग* ।

नारायण शास्त्री खिस्ते १९८५

= वि.सं. १९८५ मा काशीबाट गवर्नमेण्ट संस्कृत कालेजद्वारा प्रकाशित, नारायण शास्त्री खिस्तेको *विद्वच्चरितपञ्चकम्* (पाँच जना विद्वान्को चरित) ।

प्रकाश ए. राज २०५३

= वि.सं. २०५३ मा काठमाडौँबाट नवीन पब्लिकेशन्सद्वारा प्रकाशित, प्रकाश ए. राजको *विजयराज पण्डित (१८६२-१९३५) जीवनी* ।

प्रपन्नाचार्य २०४९

= वि.सं. २०४९ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित *प्रज्ञा* ७५ पूर्णाङ्कका ७५-८० पृष्ठमा छापिएको, प्रपन्नाचार्यको *उद्‌भट विद्वान् डमरुवल्लभ पन्त* ।

प्रपन्नाचार्य २०६४

= वि.सं. २०६४ मा काठमाडौँबाट प्रपन्नाचार्यद्वारा प्रकाशित, उनैको *किमन्ताराष्ट्रे संस्कृतस्य महत्त्वं वर्तते* ? (के बाहिर संस्कृतको महत्त्व छ ?) ।

बलदेव उपाध्याय २०३९

= वि.सं २०३९ मा काशीबाट विश्वविद्यालयप्रकाशनद्वारा प्रकाशित, बलदेव उपाध्यायको *काशी की पाण्डित्य-परम्परा* (काशीको पाण्डित्यपरम्परा) ।

भिन्सेन्ट अर्‌थर स्मिथ १९६५/६६

= ई.सं. १९०९ (वि.सं. १९६५/६६)मा एडिन्बर्गबाट टी. यान्ड टी. क्लार्कद्वारा प्रकाशित, जेम्ज़ हेस्टिङ्ज़[५५]द्वारा सम्पादित *इन्साइक्लोपीडिअ अफ् रिलिज़न् यान्ड् एथ्इक्स्* (धर्म र नीतिको ठूलो कोष) २ भागका ४६५-४६९ पृष्ठमा छापिएको भिन्सेन्ट अर्‌थर स्मिथको *बनारस्* ।

भूपहरि पौडेल २०५१

= वि.सं. २०५१ मा काठमाडौँबाट नेपालसाहित्यप्रकाशनकेन्द्रद्वारा प्रकाशित, भूपहरि पौडेलको *नेपालको विद्वत्परम्परा* ।

मङ्गलदेव शास्त्री १९९९

= ई.सं. १९४२ (वि.सं. १९९९)मा काशीबाट काशिक-राजकीय-संस्कृत-महाविद्यालयद्वारा प्रकाशित *सारस्वती सुषमा* १ वर्ष १ अङ्कका ९-३४ पृष्ठमा छापिएको, मङ्गलदेव शास्त्रीको *काशिकराजकीयसंस्कृतमहाविद्यालयः । संक्षिप्तमितिवृत्तम्* (काशिकराजकीयसंस्कृतमहाविद्यालय– छोटकरी इतिवृत्त ।)

मङ्गलदेव शास्त्री २००३

= वि.सं. २००३ मा काशीबाट गौरीनाथ पाठकद्वारा प्रकाशित *सुप्रभातम्* (राम्रो बिहानी) १३ वर्ष ११-१२ संख्याका २३०-२४९ पृष्ठमा छापिएको, मङ्गलदेव शास्त्रीको *काशिक-राजकीय-संस्कृत-महाविद्यालयः संक्षिप्तमितिवृत्तम्* ।[५६]

महेशराज पन्त २०६२

= वि.सं. २०६२ मा प्रकाशित *पूर्णिमा* १२१ पूर्णाङ्कका १५-२८ पृष्ठमा छापिएको, महेशराज पन्तको *कमलप्रकाश मल्लको प्रधानसम्पादकत्वमा निस्केको कोष यसो हेर्दा* ।

महेशराज पन्त २०६६

= वि.सं. २०६६ मा प्रकाशित *पूर्णिमा* १३१ पूर्णाङ्कका २३४-२९४ पृष्ठमा छापिएको, महेशराज पन्तको *ऐतिहासिकपाश डिल्लीरमण रेग्मीबारे फेरि एकपल्ट* ।

मोतीचन्द्र २०४१/४२

= ई.सं. १९८५ (वि.सं. २०४१/४२)मा काशीबाट विश्वविद्यालयप्रकाशनद्वारा प्रकाशित, मोतीचन्द्रको *काशी का इतिहास* (काशीको इतिहास) ।

---

५५. यसमा सहायक जान याल्इग्ज़्यान्डर सेल्बी र अरूहरू ।

५६. यो लेख मङ्गलदेव शास्त्री १९९९ को पुनर्मुद्रण हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२६ वर्षको उमेरमा नयराज पन्तले लेखेका २ कविता*

– नयराज पन्त

१६।६।१९

१. विदेशी सभ्यताका भक्त प्रति

के यो नक्कल चालले प्रिय! सखे! आफ्नै जरो खन्दछौ
आफैले निज मृत्युलाइ किन हो निम्ता त्यसै डाक्तछौ
तिम्रो नै घरमा छ त्यो जति यहाँ खोजी तिमी ल्याउछौ
हो शत्रुत्व थिएन त्यो अब भने साच्चै निकै पाउँछौ ।।१।।
सितैमा निज गेहका मणिहरू फ्याकी तिमी हिड्दछौ
अर्काका घरका त काँचहरूमा पैसा सबै फ्याक्तछौ
तिम्रो यो मनुजत्व हो कि पशुता केही म ता बुझ्दिन
यस्तो उन्नतिमार्गपद्धति कतै संसारमा देख्दिन
त्यो शारीरक योग्यता दिनदिनै घट्तो छ यो रापले
विद्यावैभवमानसादि बल ता अस्ताचलैमा पुगे
पैसाको छ अपार रास दिनहूँ पुग्दो कता हो कता
के यो दुर्गति बुद्धिको प्रिय सखे होला कतै साँध ता ।।३।।
ती अश्लील खराब चित्रहरुको बढ्दो छ जो वेग यो
सारा संपतिको हरे! किन उही हा धर्मपुत्री भयो
खाने वस्तुसमेत हाय किन हो वासी हुने देखियो
यो हाम्रो निज भाग्यको कुटिलता हो वा कुनै दण्ड हो ।।
त्यो आदर्श विवेक रामहरुको हस्सीविषे उड्दछ
सच्चा दर्शन तर्क रीतिहरु ता सुँघ्नै बडो कष्ट छ
प्यालाका रङ्का विचारहरुले वेदान्त संझाउँछ
त्यै आदर्श बनेर फेरि भवमा आनन्दले[१] डट्तछ ।।५।।
सारा सत्त्व हट्यो सबै तरहको दासत्वको बन्धन
यौय तत्त्व[२] भयो उही शिव हरे भो आखिरी साधन

---

* यी कविता रचयिताकै हस्ताक्षरमा छन् ।
१. त उही संसारमाको ठाउँमा भवमा आनन्दले बनाएको ।
२. मूलमा तत्व छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो हाम्रो मनुजत्वको उसविषे आर्यत्वको लक्षण
भो हाहा विकराल कालगतिको कस्तो छ यो वर्तन[३] ।।६।।

२. * १६।७।१४[४]

मैले सबै तत्त्व तत्त्व पढेर इतिहासको
जानको छु बुझेको छु देखेकै छु सबै कुरो ।।
यूरोप हो आर्यदेश हो भारत अनार्य नै
भन्ने नै मुख्य हो सूत्र यसैका भाष्य हुन् सबै ।।
गोठालाका गीत नै हुन् ऋग्वेदहरुका कथा
इण्डोआर्यनको शाखा अलि मूर्ख थियो कि क्या ।।
रक्सी पिएर भै मत्त यद्वा तद्वा गरीकन
बक्ने नै ऋषि भै हिड्थे यै हो तत्त्व सनातन ।।
भाषा संस्कृत जो भन्छन् त्यो भाषा कहिले भयो ?
त्यो ता ब्राह्मणको खालि पाखण्डी धर्म[५]जाल हो ।।
केही संस्कृतमा छैनन् तत्त्ववार्ताहरू कतै
भए हुनन् ठग्न खोज्ने ठगका उक्ति मात्र नै ।।
वेदविद्या मूर्तिपूजा जातपात विचारले
भयो भारतको नाश यै हो चाडै उडाउने ।।
नेपाल देश हो आफ्नै यसैले यसको पनि
बुझेको छु सबै तत्त्व अन्वेषण गरी गरी ।।
तर यौटा छ यो शङ्का जो हुन् जङ्गबहादुर
मामा वा तिनका काका के मातवर पर्दथे ।।

---

३. जीवनको ठाउँमा वर्तन बनाएको ।
४. यस कविताको शीर्षक छैन ।
५. धूर्तको ठाउँमा धर्म बनाएको ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्री ३ जुद्धको एउटा खड्गनिशाना
पर्सिभ़ल ल्यान्डनको गल्ती सच्याउन

[श्री ३ जङ्गका साहिँला भाइ जनरल बद्री नरसिंहका साहिँला छोरा, मेजर जनरल भैरव नरसिंह र उनका भाइहरूलाई पर्सिभ़ल ल्यान्डनको नेपालको इतिहास[1]मा सी क्लासका भनी लेखेको गल्ती हो भन्ने निस्सा पाऔँ भनी भैरव नरसिंहका सन्तानले सरकारमा बिन्तिपत्र हालेपछि पर्सिभ़ल ल्यान्डनको किताबमा त्यस विषयमा भूल भएकै हो भनी वि.सं. २००१ माघ १६ गते श्री ३ जुद्धले जारी गरेको, कम्याण्डर-इन-चीफ र चारै कम्याण्डिङ जर्नेलले सही गरेको खड्गनिशाना यो हो । यस खड्गनिशानाको, धनवज्र वज्राचार्यको हस्ताक्षरमा सारिएको यो नकल संशोधन-मण्डलको सङ्ग्रहमा छ ।

यस खड्गनिशानामा जातको ऊँचनीचको सन्दर्भमा नाउँ आएका जति राजपरिवार र राणाहरूको वंशावली पर्सिभ़ल ल्यान्डनको सो किताब र यही खड्गनिशानाको आधारमा मूल खड्गनिशाना टुङ्गिएपछि यहाँ दिएको छु । विषय स्पष्ट होओस् भनी त्यस वंशावलीमा मूलपुरुष आदिको नाउँ पनि जोडिएको छ ।

– महेशराज पन्त]

श्री ३ जुद्ध

Padma Shumsher

मोहन

श्रीबबर

केसर सम्सेर

तपसिलका मानीसहरुके येथोचित उप्रांत पर्सिभल ल्याण्डनले छाप्पेका नेपालको ईतिहासमा मे.ज. भैरव नर्सि राणाका सहोदर दिदिको छोरा चौतरीया वीरजङ् साहलाई असल जात ए भनी र नीजै भैरव नर्सि राणाका छोरीको छोरा मुख्य चौतरीया चन्द्रविक्रं साहलाई तेसभंदा १ सिटी कम बी. भनी र मुलचाही मे.ज. भैरव नर्सि राणा र वाहाका असल जातका दुई रानीतर्फका संतानलाई भानीज र नातिहरुभन्दा पनी कम तेश्रो क्लास सि भंने लेखि छापियाको रहेछ तेसो छापीया पनी हामीहरुको जातभातको कुरा सर्कारमा जाहेरै रहेको र सि भंने लेखि छाप्पेका मे.ज. भैरव नर्सि राणा सि. भयापछि वाहाका सहोदर दिदिको छोरा चौतरीया वीरजङ् साह ए र छोरीको छोरा मुख्य चौतरीया चन्द्रविक्रं साह बि हुनै नसकने लेखियाका बेहोराबाट छापियाको किताप बेठीक र बेहिसाब भन्ने प्रष्ठ देखि-

१. ई.सं. १९२८ (वि.सं. १९८४/८५)मा लन्डनबाट कन्स्टब्लद्वारा प्रकाशित, पर्सिभ़ल ल्यान्डनको नेपाल् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्रीबहादुर १०. येकै हुनाले हामीहरूको विवाहवरी अैलेसम्म असल रजपुत जातसंगै भैआयाको पनी
११. जाहेरै छ अैलेलाई सबै कुरा सर्कारमा जाहेर रहेको हुनाले वेवहार चलाउनालाई बाधा
१२. नहुने भया पनी पछि थाहा पाउने मानीसहरु सकिंदै गयापछि सो भुल भरी छाप्पेका कि-
१३. तापको कुरा कायेम मानी काम गर्ने हुन गया हामीहरुका सन्तानमा बिहावरी चलाउन
१४. मुस्किल हुन जाने हुनाले भुल गरी किताप छाप्पेको भंने सर्कारबाट निस्सा निगहा गरी
१५. पाउ हामीहरुका मुल पुर्खा जनरल बद्रि नर्सि राणाले श्री ३ महाराज जङ्गबहादुर राणा-
१६. बाट पालि राखनु भनी अह्राई राखिबक्सेका डोला मौसुफ महाराजका हजुरमा जाहेर गरी
१७. आफुले बिहा गरीबक्स्येपछि श्री ३ महाराज के कुरामा हो रीसानी होईबक्सि मैले बिहा ग-
१८. र्छु भनी पालन दियाका डोला बिहा गरेको हुनाले मैले नभनेसम्म भात नचलाऊनु भंन्ये
१९. हुकुं भयाको पछी श्री ३ महाराज स्वर्गे होईबक्सियो भंनेसम्म कुरा सुनीयाको थियो अरु
२०. के के भयाको थियो सबै कुरा थाहा छैन अैलेसम्म भातभांसा बिहावारी असल रजपुत
२१. ठकुरी जातमै भैआयाको छ भंने ईत्यादी तिमीहरुले बिन्ति चढायाको बेहोरा जाहेर भयो
२२. तिमीहरुका मुल पुर्खा जनरल बद्रि नर्सि राणा र हाम्रा बुबाज्यू श्रीकम्याण्डर ईन चिफ ज-
२३. नरल धीरसम्सेर जङ्गबहादुर राणा यकै वदरबाट जन्मेका काजि बाल नर्सि राणाका
२४. छोरा सन्तान भयाको बद्रि नर्सि राणाका छोरा तिमीहरुका बुबा जिज्यूबुबा मे ज भै-
२५. रव नर्सि राणा जनरल बद्रि नर्सि राणाले असल छेतृका कंन्या विवाह गरी ल्यायाका-
२६. तर्फबाट पैदा भयाको भै अंसबंडा हुदा पनी पुरै अंसभाग पायाको बिहावरी पनी अस-
२७. ल रजपुत ठकुरी जातका छोरी बिहावरी गरी ल्यायाकाबाट जन्मेका तिमिहरु भयाको
२८. तिमीहरुले पनी असल रजपुत ठकुरी जातको कंन्या बिहावरी गरी आयाको हुनाले तिमी-
२९. हरु घटि बि. सि. क्लासको हो भन्ने कुरा केही संकै नभयाको र पालन दियाको डोला जन-
३०. रल बद्रि नर्सि राणाले बिहा गरेपछि मैले नभनेसम्म भात नखानु भंने हुकुं बक्सियो भंने
३१. सुनियाको भनी बिंति चढायाका यसबारेका कुरालाई श्री ३ महाराज जङ्गबहादुर राणाबाट
३२. येसलाई विवाह गर्ने भंने ठेगाना नगरी ८।९ वर्षकी डोला १ झीकाई राखिबक्स्येको मुक्ति-
३३. नाथ सवारी हुँदा तिमीकांहां पाली राखनु भनी जनरल बद्रि नर्सि राणाकाहां छोडीबक्सेको
३४. पछी मेरा जाहान छैन मकाहां पालन राखिबक्सेको डोला बक्से हुने थियो भनी बिंति चढा-
३५. उदा छोराहरुलाई झिकायाको हो हुन्छ तिमीलाई भयो भनी हुकुम भयापछि विवाह गरी विवाह
३६. भयाको रुपैया राखन जादां मलाई ल्यायाको डोला विवाह गरेको हुनाले हुकानलि अरु सबै
३७. कुरा सरोबर चलाऊनु भात येक थोक मैले भनेपछि मात्र चलाऊनु भंने हुकुं बक्सेको
पछी चला-
३८. ऊनु भन्न नपाउदै श्री ३ महाराज स्वर्गे होईबक्सीयो भंने कुरा अघिदेखि नै जाहेर भैरहेको कुरा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३९. हो पालन दीयाको डोला कम भन्नालाई बिहा गर्न डोला ल्याई पाली राखनु नपर्ने हुनाले डोला
४०. कम जात भन्न पनी·नहुने मेज भैरव नर्सि राणा कम क्लासको भया श्री ३ महाराज जङ्गबहादुर
४१. राणाका खुद छोरी श्री ५ स्दर्गेवासि श्री ५ मुमा माहीला बडामहाराजीबाट मे ज भैरव-
४२. नर्सि राणाका छोरी मुख्य चौतरीया भूपतेन्द्रविक्रं साहसंग विवाह भयाकातर्फबाट ज-
४३. न्मेको छोरा मुख्य चौतरीया चन्द्रविक्रं साहलाई आफु देहान्त हुदा काजकृया गराउन पनी
४४. पालिबक्सनु नपर्ने पालिसमेत बक्सेको र श्री ५ सर्कारतर्फका भैयाद मुख्य चौतरीया
४५. चन्द्रविक्रं साहका रानी हामी श्री ३ महाराजका छोरी मैया उर्मिला महारानीका भैयाद-
४६. हरुमा भात सरोबरी चली चलाई आयाको श्री ३ महाराज वीरसम्सेर जङ्गबहादुर रा-
४७. णाका बखतमा वाहावाट असल जात हो भंने हुकुं भनी बक्स्येको जुठो पनी पुरा १३ दिन
४८. बारी आयाको पछी पुरा जुठो नबार्नेसम्म गरी आयाको हाम्रा हजुरमा जाहेर रहेको हुनाले
४९. लेखियका परीबन्दले पर्सिवल ल्याण्डनले छाप्येका नेपालको ईत्तिहास कितापमा
५०. मे.ज. भैरव नर्सि राणा सि क्लास र मुख्य चौतरीया चन्द्रविक्रं साह बी क्लास भंने
५१. लेखिछाप्येको भुल र गलतिले छाप्ये भंने तिमिहरुलाई निस्सानिमित खड्गनिशा-
५२. ना गरीबक्स्यौं – – – – – – – – – – – – –

जेठा रानीपट्टिका छोरा

मेक जङ्ग नर्सिह राणाका छोरा युद्ध नर्सिह राणा एक नर्सिह राणा शान्त नर्सिह राणा र आनन्द नर्सिह राणा ज्मा ४ मध्ये शान्त नर्सिह राणाको छोरा कञ्चन नर्सिह राणा रत्न नर्सिह राणा – – – –

मे.क. दिप नर्सिह राणाको छोरा क.प जनक नर्सिह राणा. तेज नर्सि राणाको छोरा विरेन्द्र नर्सिह राणा निजको छोरा श्री नर्सिह राणा लभ नर्सिह राणा दया नर्सिह राणा उदय नर्सि राणा – – – –

राम नर्सिह राणा – – – – – –

ले.क नारायण नर्सिह राणा निजका छोरा शक्ति नर्सिह राणा अशोक नर्सिह राणा गौरव नर्सिह राणा विजय नर्सिह राणा –

माहीला रानीपट्टीका छोरा

ले.क. विर नर्सिह राणाको छोरा मे.क. चन्द्र नर्सिह राणा निजको छोरा श्याम नर्सिह राणा राम नर्सिह राणा – – – –

क. भिम नर्सिह राणाका छोरा मे.क विक्रं नर्सिह राणा मे.क शंकर नर्सिह राणा विक्रं नर्सिह राणाको छोरा विष्णु नर्सिह राणा निजका छोरा विभाष नर्सिह राणा – – – – –

देव नर्सिह राणाका छोरा क.प विजय नर्सिह राणा निजका छोरा प्रचण्ड नर्सिह राणा सुदर्शन नर्सिह राणा चक्र नर्सिह राणा मदन नर्सिह राणा विश्वार्जुन नर्सिह राणा – – – – –

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मे.क कृष्ण नर्सिह राणाका छोरा शाम्भ नर्सिह राणा त्रिपुर नर्सिह राणा. परीक्षीत नर्सिह राणा शाम्भ नर्सिह राणाका छोरा प्रभू नर्सिह राणा अक्कुर नर्सिह राणा भगीरथ नर्सिह राणा जगदिस नर्सिह राणा त्रिपूर नर्सिह राणाको छोरा पृथु नर्सिह राणा केशव नर्सिह राणा अनन्त नर्सिह राणा – – –

ले.क नरहरी नर्सि राणा – – – – –

ईति सम्वत २००१ साल माघ १६ गते रोज २ शुभ्म् – –

शाह



२. पृथ्वीपति शाहका छोराहरू कति जना हुन् र तिनको नाउँ के के हो भन्ने कुरामा ऐकमत्य देखिँदैन । उदाहरणको लागि *गोरखाराजवंशावली*मा उनका १२ जना छोरा भएको कुरा लेखिएको छ (वि.सं. २०५० मा काठमाडौँबाट दिनेशराज पन्तद्वारा प्रकाशित, उनैको *गोरखाको इतिहास* ४ भाग १००८ पृष्ठ हेर्नू) । परसिभ़ल ल्यान्डनले दिएको वंशावलीमा चाहिँ ६ जना छोरा मात्र परेका छन् । हामीलाई चन्द्ररूप शाहका कुनै कुनै सन्तानको मात्र खायस परेकोले उनको र गद्दीका उत्तराधिकारी, उनका दाजुका सन्तानको मात्र नाउँ यहाँ राखिएको हो ।

३. यस वंशावलीमा र तल दिइएको, राणाहरूको वंशावलीमा फरक फन्टमा राखिएका जति नाउँ यही खड्गनिशानाबाट थपिएका हुन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राणा



४. वि.सं. २०५६ मा काठमाडौँबाट पाञ्चायन प्रकाशनद्वारा प्रकाशित *कुँवर राणाजीहरूको बृहत् वंशावली*मा गाभिएको *बंशबृक्ष*① १० मा बद्री नरसिंहको वंशावली छ । तर त्यो वंशावली ठाउँठाउँमा यस खड्गनिशानासँग बाझेको देखिएकोले र पर्सिभ्ल ल्यान्डनको किताब छापिँदासम्मको समयको हकमा यो धेरैजसो त्यसैबाट सारेको देखिएकोले त्यसको खायस यहाँ रखिएको छैन ।

① यस्तै छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका) *का.मे.अ.द.नं. १५५/२४९*

कार्यालय

संशोधन-मण्डल

२७ डल्लुआवासमार्ग
काठमाडौँ
नेपाल

फोन नं. ४६७०३८०
४३०१०२५
४४३५७४९

ई-मेल – samshodhanamandala@yahoo.com

पो.ब.नं. ४१६६, काठमाडौँ

वि.सं. २०६७ भाद्र

यस अङ्कको मूल्य रु. २००।-

मुद्रक

श्री प्रेस

एकान्तकुना, जावलाखेल
ललितपुर
नेपाल

फोन नं. ५५३२८२२

ई-मेल – shreepress@wink.com.np